

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
कान्तिपुर



वर्ष ३४ अंक २३२ काठमाडौं | २२ असोज २०८३ बिहीबार आश्विन कृष्णपक्ष त्रयोदशी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, October 8, 2026 | पृष्ठ १० | २० रुपैयाँ

# वरिष्ठता र 'पिक एन्ड चुज'को चेपुवामा संवैधानिक इजलास

**चौथो वरीयताका मनोजकुमार शर्मालाई प्रधानन्यायाधीश नियुक्ति गरिएदेखि नै सर्वोच्चमा न्यायाधीशबीच सुषुप्त रूपमा विवाद थियो, गत साताको फुलकोर्टमा प्रधानन्यायाधीशमाथि 'न्याय सम्पादनमा बाह्य प्रभाव' को आरोप र बुधबार संवैधानिक इजलास बहिष्कारको घटनाले विवाद सतहमा ल्याएका छन्**

**दुर्गा दुलाल र कृष्ण बहाव** (काठमाडौं)

प्रधानन्यायाधीश मनोजकुमार शर्माले बुधबार आफू, न्यायाधीशहरू सपना प्रधान मल्ल, हरिप्रसाद फुयाल, नहकुल सुवेदी र अब्दुल अजिज मुसलमान रहने गरी संवैधानिक इजलास गठन गरे । गोला प्रक्रियाबाट अरू न्यायाधीशका लागि ११ वटा इजलास गठन भए, सबै न्यायाधीश इजलासमा बस्न गए ।

संवैधानिक इजलासमा तोकिएका न्यायाधीशहरूमध्ये मल्ल, सुवेदी र मुसलमान प्रधानन्यायाधीश शर्माको चेम्बरमा जम्मा भए । केहीबेरपछि फुयाल पनि आइपुगे अनि आफू संवैधानिक इजलासमा बस्न नसक्ने बताए । 'तपाईं (शर्मा) प्रधानन्यायाधीश भएपछि मलाई एक पटक पनि संवैधानिक इजलासमा राख्नुभएन, यसअघि वरिष्ठताका आधारमा संवैधानिक इजलास गठन गर्ने अभ्यास थियो । यसरी पिक एन्ड चुज गर्दा सेटिङजस्तो देखिन्छ,' फुयालको भनाइ उद्धृत गर्दै एक न्यायाधीशले भने ।

ती न्यायाधीशका अनुसार फुयालले संवैधानिक इजलास गठनबारे पूर्ण बैठक (फुलकोर्ट) मा छलफल गरेर एउटा निश्चित आधार तय गर्नुपर्ने धारणा पनि राखे । 'जवाफमा प्रधानन्यायाधीश शर्माले संविधानले आफूलाई संवैधानिक इजलासमा रहने चार न्यायाधीश तोक्ने अधिकार दिएको र त्यसका लागि फुलकोर्टमा छलफल गर्न आवश्यक नरहेको बताउनुभयो,' ती न्यायाधीशले कान्तिपुरलाई भने ।

केहीबेर सवालजवाफ चलेपछि प्रधानन्यायाधीश शर्माले इजलास अधिकृतलाई बोलाए अनि उनलाई 'आज संवैधानिक इजलास बस्न नसक्ने जानकारी गराइदिनू' भने । संवैधानिक इजलासका लागि ३८ मुद्दा थिए । बुधबार यी कुनै पनि मुद्दाको सुनुवाइ भएन । अर्कातिर यस घटनाले संवैधानिक इजलास गठनको पद्धतिसम्बन्धी बहस फेरि सतहमा आएको छ । न्यायिक वृत्तमा प्रधानन्यायाधीशको अधिकार र त्यसको प्रयोगका लागि संस्थागत रूपमा स्वीकार्य विधिबीच देखिएको यस विवादको निकास अब 'फुलकोर्ट' बाट खोजिनुपर्ने आवाज उठेको छ ।

पूर्वन्यायाधीश आनन्दमोहन भट्टराई प्रधानन्यायाधीशलाई संविधानले दिएको अधिकार अस्वीकार गर्न नमिल्ने तर अधिकार प्रयोग गर्ने तरिका पटक-पटक विवादको विषय बन्नु भने समस्याको संकेत रहेको बताउँछन् । 'प्रधानन्यायाधीशलाई संविधानले अधिकार दिएको छ । त्यो अधिकार अस्वीकार गर्ने हो भने संविधानमै रहेको व्यवस्थामाथि प्रश्न उठ्छ । तर अधिकार हुनु र अधिकारको प्रयोग हरेक पटक गलत हुनु एउटै कुरा होइन,' उनले भने, 'संवैधानिक इजलास गठनको व्यवस्था नै त्रुटिपूर्ण छ ।'

संवैधानिक इजलास गठनको विवादको मूल प्रश्न संविधानले प्रधानन्यायाधीशलाई दिएको अधिकार कसरी प्रयोग गर्ने भन्ने हो । संविधानको धारा १३७ ले सर्वोच्च अदालतमा संवैधानिक इजलास रहने व्यवस्था गरेको छ । प्रधानन्यायाधीशको नेतृत्वमा रहने उक्त इजलासमा अन्य चार न्यायाधीश हुन्छन् । ती चार न्यायाधीश प्रधानन्यायाधीशले न्यायपरिषद्ले सिफारिस गरेको 'रोस्टर' बाट तोक्ने व्यवस्था संविधानमा छ । बाँकी पृष्ठ ८



सर्वोच्च अदालतको निर्माणाधीन नयाँ भवन, प्रधानन्यायाधीश मनोजकुमार शर्मा (माथि बायाँ) र न्यायाधीश हरिप्रसाद फुयाल ।

## नेपालका लागि भारतीय राजदूतमा दलेला प्रस्तावित



सुधाकर दलेला

**अनिल गिरी** (काठमाडौं)

भारतले 'करिअर' कूटनीतिज्ञ सुधाकर दलेलालाई नेपालका लागि नयाँ राजदूतमा प्रस्ताव गरेको छ । नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवको कार्यकाल गत साता पूरा भएपछि भारतले दलेलाको नाम प्रस्ताव गरेको हो ।

भारतीय पक्षले मंगलबार मात्रै राजदूतको एग्रिमोका लागि परराष्ट्र मन्त्रालयमा दलेलाको नाम प्रस्ताव गरेको एक अधिकारीले कान्तिपुरलाई बताए । नेपाल-भारत सम्बन्ध तथा दक्षिण एसियाली मामिलामा लामो अनुभव भएका दलेला सन् १९९३ मा भारतीय विदेश सेवामा प्रवेश गरेका थिए । उनले इजरायल, ब्राजिल, अमेरिका, बंगलादेश, जेनेभा र भुटानस्थित भारतीय कूटनीतिक नियोगमा जिम्मेवारी सम्हालेका छन् । सन् २०२२ देखि २०२५ सम्म उनी भुटानका लागि भारतीय राजदूत थिए ।

दलेलाले भारतीय विदेश मन्त्रालयमा नेपाल र भुटान मामिला हेर्ने संयुक्त सचिव (उत्तर) का रूपमा सन् २०१६ देखि २०१९ सम्म काम गरेका थिए । त्यसअघि सन् २००६-०७ मा नर्थ डिभिजनमै निर्देशक तथा सन् २००९-२०११ मा भारतीय प्रधानमन्त्री कार्यालयका निर्देशकका रूपमा कार्यरत थिए । बाँकी पृष्ठ ९

# पूर्वप्रधानन्यायाधीश चोलेन्द्रका भाइ र निकटस्थका घरमा छापा

**प्रहरी हिरासतमा रहेका इनम सापकोटामाथि सम्पत्ति शुद्धीकरणको अनुसन्धान सुरु, बयानमा अनेक नेक्सस खुलेपछि अनुसन्धानको दायरा विस्तार हुँदै**

**गौरव पोखरेल** (काठमाडौं)

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराका भाइ प्रभुशमशेर जबरासहित निकटस्थहरूका घरमा छापा मारेको छ । विभागबाट खटिएको टोलीले बुधबार जबरासहित पूर्वन्यायाधीश नवराज थपलिया, दीपक तिमिल्सिना र नवीनराज बस्नेतको घरमा छापा मारेको हो ।

विभागका एक उच्च अधिकृतका अनुसार, चोलेन्द्रका भाइ प्रभु र नवीनराज बस्नेतमाथि केही महिना अघिदेखि नै सम्पत्ति शुद्धीकरण कसुरमा अनुसन्धान भइरहेको थियो भने पूर्वन्यायाधीश थपलिया र तिमिल्सिनाबारे पछिल्लो पटक अनुसन्धान थालिएको हो । विशेषगरी पूर्वप्रधानन्यायाधीश जबरासँग सम्पर्कमा रहेर न्यायिक मामिलामा हुने चलखेलमा सहभागी भएको आरोपमा पक्राउ परेका बिचौलिया इनम सापकोटामाथि अनुसन्धान थालिएपछि थपलिया र तिमिल्सिना पनि छानबिनको दायरामा आएका हुन् । थपलिया र तिमिल्सिनाको घरमा पुगेको विभाग टोलीले केही विद्युतीय उपकरण हेरेको छ भने केही कागजातसमेत ल्याएको अनुसन्धान अधिकृतहरूको भनाइ छ ।

- **असोज ११**
  बिहान ३ बजे घरबाटै जबरा प्रहरीको नियन्त्रणमा
- **असोज १४**
  नयाँदिल्ली जान लागेका इनम सापकोटा त्रिभुवन विमानस्थलबाट नियन्त्रणमा
- **असोज १९**
  सशस्त्रका एआईजी वंशीराज दाहाल संवेदनशील सुरक्षा सूचना चुहावट (आचरणविपरीत कार्य) आरोपमा निलम्बित
- **असोज २१**
  पूर्वप्रधानन्यायाधीश चोलेन्द्रका भाइ प्रभुलगायत निकटस्थका घरमा सम्पत्ति शुद्धीकरण विभागको छापा

सापकोटामाथिसमेत सम्पत्ति शुद्धीकरण कसुरमा छानबिन थालिएको छ । अमेरिकाको पीआर भएका सापकोटालाई प्रहरीको विशेष ब्युरोले गत बुधबार भारतको नयाँदिल्ली जान लागेका बेला विमानस्थलबाट पक्राउ गरेको थियो । उनलाई एक दिन केरकार गरेर ब्युरोले अर्को दिन जिल्ला प्रहरी परिसर काठमाडौंमा बुझाएको थियो । काठमाडौं प्रहरीले अभद्र व्यवहारको कसुरमा म्याद थप गरेर उनीमाथि सोधपुछ थालेको थियो ।

पूर्वप्रधानन्यायाधीश जबरासँग जोडिएको विषयलाई लिएर पक्राउ गरिए पनि प्रहरीलाई अभद्र व्यवहार गरेको भन्ने व्यहोराको कागज बनाई हिरासतमा राखेपछि सापकोटाकी श्रीमतीले सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दिएकी थिइन् । त्यसपछि गृह मन्त्रालयमा भएको छलफलअनुसार सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमार्फत बेग्लै अनुसन्धान अघि बढाइएको स्रोतको दाबी छ । 'त्यही सिलसिलामा बुधबार छापा मारिएको हो,' स्रोतले कान्तिपुरसँग भन्यो ।

सम्पत्ति शुद्धीकरण गरी भ्रष्टाचार र बैंकिङ कसुर गरेको आरोपमा थुनामा रहेका दीपक भट्टलाई बाहिर निकाल्न गरिएको चलखेलबाट यी सबै प्रकरण खुल्दै गएको अनुसन्धानमा संलग्न अधिकृतहरूको भनाइ छ । बाँकी पृष्ठ ९

# बढ्दो एआईका कारण दक्षिण एसियाको रोजगारीमा प्रभाव

**सजना बराल** (काठमाडौं)

विदेशी कम्पनीले दक्षिण एसियाली देशका कम्पनीलाई काम दिनुको साटो आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मार्फत गराउन थाल्ने प्रवृत्ति (रिसोरिङ) बढेपछि श्रम बजार र रोजगारीमा त्यसको प्रभाव देखिन थालेको छ ।

नेपाल र दक्षिण एसियाका सूचना प्रविधि कम्पनीले अमेरिका वा युरोपेली देशका कम्पनीको काम यहीं बसेर गरिदिन्थे । यसरी विदेशी कम्पनीका लागि कल सेन्टर, ग्राहक सेवा, डेटा इन्ट्री वा सफ्टवेयर विकासजस्ता काम स्वदेशमै बसेर गरिदिनुलाई 'अफ सोरिङ' (सेवा निर्यात) भनिन्छ । विश्व बैंकले मंगलबार सार्वजनिक गरेको 'साउथ एसिया इकोनमिक अपडेट : एडप्टिङ एआई फर ग्रोथ' प्रतिवेदनले एआईका कारण 'रिसोरिङ' प्रवृत्ति बढेको औंल्याएको छ । यसले दक्षिण एसियाका सेवाप्रदायक कम्पनीको नयाँ कर्मचारी भर्नादरमा १० प्रतिशतसम्म गिरावट आएको उल्लेख छ ।



> परम्परागत रोजगारीमा चुनौती थपे पनि नयाँ सीप, रोजगारी र सेवा निर्यातका अवसर बढाउनेछ
>
> — विश्व बैंक

'विदेशी कम्पनीहरूले बीपीओ, डेटा इन्ट्रीजस्ता काम एआईबाट गरे पनि एआई मोडलहरूकै गुणस्तर जाँच, डेटा भ्यालिडेसन र परिमार्जनजस्ता ज्ञानमा आधारित कामका लागि दक्षिण एसियाली आपूर्तिकर्ताहरूसँग नयाँ साझेदारी गरिरहेका छन्,' प्रतिवेदनको पृष्ठ ३४ र ३५ मा भनिएको छ, 'आफैं पनि एआई प्रविधि प्रयोग गर्ने अमेरिकी वा युरोपेली कम्पनी एवं विदेशी ग्राहकका लागि काम गर्ने र आफू पनि एआई टुल चलाउन सक्षम दक्षिण एसियाली कम्पनीहरूबीचको साझेदारी भने बढिरहेको छ ।' यसको अर्थ, सेवा लिने र दिने दुवै एआईमा अभ्यस्त छन् भने उनीहरूबीच व्यावसायिक साझेदारीको सम्भावना देखिने रहेछ । बाँकी पृष्ठ ८



# बजारमा स्याउ प्रतिकिलो २५० रुपैयाँ, किसानलाई ४५ रुपैयाँ मात्रै

**किसानको स्याउ व्यापारी, होलसेल बिक्रेता, खुद्रा बिक्रेता हुँदै उपभोक्तासम्म पुग्छ । किसानले पाउनेभन्दा पाँच गुणा मूल्य उपभोक्ताले तिर्छन् । आखिर कहाँ जान्छ बीचको यति धेरै रकम ?**

**कृष्णप्रसाद गौतम** (सुर्खेत)

हुम्लाको सिमकोटका सूर्यबहादुर रोकायाको बारीमा झन्डै पाँच सय स्याउका बोट छन् । ती बोटबाट उत्पादित स्याउ प्रतिकिलो ४५ रुपैयाँका दरले बिक्री गरिरहेका छन् । तैपनि स्याउ बेचिसक्न समस्या छ । भन्छन्, 'यसपालि चार सय क्विन्टल स्याउ फलेको अनुमान छ, अहिलेसम्म करिब डेढ सय क्विन्टल बेचें । माग नै छैन ।'

कालीकोटको जुविथाका परेकबहादुर शाहीले स्याउ प्रतिकिलो ४५ रुपैयाँमै बेचिरहेका छन् । राम्रो भाउ नपाउँदा खेतीबाट सोचेजस्तो नाफा गर्न नसकिएको उनको गुनासो छ । आफूजस्ता किसानले कम मूल्यमा बेचेको स्याउ नेपालगन्ज, सुर्खेत, काठमाडौंमा महँगो पर्ने गरेको सुनेका उनी भन्छन्, 'फाइदाजति व्यापारी र बिचौलियालाई मात्र भइरहेको छ ।'

हुम्ला होस् वा कालीकोट, कर्णालीमा उत्पादित स्याउ बजारमा प्रायः 'जुम्लाको स्याउ' भनेर बेच्ने गरिएको छ । कर्णालीमा उत्पादित स्याउ अहिले सुर्खेत र नेपालगन्जमा प्रतिकिलो १५० रुपैयाँसम्म र काठमाडौंमा २५० रुपैयाँसम्ममा बिक्री भइरहेको छ । किसानलाई भने प्रतिकेजी ४५ रुपैयाँमा पनि स्याउ बेचिसक्न मुस्किल परिरहेको छ ।

अनुसार जिल्ला दररेट निर्धारण समितिले त्यहाँ 'ए' ग्रेडको स्याउलाई ६०, 'बी' ग्रेडलाई ५० र 'सी' ग्रेडलाई ४० रुपैयाँ प्रतिकिलो मूल्य निर्धारण गरेको छ । तर किसानले प्रतिकिलो ४५ रुपैयाँभन्दा बढी पाउन सकेका छैनन् । 'किसानले कम मूल्यमा पाएको गुनासो आएको छ,' प्रजिअ गुरागाईंले भने, 'मूल्यमा एकरूपता ल्याउन अनुगमन गरिरहेका छौं ।'

जुम्लाको तातोपानी गाउँपालिकाका किसान ज्ञानचन्द्र न्यौपाने राम्रो भाउ नपाउँदा किसान मर्कामा परिरहेको बताउँछन् । उनका अनुसार एक रोपनी क्षेत्रफलमा ५० देखि ८० वटा स्याउका बिरुवा लगाउन सकिन्छ । सबैले एकैपल्ट उत्पादन दिँदैनन् । 'एउटा बोटमा ४० देखि एक सय किलोसम्म उत्पादन हुन्छ, सरदरमा ५० बोटले ५० किलो उत्पादन दिए २५ क्विन्टल उत्पादन हुने भयो,' उनले भने, 'त्यो स्याउ सबै बेच्दा पनि ४५ रुपैयाँका दरले १ लाख १२ हजार हजार हुन्छ । गोडमेल, काँटछाँट, मल, बीउ, श्रमिकको ज्याला सबै जोड्दा कम्तीमा ५० देखि ६० हजार रुपैयाँ खर्च भइसक्छ । हाम्रो वर्षभरिको दुःखको मोल नै उठ्दैन ।' उनका अनुसार स्याउको मूल्य पाँच वर्षयता एउटै छ ।

बारीमा फलेको स्याउ सडकमा पुऱ्याएर बेच्दा किसानले अलि बढी मूल्य पाउँछन् । स्याउ सडकसम्म पुऱ्याउन ढुवानीमा खर्च लाग्छ । प्याकेजिङमा पनि खर्च हुन्छ । त्यसैले सडकसम्मै पुऱ्याउँदा पनि त्यति धेरै फाइदा नहुने किसानहरू बताउँछन् । कालीकोट, चिल्खायाका धनबहादुर शाही बगानमै स्याउ बिक्री नहुने गरेका कारण स्याउ भरियालाई बोकाएर कर्णाली राजमार्गसम्म पुऱ्याएर बेच्ने गरेको बताउँछन् । 'बारीबाट सडकसम्म स्याउ पुऱ्याउँदा प्रतिकिलो १० रुपैयाँसम्म त भरियालाई बुझाउनुपर्छ,' उनले भने, 'स्याउमा लागत उठाउनै गाह्रो परिरहेको छ ।

सिमकोटका सूर्यबहादुर रोकायाले नेपालगन्ज र सुर्खेतका ठूला मन्डी तथा होलसेल व्यापारीमा सिन्डिकेट भएकाले किसान आफैंले लगेर स्याउ बेच्न पनि नसकिने बताए । 'आफैं स्याउ गाडीमा लिएर बजार लैजाँदा बेच्नै सकिँदैन,' उनले भने, 'हामी किसानको बजारमा पहुँच हुँदैन ।' किसानले बिक्री गरेको स्याउ व्यापारी, होलसेल बिक्रेता, खुद्रा बिक्रेता हुँदै उपभोक्तासम्म आइपुग्छ । खुद्रा बिक्रेता पनि स्याउमा खासै नाफा नहुने गरेको बताउँछन् । सुर्खेतका खुद्रा फलफूल बिक्रेता कमल केसीले भन्छन्, 'किसानले बेच्ने र उपभोक्ता किन्ने मूल्यमा झन्डै एक १ सय रुपैयाँ फरक छ । यसमा हामीलाई पनि त्यति फाइदा छैन । सरकारले नै अनुगमनमा कडाइ गरे यत्रो ठूलो अन्तर हुँदैन थियो कि ?'

उपभोक्ता हित संरक्षण मञ्च कर्णाली प्रदेशका अध्यक्ष विन्दुलाल रेग्मी सरकारले स्याउमा न्यूनतम र अधिकतम मूल्य तोक्नुपर्ने बताउँछन् । 'काठमाडौंलगायत ठूला सहरमा झन् किसानले पाउने मूल्य र उपभोक्ताले तिर्ने मूल्यबीच साढे चार गुणा अन्तर देखियो,' उनले भने, 'सरकार मौन हुँदा किसानको उत्पादनमा बिचौलियाले धेरै कमाए ।' जुम्लाका व्यापारी कर्णबहादुर बुढ्थापा भने कर्णाली राजमार्गको दूरवस्था र चर्को ढुवानी भाडाका कारण स्याउ बजारमा महँगो हुने गरेको बताउँछन् । 'एउटा ट्रकमा ५ देखि ७ टन स्याउ बोक्न सकिन्छ, जुम्लादेखि सुर्खेतसम्मको भाडा ७० देखि ८० हजार रुपैयाँ छ । त्यसमा लोड-अनलोड खर्च, प्याकेजिङलगायतको खर्च पनि जोडिन्छ,' उनले भने, 'सडक बन्द भए स्याउ बाटैमा कुहिने जोखिम हुन्छ । हामीले त ठूलो जोखिममा काम गरिरहेका छौं ।'

अर्का व्यापारी सुरेन्द्र खत्री पनि कर्णाली राजमार्गकै कारण उपभोक्तालाई स्याउ महँगो परिरहेको बताउँछन् ।





हुम्लाको अदानचुली गाउँपालिका-५ का किसानले टिपेको स्याउ । **तस्बिर** : कान्तिपुर

'कर्णाली राजमार्गको अवस्था सामान्य भए प्रतिकिलो १५ देखि २० रुपैयाँमा ढुवानी हुन सक्छ । बाटो बन्द हुँदा स्याउ ढुवानी गर्ने व्यापारीले नै गाडी चालक, सहचालकको खाना खर्चलगायतको व्यवस्थापन गर्नुपर्छ,' उनले भने, 'जुम्लाबाट सुर्खेत-नेपालगन्जमा स्याउ पुऱ्याउँदा प्रतिकिलो ३० देखि ४० रुपैयाँसम्म खर्च हुन्छ ।'

खत्रीका अनुसार त्यही स्याउ काठमाडौं पठाउँदा सुर्खेत वा नेपालगन्जमा फेरि ग्रेडिङ र प्याकेजिङ गर्नुपर्छ । 'कर्णाली राजमार्गमै दुई दिन लाग्छ, सुर्खेतबाट काठमाडौं पठाउँदा थप डेढ दिन,' उनले भने, 'एकैपल्ट पठाउँदा कुनै स्याउ पनि सद्दे हुँदैनन्, त्यसैले रिप्याकेजिङमा खर्च हुन्छ ।'

नेपालगन्ज र सुर्खेतबाट काठमाडौंसम्म स्याउ पठाउँदा थप ७० हजार रुपैयाँ प्रतिट्रक ढुवानी भाडा तिर्नुपरेको उनले बताए । स्याउको सडक यात्रा अनिश्चित हुने गरेको उनको भनाइ छ । 'बर्खामा कर्णालीका सडकहरू भरपर्दा छैनन् । काठमाडौं जानै सडक पनि कहिले बाढीपहिरोले अवरुद्ध हुन्छ । लामो समयसम्म स्याउ गाडीमै हुँदा कुहिने, गुणस्तर घट्ने र बजार मूल्य प्रभावित हुने जोखिम रहन्छ,' उनले भने ।

जुम्ला, मुगु, हुम्ला, बाजुरा र कालीकोटका किसान पनि बर्खायाममा कर्णाली राजमार्ग बन्द भइरहेका कारण ढुक्कले स्याउ बजार पठाउन सक्ने अवस्था नभएको बताउँछन् । कर्णाली राजमार्गका दहीखोला, गगनेखोला, एसमोड, पिली, सेरावाडा, सिम्लेलगायत खण्डमा दैनिकजसो पहिरो खस्ने गरेको कर्णाली प्रदेश प्रहरी कार्यालयले जनाएको छ । बर्खा लागेयता कर्णाली राजमार्ग ४३ दिन अवरुद्ध भएको कार्यालयको तथ्यांक छ । 'माथिबाट चट्टानसहितको हिलो र लेदो खसेर सडक अवरुद्ध भइरहने गरेको हो,' कार्यालयका प्रवक्ता एसएसपी सन्तोषसिंह राठौरले भने, 'कमजोर भूगोल भएकाले कालीकोट खण्डमा पहिरो खसेको खस्यै हुन्छ ।'

सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख श्रवणकुमार महताराले एउटा पहिरो पन्छाउन नपाउँदै अर्को ठाउँमा पहिरो खस्ने समस्या रहेको बताए । 'सडक खुलाउन जुम्ला खण्डमा दुई र कर्णाली करिडोरमा दुई वटा डोजर राखिएको छ,' उनले भने, 'अहिले त दैनिकजसो पहिरो हटाउने काम मात्र हुने गरेको छ ।'

जुम्लाका व्यापारी कटक बुढ्थापाले राजमार्ग अवरुद्ध हुँदा नेपालगन्ज पठाउन लागिएका चार स्याउका ट्रक सेरावाडा, भिग्म र हुल्ममा रोकिएको बताए । छायानाथराराका चन्द्रवीर महताराले बाटोमा एक दिन गाडी रोकिए पनि स्याउ कुहिने बताए । 'परम्परागत विधिबाट भण्डारण गर्दा पनि दुई साताभन्दा बढी स्याउ जोगाउन सकिँदैन । सडक सधैं चले त सद्दे स्याउ नै बजार पुग्थ्यो,' उनले भने ।

भेरी करिडोरअन्तर्गत डोल्पा-जाजरकोट सडक खण्ड पनि खुल्दै-बन्द हुँदै गर्दा डोल्पाका किसानले ढुक्कसँग स्याउ बजार पुऱ्याउन सकेका छैनन् । दुई सातायता तासुगाड र बौलाहा खोलामा बाढी आउँदा सवारीसाधन वारपारमा समस्या भएको छ ।

डोल्पाको त्रिपुरासुन्दरीका पूर्ण बुढाले तीन सय क्विन्टलजति स्याउ बजार पठाउन बाँकी रहेको बताए । उनले करिब नौ सय बोट स्याउ लगाएका छन्, पाँच सय बोटले उत्पादन दिइरहेका छन् । करिब दुई सय क्विन्टल स्याउ मात्र बजार पठाउन सकेको उनले सुनाए । 'कोल्डस्टोरेज भए त दुई-तीन महिना स्याउ भण्डारण गर्न सकिन्थ्यो,' उनले भने, 'कोल्डस्टोरेज नहुँदा कुहिने डरले टिप्नेबित्तिकै स्याउ बजार पठाउनुपर्छ ।'

उत्पादनदेखि बजारसम्म बाधा अड्चन आए पनि सिजनमा कर्णालीको स्याउले देशको ठूलो बजार धानिरहेको छ । कर्णालीको स्याउले नेपालको ४७ प्रतिशत बजार धान्ने गरेको प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तथ्यांक छ ।

मन्त्रालयका अनुसार कर्णालीमा ३० हजार ४ सय १९ हेक्टर क्षेत्रफलमा स्याउ खेती भइरहेको छ । गत वर्ष ३१ हजार १ सय २ मेट्रिक टन स्याउ उत्पादन भएको थियो । यो वर्ष पनि त्यही हाराहारीमा उत्पादन हुने अनुमान गरिएको मन्त्रालयका सचिव सञ्जीवकुमार कर्णले बताए । सुर्खेत र नेपालगन्जबाट खाद्य तथा निर्माण सामग्री बोकेर गएका ट्रक अहिले जुम्ला, मुगु र कालीकोटबाट स्याउ भरेर फर्किन्छन् । 'अर्गानिक र स्वादिलो भएकाले अहिले कर्णालीको स्याउ देशैभरि गइरहेको छ,' कर्णले भने, 'यहाँको स्याउले तिहार र छठसम्म सबैतिरको माग धान्छ ।'

कर्णालीमा फुजी, गाला, किरंड र गोल्डेन जातका स्याउ उत्पादन भइरहेका छन् । तर भण्डारणको समस्या, ग्रेडिङको अभाव, सडक असुविधा र प्याकेजिङको समस्याका कारण कर्णालीको स्याउ बजार पुऱ्याउन र राम्रो भाउ पाउन समस्या भएको कर्णले बताए । उनका अनुसार गत वर्ष १ हजार १ सय ८१ मेट्रिक टन स्याउ बाहिर जाँदा ३३ करोड १५ लाख रुपैयाँको कारोबार भएको थियो ।

कर्णालीमा सबैभन्दा धेरै जुम्लामा करिब ४ हजार १ सय हेक्टर क्षेत्रफलमा स्याउ खेती गरिएको छ । यो वर्ष १२ हजार ५ सय मेट्रिक टन स्याउ उत्पादन हुने अनुमान गरिएको जिल्ला कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीले बताए । उनका अनुसार अहिलेसम्म करिब ५० प्रतिशत स्याउ बजार गइसकेको छ । जुम्लालाई साबिक जिल्ला विकास समितिको १४ औं जिल्ला परिषद्ले २०५७ मा 'अर्गानिक जिल्ला' घोषणा गरेको थियो । त्यही वर्ष 'एक घर, एक स्याउ बगैंचा' को अवधारणा पनि अघि सारिएको थियो । जुम्लाका १९ हजार घरमध्ये करिब १६ हजार घरधुरीले स्याउ खेती गरिरहेको जिल्ला कृषि विकास कार्यालयको तथ्यांक छ ।

रासायनिक मल, विषादी र अन्य रसायन प्रयोग नभएकाले कर्णालीको स्याउ अर्गानिक रहेको अधिकारीको भनाइ छ । गुणस्तरीय उत्पादनसँगै ग्रेडिङ, लेबलिङ तथा प्याकेजिङमा ध्यान दिन सके अन्तर्राष्ट्रिय बजारमा पनि पुऱ्याउन सकिने उनी बताउँछन् । कर्णालीमा अहिले एउटा पनि कोल्ड स्टोरेज छैन । बजेट अभावमा कोल्ड स्टोरेज निर्माण गर्न समस्या भएको सचिव कर्णले बताए । त्यसैले फलफूल र तरकारी भण्डारण गर्न नेपालगन्ज पठाउनुपर्ने बाध्यता रहेको उनले बताए ।

मन्त्रालयका सचिव कर्णले जिल्ला कृषि विकास कार्यालयमार्फत स्याउ खेतीमा किसानलाई सहयोग भइरहेको जानकारी दिए । 'मलखाद व्यवस्थापन, गोडमेल र काँटछाँट गर्दा किसानको बारीमै प्राविधिक खटाउने गरेका छौं । किसानलाई बिरुवा खरिद, विभिन्न जैविक विषादी, कार्टुनलगायतमा अनुदान दिने गरिएको छ,' उनले भने, 'किसानलाई तालिम र विभिन्न उपकरण खरिदमा पनि सहयोग गरिएको छ ।'

उत्पादन बढ्दै गए पनि किसानले भोगिरहेको बजार र भण्डारणको समस्या समाधान गर्ने संरचना भने अझै बनेको छैन । कर्णाली प्रदेश सरकारले गत आर्थिक वर्ष स्याउको खेती, उत्पादन र बजारीकरणका लागि 'स्याउ बोर्ड' गठन गर्ने योजना अघि सारेको थियो । त्यसका लागि १४ करोड रुपैयाँसमेत विनियोजन गरिएको थियो । तर बोर्ड गठन भएको छैन । 'सरकारले योजना त ल्याउँछ तर कार्यान्वयनमा सधैं बेवास्ता गरिन्छ,' कृषि विज्ञ घनश्याम रिजालले भने ।

**४५ रुपैयाँका दरले स्याउ बेच्दा गोडमेल, काँटछाँट, मल, बीउ, श्रमिकको ज्याला र हाम्रो वर्षभरिको दुःखको मोल नै उठ्दैन**

**ज्ञानचन्द्र न्यौपाने**, तातोपानी, जुम्ला

कर्णालीका हिमाली जिल्लामा अहिले स्याउको सिजन चलिरहेको छ । तर जब बारीमा स्याउ पाक्छ, त्यही बेला बजारको ढोका साँघुरिने गरेको किसानको गुनासो छ । जुम्लाको तातोपानी गाउँपालिकाका किसान श्यामकुमार न्यौपानेका अनुसार भदौ पहिलो सातातिर स्याउको अत्यधिक माग हुन्छ तर त्यति बेला स्याउ पाकेको हुँदैन । 'अहिले बारीमा स्याउ पाकेको छ तर व्यापारी आउन छाडेका छन् । हामीले आफैं बजार पठाउन सकिरहेका छैनौं,' उनले भने ।

जिल्ला कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारी स्याउमा किसानलाई कम दाम दिएर व्यापारीले धेरै नाफा कमाइरहेको बताउँछन् । 'किसानलाई ४५ रुपैयाँ दिँदा पनि कार्टुन र प्याकेजिङमा प्रतिकिलो १० रुपैयाँ, ढुवानी भाडामा १५ देखि २० रुपैयाँ र व्यापारीको नाफा ३० देखि ४० रुपैयाँ जोड्दा सुर्खेत र नेपालगन्जमा बढीमा एक सय रुपैयाँ किलोमा स्याउ पाइनुपर्ने हो तर त्यस्तो छैन,' अधिकारीले भने ।

स्याउका ठूला फार्ममा फल्नुअघि नै व्यापारीले ठेक्कामा लिँदा भने किसानले तुलनात्मक रूपमा राम्रो मूल्य पाउँछन् । तर सानो परिमाणमा खेती गर्ने किसानले स्याउ पाकेपछि मात्र व्यापारीलाई बेच्न खोज्दा राम्रो भाउ पाउँदैनन् । 'सबैतिर एकैसाथ स्याउ पाकेको हुन्छ, त्यसैले बारीमा आएका व्यापारीले जति भन्छन्, त्यतिमै स्याउ बेच्नुपर्ने बाध्यता किसानको छ,' जिल्ला कृषि विकास कार्यालय जुम्लाका प्रमुख अधिकारी भने, 'कतिपय किसान त उधारोमै स्याउ बेच्न बाध्य छन् ।'

हुम्लाका प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईंका


## वर्गीकृत विज्ञापन

**सम्पर्क**

सस्तोमा CASHDEPOSIT, धितोफुकुवा, बैंकलोन 9851154609

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

सस्तोमा CASHDEPOSIT, धितोफुकुवा, बैंकलोन 9851357968

बैंक सहकारीमा धितोफुकुवा, CASHDEPOSIT, 9851057609

**निर्माण सफाई**

सस्तोमा ढल मंगाल जामखोल्ने 9841050858

सस्तोमा ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344

धाराबत्ति, ट्वाईलेट, किचनकोकाम सस्तोमा ९७४३८५२६९३

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

**चाहियो**

मासुपसलको लागि हेल्पर आवश्यक खानबस्नको व्यवस्था ९८४००५७४२६

ड्राइभर चाहियो काठमाडौंको लागि 9808632257

घर पसलकोलागि महिला कामदार चाहियो ९८४१६१५२९८

सेक्युरिटी गार्ड तु.अर्जेन्ट १९,०००-२३,०००।- ९८२३००५३८४

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८४३५६६२११ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१९२०१४, ५१९२०१० Ext. १०१४ Email: mktclassified@kmg.com.np

* मू.अ.क. बाहेक


RATHICOL
टाँस्छ... मज्जाले टाँस्छ
BUBBLE फ्रि
मजबुती
RATHICOL
ANTI-BUBBLE
HIGH PERFORMANCE ADHESIVE
NO BUBBLE FORMATION
WATER PROOF
टाँस्छ... मज्जाले टाँस्छ
35 YEARS OF BONDING
नेपालकै नं. 1
ADHESIVE BRAND
Contact Us:
Toll Free: 9801571008
customercare@rathicol.com

सम्पादकीय

# अनुसन्धानका नाममा मोबाइलमाथि मनोमानी पहुँच रोक

प्रहरीले जोकसैलाई नियन्त्रणमा लिनु र उसको मोबाइल खोस्नु अब सामान्य भइसकेको छ । आरोपको प्रकृति जेसुकै होस्, प्रहरीको पहिलो ध्यान मोबाइल खोस्नेतर्फ हुन थालेको छ । कतिसम्म भने, ११ असोजमा पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई सुरक्षा चुनौती रहेको भन्दै उपत्यका अपराध अनुसन्धान कार्यालय टेकु लगियो । उनको मोबाइलसमेत खोसियो । जबरा असुरक्षित थिए कि थिएनन्, त्यसबारे विस्तृत विवरणको पटाक्षेप भइसकेको छैन, तर मध्यरातमा निवासबाट अपराध अनुसन्धान कार्यालय पुऱ्याइँदा र मोबाइल खोसिँदा सरकारले उनमा त्रास बढाएको विषय भने सहजै आकलन गर्न सकिन्छ । यो चर्चित घटनाले मोबाइल खोस्ने काममा प्रहरीको असंगतिपूर्ण व्यवहारलाई उजागर गर्छ । त्यसैले प्रहरीको यस किसिमको कामलाई संगतिपूर्ण बनाउन सार्वजनिक औचित्य स्थापित हुने र संवैधानिक/कानुनी प्रावधान पालना हुने, अदालतको अनिवार्य सहमति चाहिने स्थितिलाई बलियो बनाउन आवश्यक छ ।

कैयौं अपराधको जालो पहिल्याउन प्रहरीले प्रयत्न गरिरहेको हुन्छ । त्यसका लागि प्रमाण र नयाँ सूचना प्राप्त हुन सक्ने सबै किसिमका स्रोतमाथि पहुँच प्राप्त गर्दा सहज हुन सक्छ । व्यक्तिका मोबाइलमा सम्पर्क व्यक्तिका सूची, सम्पर्कका प्रकार, तस्बिर/भिडियो, बैंकिङ अभिलेख, लोकेसन, सर्च हिस्ट्री जस्ता कैयौं विवरण सहजै थाहा पाउन सकिन्छ । त्यसैले अपराध अनुसन्धानमा मोबाइललाई महत्त्वपूर्ण स्रोतका रूपमा लिइन्छ । यद्यपि, कस्ता प्रकृतिका आरोपितका मोबाइल सूचनाका आधार बन्न सक्छन् भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ । भ्रष्टाचारका आरोपितको 'नेक्सस' र विस्तृत विवरण पत्ता लगाउन, कुनै घटनामा एक जना पक्राउ परिसकेको छ र फरार अरू व्यक्तिबारे थाहा पाउन, डिजिटल अपराधका घटनामा अनुसन्धान गर्न आरोपितको मोबाइलको विवरण सहयोगी हुन सक्छ । त्यसैले पनि व्यक्तिलाई नियन्त्रणमा लिनेबित्तिकै उसको मोबाइल पनि खोस्ने गरिएको पाइन्छ । पक्राउ परेका व्यक्तिले प्रमाण नष्ट गर्न, कसैलाई सूचना चुहाउन वा अनुसन्धान प्रभावित नपारोस् भन्ने अभिप्राय पनि हुन्छ ।

नेपालमा प्रहरीद्वारा पक्राउ गरिने वा नियन्त्रणमा लिइने विषय नै सन्देहको घेरामा छ । प्रहरीले पक्राउ पुर्जीसमेत नदिई पक्राउ गर्ने वा नियन्त्रणमा लिने विषय अस्वाभाविक रूपमा सामान्य बनेको पाइन्छ । अर्कोतर्फ, उनीहरूको मोबाइल खोस्ने कामप्रति पनि जवाफदेही हुने गरेका छैनन् । नियन्त्रणमा लिइएका वा पक्राउ गरिएका जोकसैका मोबाइल खोस्दै गर्दा त्यसको सार्वजनिक औचित्य पुष्टि गर्ने पारदर्शी प्रयत्न गरिएको पाइँदैन । जुन आरोपमा व्यक्तिलाई पक्राउ गरिएको हो, त्यसले मोबाइललाई पनि नियन्त्रणमा लिनुपर्ने बाध्यता नपर्न सक्छ । जस्तो कि, किशोर श्रेष्ठलाई पक्राउ गर्दा प्रकाशित भइसकेको समाचारका सन्दर्भबाट बाहिर गएर प्रहरीले उनका निजी मोबाइल, ल्यापटप, कम्प्युटर लगायतका सामग्रीमा रुचि राखेको थियो । विवादास्पद अभिव्यक्ति दिएपछि पक्राउ परेका दुर्गा प्रसाईंको हकमा पनि त्यही भएको पाइन्छ । यसले एउटा बहाना बनाएर पक्राउ गर्ने र मोबाइलमार्फत व्यक्तिगत-पेसागत सन्दर्भका बृहत् सूचना संकलन गर्ने प्रवृत्तिलाई उजागर गर्छ । यस्तो शैली असंगतिपूर्ण छ, आपत्तिजनक पनि छ ।

जथाभावी मोबाइल नियन्त्रणमा लिने प्रवृत्ति अस्वाभाविक छ नै, नियन्त्रणमा लिइएका मोबाइलबाट सम्बन्धित व्यक्तिका के-कति विवरण लिइयो भनेर प्रहरीले सार्वजनिक गर्ने गरेको छैन । गम्भीर नै कसुर भए पनि र मोबाइलबाट सूचना लिने विषय प्रक्रियासम्मत र औचित्यपूर्ण भए पनि सम्बन्धितभन्दा बाहेक अन्य सूचनामा पहुँच हुनु उचित हुँदैन । पारिवारिक, नातागत, पेसागत वा अन्य व्यक्तिगत विषय, जुन कसुरसँग सम्बन्धित नहुन सक्छन्, त्यस्ता सूचना संकलन गर्नु उचित हुँदैन । संविधानको धारा २८ ले व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुने भनिएको छ । वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ ले विद्युतीय माध्यमबाट प्रवाह हुने संवाद वा त्यस्तै प्रकृतिको पत्राचार अनधिकृत रूपमा पढ्न, हेर्न, अरूलाई उपलब्ध गराउन, प्रकाशन वा प्रसारण गर्न तथा सार्वजनिक गर्न रोक लगाएको छ । त्यसैले मोबाइलमा रहेका विवरणमा अरूको पहुँच गोपनीयताको दृष्टिले पनि अनुचित छ ।

मोबाइलबाट विवरण प्राप्त गर्दा अनुसन्धानमा सहयोग पुग्ने वा प्रमाणसँग सम्बन्धित हुने किसिमका मोबाइल नियन्त्रणमा लिनुलाई औचित्यपूर्ण मान्न सकिन्छ । तर, मोबाइलमा पहुँच प्राप्त गर्ने र त्यहाँका विवरण लिने वा कतिसम्म लिने भन्ने विषयलाई अदालतको अनिवार्य अनुमति हुनुपर्छ । मुद्दासँग मोबाइल नै जोडिँदैन भने नियन्त्रणमा लिनु हुँदैन । जस्तो कि, अभद्र व्यवहार गरेका आरोपमा पक्राउ परेका व्यक्तिको मोबाइल नियन्त्रणमा लिनुको औचित्य रहँदैन । त्यसमा पनि नियन्त्रणमा लिइएका मोबाइलबाट अदालतको अनुमतिबिना नै फोटो भिडियो हेर्ने, म्यासेज पढ्ने, सर्च हिस्ट्री हेर्ने, सामाजिक सञ्जालका विवरण निकाल्ने वा डिलिट गरिएका विवरणलाई रिट्राइभ गर्नु त झनै संवेदनशील पक्ष हो । यसमा गम्भीर हुनुपर्छ । व्यक्तिगत गोपनीयताको विषयलाई प्रहरीले सम्मान गर्नुपर्छ । अहिले विद्यमान कानुनमा अलमल छ भने व्यक्तिगत गोपनीयताको सुरक्षा र अपराध अनुसन्धानलाई सहज बनाउने विषयका बीचमा कानुनमै प्रस्ट्याउन सकिन्छ, व्यावहारिक समाधान निकाल्न सकिन्छ । तर, अहिलेको मनोमानी भने रोकिनैपर्छ ।

# कांग्रेसबाट खोजिएको आर्थिक दर्शन



भोजराज पौडेल

(पौडेल विकास अर्थशास्त्री हुन्)

मुलुकलाई आर्थिक उदारीकरणको बाटोमा हिँडाएको कांग्रेस आज आएर खुलामञ्चमा उभिएको छ । अब यहाँबाट ऊ स्वयं कुन दिशामा हिँड्नेछ र मुलुक निर्माणमा कस्तो भूमिका खेल्नेछ भन्ने विषय पार्टीको जारी १५औं महाधिवेशनले तय गर्नेछ । तर पहिलो जननिर्वाचित सरकारको प्रधानमन्त्री, नेपालको पहिलो राष्ट्रिय बजेट प्रस्तुत गर्ने अर्थमन्त्री र आर्थिक उदारीकरणको नेतृत्व लिएको पार्टीको आर्थिक सिद्धान्त के हो भन्नेमा धेरै छलफल हुन सकेको छैन । कठिन समयमा सही प्रश्न सोध्ने र समाजलाई त्यसको उत्तर दिएर नेतृत्व गर्ने चाह भएको पार्टीले यतिबेलाको सबैभन्दा ठूलो चुनौती पुँजी निर्माणलाई कसरी लिन्छ र रोजगारी सिर्जनामा उसको दर्शन के हो भन्ने विषयले कांग्रेसको आगामी दिनको बाटो निर्धारण गर्नेछ ।

कांग्रेसको इतिहास केवल शासन परिवर्तनको मात्रै होइन । यो लोकतान्त्रिक अधिकार, खुला समाज र आर्थिक अवसरको खोजीको इतिहास पनि हो । राणा शासनविरुद्धको आन्दोलनदेखि पञ्चायतविरुद्धको संघर्ष, बहुदलीय लोकतन्त्रको पुनःस्थापना, मुलुकमा गणतन्त्रको नयाँ बिहानी र संविधान लेखनसम्म कांग्रेसले राजनीतिक स्वतन्त्रता र समावेशितालाई आफ्नो मूल ध्येय बनायो । तर राजनीतिक स्वतन्त्रता र समावेशिता मात्र पर्याप्त हुँदैनन् । नागरिकलाई सम्मानजनक जीवन जिउनका लागि रोजगारी, शिक्षा, स्वास्थ्य, उद्यम गर्ने अवसर र सामाजिक सुरक्षाको आधार चाहिन्छ । यी आधार नहुँदासम्म लोकतन्त्रको अर्थ पूर्ण हुँदैन । यही कारणले कांग्रेसको राजनीतिक दर्शनसँग आर्थिक दर्शनको सम्बन्ध सधैं गहिरो रहनुपर्छ ।

नेपालको आर्थिक इतिहासमा सुवर्णशमशेर राणाको नाम महत्त्वपूर्ण रूपमा आउँछ । उनले नेपालको पहिलो राष्ट्रिय बजेट प्रस्तुत गर्दै सार्वजनिक वित्त व्यवस्थापनलाई संस्थागत आधार दिने काम गरे । राज्यको आय-व्ययलाई सार्वजनिक बहसको विषय बनाउने सुरुआत आफैंमा लोकतान्त्रिक अर्थ राजनीतिको अभ्यास थियो । त्यसपछि बीपी कोइरालाको नेतृत्वमा बनेको पहिलो जननिर्वाचित सरकारले लोकतन्त्र, भूमि सुधार, सामाजिक न्याय र विकासलाई एकअर्कासँग जोडेर हेर्ने दृष्टि अगाडि सार्‍यो । बीपीका लागि लोकतन्त्र केवल निर्वाचन प्रणाली थिएन । गरिबी, असमानता र सामन्ती संरचनाबाट मुक्त नागरिक र समाज निर्माण गर्ने माध्यम पनि थियो ।

२०४६ को जनआन्दोलनपछि बहुदलीय लोकतन्त्र पुनःस्थापित हुँदा मुलुकले गम्भीर आर्थिक चुनौती झेलिरहेको थियो । अर्थतन्त्रमा राज्यको अत्यधिक नियन्त्रण, कमजोर उत्पादन क्षमता, सीमित निजी लगानी, प्रक्रियागत जटिलता, सार्वजनिक संस्थानको भार, विदेशी मुद्राको दबाब र न्यून अन्तर्राष्ट्रिय प्रतिस्पर्धालगायतका समस्या थिए । नयाँ राजनीतिक व्यवस्थासँगै नयाँ आर्थिक सोच आवश्यक थियो । त्यसबेला कांग्रेस नेतृत्वको सरकारले राज्य नियन्त्रित तथा बन्द अर्थतन्त्रबाट खुला, बजारमुखी र निजी क्षेत्रको सहभागिता बढाउने अर्थतन्त्रतर्फ देशलाई मोड्ने निर्णय गर्‍यो ।

यस परिवर्तनका प्रमुख वैचारिक र नीतिगत सूत्रधारमध्ये डा. रामशरण महत अग्रपंक्तिमा थिए । राष्ट्रिय योजना आयोगमा रहँदा र पछि अर्थमन्त्रीका रूपमा उनले नेपाललाई आर्थिक उदारीकरणको बाटोमा लैजान महत्त्वपूर्ण भूमिका खेले । उनको मूल तर्क थियो– राज्यले सबै उद्योग आफैं चलाउने होइन, बरु निजी क्षेत्र, सहकारी, समुदाय र विदेशी लगानीकर्ताले काम गर्न सक्ने अनुकूल वातावरण बनाउने हो । राज्यको भूमिका नियमनकर्ता, पूर्वाधार निर्माता, सामाजिक सुरक्षाको प्रत्याभूतिकर्ता र अवसरको समान पहुँच सुनिश्चित गर्ने संस्थाका रूपमा हुनुपर्छ ।

आठौं पञ्चवर्षीय योजना यस परिवर्तनको महत्त्वपूर्ण दस्तावेज बन्यो । यस योजनाले विकासको केन्द्रमा निजी क्षेत्रलाई राख्दै गरिबी न्यूनीकरण, बजार विस्तार, प्रतिस्पर्धा र लगानीमैत्री वातावरणको अवधारणा अघि बढायो । यसअघिको विकास मोडेलमा सरकार नै उत्पादनकर्ता, व्यापारी र सेवा प्रदायकका रूपमा व्यापक रूपमा संलग्न थियो । तर यस्तो संरचनाले धेरै ठाउँमा अक्षमता, राजनीतिक हस्तक्षेप, भ्रष्टाचार र वित्तीय भार बढाएको थियो । आठौं योजनाले राज्यलाई उद्योग चलाउने प्रमुख निकायबाट विकासको सहजकर्ता बन्ने दिशामा लैजान खोज्यो ।

यसै अवधिमा औद्योगिक नीति, विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी कानुन, व्यापार तथा कर नीतिमा व्यापक सुधारका प्रयास भए । औद्योगिक अनुमति र लाइसेन्स प्रक्रियालाई सरल बनाउने, निजी क्षेत्रका लागि ढोका खोल्ने र विदेशी लगानीलाई आकर्षित गर्ने वातावरण बनाउने काम गरियो । निजी पुँजीले उद्योग, व्यापार र सेवाका क्षेत्रमा प्रवेश गर्ने अवसर पायो । यसले आर्थिक गतिविधिको दायरा विस्तार गर्‍यो र राज्यबाहेकका आर्थिक पात्रहरूको भूमिका बढायो ।

बैंकिङ तथा वित्तीय क्षेत्रमा उदारीकरणको प्रभाव विशेष रूपमा देखियो । निजी तथा संयुक्त लगानीका बैंकहरूको स्थापना र विस्तारले वित्तीय सेवाको पहुँच बढायो । पहिले सीमित सरकारी संस्थामार्फत उपलब्ध हुने बैंकिङ सेवा क्रमशः प्रतिस्पर्धी र आधुनिक बन्न थाल्यो । बचत परिचालन, कर्जा प्रवाह, व्यापारिक वित्त, विप्रेषण सेवा र डिजिटल भुक्तानी प्रणालीका लागि पनि यही परिवर्तनले आधार तयार गर्‍यो । यद्यपि, वित्तीय क्षेत्रको तीव्र विस्तारसँगै नियमन, जोखिम व्यवस्थापन र वित्तीय अनुशासनको चुनौती पनि बढ्यो । उदारीकरणको अर्थ नियमन नै नहुनु भन्ने होइन भन्ने पाठ मुलुकको आर्थिक इतिहासको यही अध्यायबाट सिक्नुपर्छ ।

निजी क्षेत्रको प्रवेशले हवाई सेवा, पर्यटन, सञ्चार, शिक्षा, स्वास्थ्य र यातायातजस्ता क्षेत्रमा पनि नयाँ सम्भावनाहरू खोल्यो । आन्तरिक हवाई सेवामा निजी कम्पनीहरूको आगमनले कनेक्टिभिटी विस्तार गर्‍यो । दूरसञ्चार क्षेत्रमा प्रतिस्पर्धा बढ्दै जाँदा सूचना तथा सञ्चारमा नागरिकको पहुँच सहज भयो । निजी विद्यालय, कलेज, अस्पताल र स्वास्थ्य संस्थाहरूको विस्तारले सेवा उपलब्धताको दायरा बढायो । तर यससँगै अर्को प्रश्न पनि उभियो– सेवा विस्तार हुनु र सबै नागरिकको पहुँचमा हुनु एउटै कुरा होइन । निजीकरणले अवसर त सिर्जना गर्छ, तर राज्यले गुणस्तर, शुल्क, पहुँच र सामाजिक न्यायमा निगरानी नगरे त्यसको लाभ सीमित वर्गमा मात्र केन्द्रित हुन सक्छ ।

कर प्रणालीमा सुधार पनि उदारीकरणकालको महत्त्वपूर्ण उपलब्धि थियो । मूल्य अभिवृद्धि कर अर्थात् भ्याटको कार्यान्वयनले आन्तरिक राजस्व प्रणालीलाई व्यवस्थित र व्यापक बनाउने आधार दियो । कर प्रशासन आधुनिक बनाउने, करको दायरा विस्तार गर्ने र राजस्वलाई विकास खर्चसँग जोड्ने प्रयास भए । आज पनि नेपालको राज्य सञ्चालन ठूलो हदसम्म आन्तरिक राजस्वमा निर्भर छ । त्यसैले कर सुधारलाई केवल प्रशासनिक परिवर्तनका रूपमा होइन, राज्यको क्षमता निर्माणको अभियानका रूपमा बुझ्नुपर्छ ।

व्यापार नीतिमा पनि ठूलो परिवर्तन आयो । आयात प्रतिस्थापनको सीमित सोचबाट बाह्यमुखी व्यापार र प्रतिस्पर्धाको दिशामा अर्थतन्त्रलाई मोड्ने प्रयास गरियो । परिमाणात्मक प्रतिबन्ध, उच्च भन्सार दर र जटिल व्यापार अनुमति प्रणालीलाई क्रमशः खुकुलो बनाइयो । नेपाल विश्व अर्थतन्त्रसँग जोडिन खोज्यो । पछि विश्व व्यापार संगठनमा सदस्यता लिने वातावरण पनि यही खुलापनको नीतिबाट बनेको हो । खुला व्यापारले उपभोक्तालाई वस्तु तथा सेवाको बढी विकल्प दियो, व्यवसायलाई प्रविधि र बजारसँग जोड्यो, तर घरेलु उत्पादनको प्रतिस्पर्धात्मक क्षमता कमजोर हुँदा आयात निर्भरता पनि बढ्दै गयो ।

उदारीकरणको यो यात्रा आलोचनारहित भने छैन । सार्वजनिक संस्थानको निजीकरण, बजार खुलापन र नियमनको खुकुलोपनले सबै क्षेत्रमा अपेक्षित परिणाम दिएन । कतिपय उद्योग बन्द भए, रोजगारीको अभाव हुन थाल्यो र उत्पादनशील क्षेत्रभन्दा व्यापार तथा आयातमुखी गतिविधि बढ्यो । आर्थिक वृद्धि भए पनि त्यसको लाभ समान रूपमा वितरण हुन सकेन भन्ने आलोचना रह्यो । ग्रामीण अर्थतन्त्र, साना किसान, घरेलु उद्योग र श्रमिकको सुरक्षामा पर्याप्त ध्यान पुग्न सकेन ।

यी आलोचनालाई उदारीकरणको पूर्ण असफलताका रूपमा बुझ्नु सही हुँदैन । बरु यसले बजार र राज्यबीचको सन्तुलन कति आवश्यक छ भन्ने देखाउँछ । खुला बजारले सिर्जनशीलता, लगानी र प्रतिस्पर्धा बढाउन सक्छ । तर बजार आफैंले सामाजिक न्याय, क्षेत्रीय सन्तुलन वा अवसरको समानता सुनिश्चित गर्दैन । त्यसका लागि सक्षम राज्य, पारदर्शी कानुन, प्रभावकारी नियमन, गुणस्तरीय सार्वजनिक शिक्षा तथा स्वास्थ्य र लक्षित सामाजिक सुरक्षा आवश्यक हुन्छ । कांग्रेसले आफ्नो आर्थिक विरासतलाई पुनःपरिभाषित गर्दा यही सन्तुलनलाई केन्द्रमा राख्नुपर्छ ।

आज नेपालको सबैभन्दा ठूलो आर्थिक प्रश्न रोजगारी हो । लाखौं युवा रोजगारी र आयको खोजीमा विदेशिएका छन् । वैदेशिक रोजगारीबाट आएको विप्रेषणले लाखौं परिवारको जीवन धानेको छ र विदेशी मुद्रा सञ्चितिमा योगदान पुऱ्याएको छ । तर रेमिट्यान्समा टिकेको अर्थतन्त्र दीर्घकालीन विकासको विकल्प होइन । विदेशबाट आएको आम्दानी धेरैजसो उपभोग र आयातमा खर्च हुँदा घरेलु उत्पादन, निर्यात र औद्योगिक पुँजी निर्माण कमजोर रहन्छ । युवाको श्रम, सीप र ऊर्जा स्वदेशमा प्रयोग गर्न नसक्नु मुलुकको ठूलो क्षति हो ।



तस्बिर : अंगद ढकाल/कान्तिपुर

> विगतको योगदानको स्मरण मात्र गर्ने होइन, नयाँ आर्थिक दर्शन प्रस्तुत गर्नुपर्छ, जहाँ बजारले अवसर सिर्जना गरोस्, राज्यले न्याय र सुरक्षा सुनिश्चित गरोस्, निजी क्षेत्रले उत्पादन र नवप्रवर्तन गरोस् र नागरिकले आफ्नै देशमा सम्मानजनक भविष्य देख्न सकून्

पुँजी निर्माणको प्रश्न सबैभन्दा पेचिलो छ । नेपालको बैंकिङ प्रणालीमा निक्षेप बढे पनि दीर्घकालीन उत्पादनशील लगानीका लागि पर्याप्त वित्त उपलब्ध छैन । बैंकको ऋण धेरैजसो घरजग्गा, व्यापार र छोटो अवधिका गतिविधिमा केन्द्रित हुने गरेको छ । उद्योग, प्रविधि, कृषि प्रशोधन र पूर्वाधारमा दीर्घकालीन लगानी बढाउन विकास वित्त संस्था, पुँजी बजार, सहकारीको प्रभावकारी नियमन र सार्वजनिक-निजी साझेदारीको विश्वसनीय ढाँचा आवश्यक छ । लगानीकर्ताले नीति स्थिरता, कानुनी सुरक्षा र प्रशासनिक सरलता खोज्छन् । यी तीन कुरा सुनिश्चित नगरी विदेशी लगानीको अपेक्षा गर्नु व्यर्थ हुन्छ ।

आर्थिक एजेन्डाको केन्द्रमा सुशासन हुनुपर्छ । भ्रष्टाचार, ढिलासुस्ती, अनिश्चित कर नीति, जग्गा प्राप्तिको कठिनाइ, कमजोर ठेक्का व्यवस्थापन र राजनीतिक संरक्षणवाद आर्थिक विकासका मुख्य अवरोध हुन् । उद्यमीले अनुमति लिन वर्षौं कुर्नुपर्ने, ठेक्का पाएको परियोजना समयमै सम्पन्न नहुने र कानुनी विवाद टुंगिन ढिला हुने अवस्थामा रोजगारी सिर्जना सम्भव हुँदैन । लोकतन्त्रको रक्षा र सुशासनको अभियानलाई छुट्टाछुट्टै विषय ठान्नु हुँदैन । सुशासनबिना न लोकतन्त्रको विश्वास टिक्छ, न अर्थतन्त्रको गति बढ्छ ।

समावेशिता आर्थिक नीतिको अर्को आधार हुनुपर्छ । महिला, दलित, जनजाति, मधेशी, दुर्गम क्षेत्रका नागरिक, अपांगता भएका व्यक्ति तथा आर्थिक रूपमा पछाडि परेका समुदायलाई अवसरको पहुँच नदिई समृद्धि समावेशी बन्न सक्दैन । शिक्षा, स्वास्थ्य, वित्तीय पहुँच, सम्पत्ति स्वामित्व, सीप तालिम र उद्यमशीलतामा रहेको असमानता घटाउन राज्यले सक्रिय भूमिका खेल्नुपर्छ । बजारको ढोका सबैका लागि खुला छ भनेर मात्र समान अवसर स्थापित हुँदैन । सबैलाई त्यो ढोकासम्म पुग्ने बाटो पनि बनाइदिनुपर्छ ।

कांग्रेसको १५औं महाधिवेशन नेतृत्व चयनको औपचारिक प्रक्रिया मात्र बन्नु हुँदैन । यसले पार्टीको स्पष्ट आर्थिक दिशा तय गर्नुपर्छ । कांग्रेस उदारीकरणको पक्षमा छ भने कस्तो उदारीकरण ? केवल आयात, घरजग्गा र सीमित सेवा क्षेत्रमा केन्द्रित उदारीकरण कि उत्पादन, प्रविधि, ऊर्जा र रोजगारी सिर्जनासँग जोडिएको उदारीकरण ? निजी क्षेत्रको पक्षमा छ भने एकाधिकार र मिलेमतोविरुद्ध कस्तो नीति लिन्छ ? सामाजिक न्यायको पक्षमा छ भने शिक्षा, स्वास्थ्य, श्रम र सामाजिक सुरक्षामा राज्यको भूमिका कति बलियो बनाउँछ ? यी प्रश्नको प्रस्ट उत्तर पार्टीसँग हुनुपर्छ ।

कांग्रेसको ऐतिहासिक शक्ति भनेको परिवर्तनको नेतृत्व गर्नु हो । अब उसले विगतको योगदानको स्मरण मात्र गर्ने होइन, नयाँ आर्थिक दर्शन प्रस्तुत गर्नुपर्छ, जहाँ बजारले अवसर सिर्जना गरोस्, राज्यले न्याय र सुरक्षा सुनिश्चित गरोस्, निजी क्षेत्रले उत्पादन र नवप्रवर्तन गरोस् र नागरिकले आफ्नै देशमा सम्मानजनक भविष्य देख्न सकून् । आर्थिक उदारीकरणले खोलेको ढोकाबाट अब उत्पादनमुखी, रोजगारमूलक र समावेशी समृद्धिको यात्रामा मुलुकलाई अगाडि बढाउने बाटोमा अघि बढ्नु नै कांग्रेसको वास्तविक परीक्षा हो ।

# हतकडी : सुरक्षा साधन कि अभियुक्तको सार्वजनिक अपमान ?



रोशन आउजी

(आउजी कानुनका विद्यार्थी हुन्)

कुनै व्यक्ति पक्राउ पर्नु र अपराधी प्रमाणित हुनु एउटै विषय होइन । तर हाम्रो फौजदारी न्याय प्रणालीको व्यवहारमा यी दुई अवस्थाबीचको सीमा कहिलेकाहीं धमिलिएको देखिन्छ । अभियोग लाग्नेबित्तिकै हातमा हतकडी लगाउने, प्रहरी वा सरकारी वकिलको कार्यालय हुँदै अदालतसम्म हतकडीमै लैजाने र त्यही अवस्थामा सञ्चारमाध्यममा सार्वजनिक गर्ने अभ्यासले एउटा गम्भीर संवैधानिक प्रश्न उठाउँछ । सुरक्षाका नाममा राज्यले अभियुक्तको मानव मर्यादा र निर्दोषिताको अनुमानमाथि कति हस्तक्षेप गर्न सक्छ ?

हतकडी आफैंमा गैरकानुनी साधन होइन । फरार हुने वास्तविक जोखिम, हिंसात्मक व्यवहार, आफू वा अरूलाई तत्काल क्षति पुऱ्याउने सम्भावना वा अन्य विशेष सुरक्षा परिस्थितिमा शारीरिक नियन्त्रण आवश्यक हुन सक्छ । तर प्रश्न यसको नियमित, स्वचालित र व्यक्तिगत जोखिम मूल्यांकनबिनाको प्रयोगको हो । नेपालको संविधानको धारा १६(१) ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरेको छ । धारा १७ ले वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्छ भने धारा २०(५) ले कसुर प्रमाणित नभएसम्म कुनै पनि व्यक्तिलाई कसुरदार नमानिने संवैधानिक प्रत्याभूति गरेको छ । त्यसैले अभियोग लागेकै आधारमा व्यक्तिलाई सार्वजनिक रूपमा अपराधीको जस्तो देखाउने व्यवहार यी अधिकारको दृष्टिले परीक्षणयोग्य हुन्छ ।

सर्वोच्च अदालतले फरक-फरक मुद्दामा अभियुक्त र अपराधीबीचको भिन्नतालाई स्पष्ट रूपमा स्वीकार गरेको छ । अभियोग लागेको व्यक्ति अदालतबाट कसुरदार प्रमाणित नभएसम्म अभियुक्तकै हैसियतमा रहने र अभियोग लाग्दैमा दोषी मान्न नमिल्ने सिद्धान्त प्रतिपादित छ । त्यस्तै अभियोग लागेको व्यक्तिलाई दोषी ठहर नभएसम्म निर्दोष मानिने सिद्धान्तलाई स्वीकार गरिएको छ । यसको अर्थ निर्दोषिताको अनुमान केवल अदालतको फैसला आउँदासम्म प्रमाणको भारसँग सम्बन्धित प्राविधिक सिद्धान्त मात्र होइन । राज्यका निकायले अभियुक्तलाई व्यवहार गर्दा पनि उसलाई पहिले नै दोषी ठहर गरेको जस्तो देखिनु हुँदैन । अदालतमा हतकडी लगाएर प्रस्तुत गर्नु वा सार्वजनिक रूपमा हतकडीसहित प्रदर्शन गर्नुले अभियुक्तलाई समाजको नजरमा 'अपराधी' वा 'खतरनाक व्यक्ति' का रूपमा चित्रित गर्न सक्छ ।

कुनै व्यक्तिको पक्राउ कानुनसम्मत छ भने पनि पक्राउपछिका सबै प्रकारका नियन्त्रण स्वतः वैध हुन्छन् भन्ने हुँदैन । पक्राउ एउटा कानुनी प्रक्रिया हो भने हतकडी थप शारीरिक नियन्त्रणको उपाय हो । त्यसैले हतकडीका लागि छुट्टै आवश्यकता, औचित्य र समानुपातिकताको परीक्षण आवश्यक हुन्छ ।

म लेखकले प्रहरी प्रधान कार्यालयलाई यसरी अभियुक्तहरूलाई अपराधीसरह हतकडी लगाउनु निर्दोषिताको सिद्धान्तविपरीतको कार्य हो कि हैन ? भनी प्रश्न गर्दा जवाफमा हतकडीलाई दण्ड नभई 'सुरक्षाको उपाय हो' भनिएको छ । यदि हतकडी वास्तवमै सुरक्षाको उपाय हो भने त्यसको प्रयोगको आधार पनि स्पष्ट र अभिलेखयोग्य हुनुपर्छ । कसैलाई हतकडी लगाउनुअघि कुन जोखिम देखियो ? अरू कम प्रतिबन्धात्मक उपाय किन पर्याप्त भएनन् ? कति समय हतकडी लगाइयो ? कसको आदेशमा लगाइयो ? यी प्रश्नको उत्तर अभिलेखमा रहनुपर्छ । अन्यथा 'सुरक्षा जोखिम' भन्ने अस्पष्ट शब्दले प्रहरीलाई असीमित विवेक प्रदान गर्न सक्छ ।

हतकडीको विषयमा विभिन्न देशका अदालतहरूले एउटा साझा सिद्धान्त विकास गरेका छन्- आवश्यकता र व्यक्तिगत परिस्थितिमा आधारित हुनुपर्छ, नियमित अभ्यास बन्नु हुँदैन । भारतको सर्वोच्च अदालतले प्रेम शंकर शुक्लाविरुद्ध दिल्ली प्रशासन भएको मुद्दामा हतकडीलाई प्रथम दृष्टिमै अमानवीय, अनुचित र मनोमानी हुन सक्ने भन्दै केवल भाग्ने जोखिम रोक्ने उद्देश्यले हतकडी स्वतः आवश्यक नहुने दृष्टिकोण अपनाएको छ ।

दक्षिण अफ्रिकाको एसविरुद्ध फिरी मुद्दामा अदालतले अभियुक्तलाई हतकडी, खुट्टामा फलामको जन्जिर वा चेनमा अदालतमा प्रस्तुत गर्दा उसलाई खतरनाक वा अपराधी व्यक्तिका रूपमा प्रस्तुत गर्ने पूर्वाग्रहपूर्ण निष्कर्ष सिर्जना हुन सक्ने र यसले निर्दोषिताको अनुमान तथा मानव मर्यादामा असर पार्न सक्ने स्वीकार गरेको छ । यद्यपि वास्तविक हिंसात्मक वा फरार जोखिम भएमा केस अनुसारको औचित्य पुष्टीकरणका आधारमा बन्धन प्रयोग गर्न सकिने पनि अदालतले स्वीकार गरेको छ ।

हतकडीको प्रयोग पूर्ण रूपमा बन्द गरिनुपर्छ भन्ने तर्क पनि नेपाल जस्तो देशमा व्यावहारिक हुँदैन । उदाहरणका लागि, कुनै अभियुक्तले पहिले नै प्रहरी हिरासतबाट भाग्ने प्रयास गरेको छ, तत्काल हिंसात्मक जोखिम देखिएको छ वा अरू व्यक्तिलाई गम्भीर क्षति पुऱ्याउने विश्वसनीय सूचना छ भने सुरक्षाकर्मीले नियन्त्रणका उपाय अपनाउनुपर्ने हुन सक्छ । तर त्यस्तो अवस्थामा पनि एउटा स्पष्ट परीक्षण आवश्यक हुन्छ ।

पहिलो, कानुनी आधार हुनुपर्छ । दोस्रो, वैध सुरक्षा उद्देश्य हुनुपर्छ । तेस्रो, सम्बन्धित व्यक्तिसँग जोडिएको वस्तुनिष्ठ जोखिम हुनुपर्छ । चौथो, हतकडी र जोखिमबीच तार्किक सम्बन्ध हुनुपर्छ । पाँचौं, थप सुरक्षाकर्मी, सुरक्षित सवारी, सुरक्षित मार्ग वा अन्य कम प्रतिबन्धात्मक विकल्प किन पर्याप्त भएनन् भन्ने कारण हुनुपर्छ । छैटौं, आवश्यकताभन्दा बढी नियन्त्रण गर्न हुँदैन । सातौं, प्रयोगको अवधि न्यूनतम हुनुपर्छ । र, अन्ततः यसको लिखित अभिलेख तथा सुपरिवेक्षकीय वा न्यायिक समीक्षा हुनुपर्छ ।

अभियोग प्रमाणित नभएको व्यक्तिको हातमा हतकडीसहितको तस्बिर हजारौं मानिससम्म पुग्दा सामाजिक धारणा निर्माण हुन सक्छ । पछि अदालतबाट निर्दोष ठहर भए पनि पहिले सार्वजनिक भएको छवि सजिलै मेटिँदैन । त्यसैले प्रहरीको व्यवहारसँगै सञ्चारमाध्यमको जिम्मेवारी पनि जोडिन्छ ।

निष्कर्षमा, हतकडीसम्बन्धी विवादको समाधान एउटा स्पष्ट राष्ट्रिय कार्यविधिबाट सुरु गर्न सकिन्छ । प्रत्येक हतकडी प्रयोगमा कारण, व्यक्तिगत जोखिम, विचार गरिएका वैकल्पिक उपाय, हतकडी लगाएको र हटाएको समय तथा सम्बन्धित प्रहरी अधिकारीको विवरण अभिलेख गरिनुपर्छ । अत्यन्त उच्च सुरक्षा जोखिम भएको अवस्थामा शारीरिक उपस्थिति नै एकमात्र विकल्प हुनुपर्छ भन्ने पनि आवश्यक छैन ।

राज्यको शक्ति जति ठूलो हुन्छ, त्यसको प्रयोगमा संवैधानिक सीमा पनि त्यति नै स्पष्ट हुनुपर्छ । अभियुक्तको स्वतन्त्रता सीमित हुन सक्छ, तर उसको मानव मर्यादा समाप्त हुँदैन । हतकडी आवश्यक परेको अवस्थामा सुरक्षा साधन हुन सक्छ । तर अभियोग लागेकै कारण नियमित रूपमा लगाइयो भने त्यही साधन सार्वजनिक अपमान र पूर्वदोषारोपणको प्रतीक बन्न सक्छ । तसर्थ हतकडी लगाउने अभ्यास अपवाद मात्रै हुनुपर्छ ।



तस्बिर : एआई

> हतकडी आवश्यक परेको अवस्थामा सुरक्षा साधन हुन सक्छ । तर, अभियोग लागेकै कारण लगाइने अभ्यासले सार्वजनिक अपमान र पूर्वदोषारोपणको प्रतीक बन्न सक्छ । तसर्थ हतकडी लगाउने अभ्यास अपवाद मात्रै हुनुपर्छ ।

# बदलिएको चेहरा कि चिन्तन ?


रामकुमारी झाँक्री
(झाँक्री राष्ट्रिय सभा सदस्य तथा नेकपा एमालेकी केन्द्रीय सदस्य हुन्)



तस्बिर : अंगद ढकाल/कान्तिपुर

**पछिल्ला दुई दशकको कांग्रेसको कथा देउवा वा अरू पुराना नेताको मात्र कथा होइन । त्यस अवधिमा गगनजी पनि पार्टीको केन्द्रीय नेतृत्व, महामन्त्री र प्रभावशाली नेताका रूपमा सक्रिय हुनुहुन्थ्यो । त्यसैले अब 'उनीहरूले के गरे ?' मात्र होइन, 'त्यस बेला हामीले के गर्‍यौं र कहाँ चुक्यौं ?' भन्ने प्रश्नको उत्तर पनि उनीबाट आउनुपर्छ । यही स्वीकारोक्तिले नयाँ नेतृत्वलाई पुरानोभन्दा फरक बनाउँछ ।**

नेपाली कांग्रेसको जारी १५औं महाधिवेशनबाट अबको केही दिनमा गगन थापा निर्वाचित भएर नेतृत्वमा आउने बलियो सम्भावना छ । पार्टीमा नेतृत्व परिवर्तन जति स्वाभाविक हो, राजनीतिमा पुस्तान्तरण पनि त्यति नै स्वाभाविक हो । पुराना जान्छन्, नयाँ आउँछन् । तर पुरानालाई पन्छाएर नयाँले ठाउँ लिनु मात्र परिवर्तन होइन । परिवर्तनको असली अर्थ त सोच, संस्कार र काम गर्ने शैलीमा देखिनुपर्छ ।

पुरानो नेतृत्वलाई हटाउनु एउटा राजनीतिक घटना हो, पुरानो प्रवृत्ति हटाउनु अर्कै कुरा । नेतृत्वमा व्यक्ति बदल्न बहुमतले पुग्छ, संस्कार बदल्न चरित्र चाहिन्छ । गुटका आधारमा अवसर बाँड्ने, आफ्नालाई संरक्षण गर्ने, असहमतिलाई किनारा लगाउने र सत्ता प्राप्तिलाई सफलताको अन्तिम मापदण्ड ठान्ने अभ्यास उस्तै रह्यो भने नेतृत्वमा जुनसुकै पुस्ता आए पनि राजनीतिमा खासै फरक पर्दैन ।

नेपाली कांग्रेसमा गगन थापा नेतृत्वमा आउनुलाई नयाँ पुस्ताको आगमनका रूपमा प्रस्तुत गरिएको छ । तर ५० वर्ष पुगेको व्यक्तिको आगमनलाई नै साँचो अर्थमा नयाँ पुस्ताको आगमन मान्न सकिन्छ त ? त्यो मान्न म तयार छैन । किनकि २०४६ सालपछि देशको बागडोर सम्हाल्न आएका अधिकांश नेता त्यतिबेला ५० वर्ष पनि पुगेका थिएनन् । कांग्रेसको नेतृत्व ८० वर्षबाट ५० वर्षमा ल्यायौं भनेर पुग्दैन । युवावयमै बीपी कोइराला कांग्रेसका सभापति बनेको इतिहास पनि बिर्सनु हुँदैन ।

गगन थापा र मेरो पार्टी, राजनीतिक दर्शन, सिद्धान्त, राजनीतिक पृष्ठभूमि फरक छन् । तर हामी एउटै पुस्ताका राजनीतिकर्मी हौं । त्यसैले गगनजी पार्टी नेतृत्वमा आएको घटनालाई नेपालको राजनीतिक उपलब्धिका रूपमा लिनुपर्छ भन्ने लाग्छ । हामीबीच धेरै राजनीतिक मतभिन्नता भए पनि यसलाई म पार्टीगत प्रतिस्पर्धाको आँखाबाट मात्र होइन, लोकतान्त्रिक आन्दोलन, राजनीतिक पुस्तान्तरण र हामीले निर्माण गर्न खोजेको राजनीतिक संस्कारको आँखाबाट हेर्न चाहन्छु ।

गगनजीले लामो समयदेखि कांग्रेसको पुरानो नेतृत्वमाथि प्रश्न उठाउँदै आएका हुन् । विधिसम्मत पार्टी चल्नुपर्छ, समयमै महाधिवेशन हुनुपर्छ, नेतृत्व हस्तान्तरण हुनुपर्छ र पार्टीभित्र प्रश्न गर्ने ठाउँ रहनुपर्छ भन्ने उनका सार्वजनिक अडान नयाँ होइनन् । हिजो उनी प्रश्न गर्ने ठाउँमा थिए, आज जवाफ दिने ठाउँमा पुगेका छन् । त्यसैले अब प्रश्न अरूलाई होइन, उनलाई नै फर्किन्छ– हिजो जुन उदारता उनले पुरानो नेतृत्वसँग मागेका थिए, आफूलाई चुनौती दिने आवाजलाई त्यही उदारताका साथ सुन्छन् ?

दल गम्भीर संकटबाट गुज्रिरहेको बेला, उनका पुराना नेताहरू अप्ठ्यारो परिस्थितिमा रहेका बेला र पार्टीको ठूलो हिस्सा विभाजित रहेको अवस्थामा उनी नेतृत्वमा आउँदै छन् । नेतृत्व र कार्यकर्ताबीचको सम्बन्धमा सहकार्य र विश्वसनीय वातावरण निर्माण हुन सकेको छैन । लोकतान्त्रिक संस्थाहरू जनविश्वासको संकटमा छन् । यस्तो अवस्थामा नेतृत्व परिवर्तन हुनु गलत होइन । तर त्यस्तो परिवर्तनको समय, शैली र राजनीतिक व्यवहारबारे केही प्रश्न रहने नै छन् ।

गगनजीको राजनीतिक यात्रा पुरानो कांग्रेसभन्दा बाहिरबाट सुरु भएको होइन । उनी यही पार्टीका विभिन्न शक्ति केन्द्र, समूह र नेतृत्वसँग जोडिँदै, कहिले सहकार्य गर्दै र कहिले असहमति राख्दै यहाँसम्म आइपुगेका छन् । कृष्णप्रसाद सिटौलाले नेतृत्व गरेको समूहदेखि शेखर कोइरालासँगको सहकार्यसम्मको उनको यात्रा खुला इतिहास हो । त्यसमा अस्वाभाविक केही छैन । राजनीति सहकार्य, संघर्ष र बदलिँदो समीकरणबाटै अघि बढ्छ । तर आज पुरानो राजनीतिक संस्कार बदल्ने जिम्मेवारी उनकै काँधमा आइपुगेपछि स्वाभाविक प्रश्न उठ्छ– जुन राजनीतिक संस्कृतिभित्र हुर्केर उनी यहाँसम्म आइपुगे, त्यसैका कमजोरीबाट आफूलाई कति अलग गर्न सक्लान् ?

अझ महत्त्वपूर्ण कुरा, गगन थापाले अहिले कांग्रेसको विगतप्रति कठोर आत्मसमीक्षा गरेका छन् । पार्टी सत्ता, पद, गठबन्धन, गुट र भागबन्डामा अल्झिएको स्वीकार गर्नु सामान्य कुरा होइन । तर आत्मसमीक्षा त्यतिबेला विश्वसनीय हुन्छ, जब त्यसमा आफ्नो हिस्साको जिम्मेवारी पनि स्वीकार गरिन्छ । पछिल्ला दुई दशकको कांग्रेसको कथा देउवा वा अरू पुराना नेताको मात्र कथा होइन । त्यस अवधिमा गगनजी पनि पार्टीको केन्द्रीय नेतृत्व, महामन्त्री र प्रभावशाली नेताका रूपमा सक्रिय हुनुहुन्थ्यो । त्यसैले अब 'उनीहरूले के गरे ?' मात्र होइन, 'त्यस बेला हामीले के गर्‍यौं र कहाँ चुक्यौं ?' भन्ने प्रश्नको उत्तर पनि उनीबाट आउनुपर्छ । यही स्वीकारोक्तिले नयाँ नेतृत्वलाई पुरानोभन्दा फरक बनाउँछ ।

जुनसुकै समाज र समयमा नयाँ नेतृत्वको अर्को परीक्षा आफ्ना समर्थकसँग होइन, आलोचकसँग हुन्छ । आफू कमजोर हुँदा लोकतन्त्रको कुरा गर्न सजिलो हुन्छ, शक्तिमा पुगेपछि त्यही लोकतान्त्रिक ठाउँ अरूलाई दिन कठिन हुन्छ । आज गगनजीसँग असहमत कांग्रेसजन पनि छन् । उनको नेतृत्वलाई चुनौती दिनेहरू पनि छन् । उनीहरूलाई किनारा लगाएर बलियो बन्ने बाटो एउटा हो, उनीहरूलाई समेत समेटेर संस्था बलियो बनाउने बाटो अर्को हो । उनले कुन बाटो रोज्छन् भन्ने कुराले नेतृत्वको चरित्र देखाउनेछ ।

त्यसैले आजको मुख्य प्रश्न गगनजी कति माथि पुगे वा कहाँ पुगे भन्ने होइन । त्यहाँ पुगेपछि के गर्नुहुन्छ भन्ने प्रश्न महत्त्वपूर्ण हो । हिजो अरूसँग मागेको लोकतन्त्र, जवाफदेही, पुस्तान्तरण र राजनीतिक संस्कारका पाठ आज आफ्नै व्यवहारमा उतार्न सक्नुहुन्छ कि सक्नुहुन्न ? समयले यसको उत्तर खोज्नेछ । तर एउटा कुरा स्पष्ट छ– गगन थापाको उदयलाई नयाँ राजनीतिको उदय मान्न हतार गर्नु हुँदैन । उमेरको अंकलाई परिवर्तनको मानक बनाउने हो भने नयाँ नेता देखिइसकेका छन् । तर नयाँ राजनीति देखिन अझै बाँकी छ ।

यहाँ मेरो चासो कांग्रेसको महाधिवेशनपछि 'को सभापति भयो ?' भन्नेभन्दा धेरै 'अब कस्तो कांग्रेस बन्न खोज्दै छ ?' भन्नेमा हो ।

केही वर्षदेखि गगनजी सामाजिक लोकतन्त्रको कुरा गर्नुहुन्थ्यो । अहिले बीपी कोइरालाको प्रजातान्त्रिक समाजवादको कुरा गरेको सुन्छु । कतिपय व्यक्तिहरूले यसलाई नयाँ व्याख्या भनेको पनि पढेको छु । तर यो वास्तवमा के हो ? यो नेपाली मौलिकतामा आधारित समाजवादको कुरा हो भने सबैभन्दा पहिले हामीले कस्तो समाज निर्माण गर्न खोजिएको हो भन्ने प्रश्नको विश्लेषण गर्नुपर्छ ।

बीपी पनि चाहिने हो र सामाजिक लोकतन्त्र पनि चाहिने हो भने– कहाँसम्म बीपी, कहाँदेखि गगन ?

राज्यको सीमा कहाँसम्म ? बजारको सीमा कहाँसम्म ? सम्पत्ति सिर्जना कसले गर्ने ? पुनर्वितरण कसरी गर्ने ? शिक्षा र स्वास्थ्यमा राज्य र निजी क्षेत्रको सम्बन्ध कस्तो हुने ? सामाजिक सुरक्षाको दायरा कति हुने ? उद्यमशीलता र निजी लगानीलाई कसरी प्रोत्साहन गर्ने ? सार्वजनिक सेवाको जिम्मेवारी राज्यले कसरी वहन गर्ने ?

यी प्रश्न मूलतः विचार, सिद्धान्त र कार्यक्रमसँग सम्बन्धित छन् । यी प्रश्नको स्पष्ट जवाफ नयाँ कांग्रेसले दिनुपर्छ । केवल नयाँ अनुहारले होइन ।

मलाई गगन थापाको दस्तावेजबारे चासो यही कारणले छ । उनले कांग्रेसलाई कुन वैचारिक दिशामा लैजान खोजेका छन् ? बीपीको समाजवादलाई आजको सन्दर्भमा कसरी पुनर्व्याख्या गर्नुहुन्छ ? सामाजिक लोकतन्त्र र लोकतान्त्रिक समाजवादबीच उनको वास्तविक राजनीतिक तथा आर्थिक भिन्नता के हो ? राज्य, बजार, निजी क्षेत्र, सामाजिक सुरक्षा र सार्वजनिक सेवाबीचको सम्बन्धबारे उनको स्पष्टता कति छ ?

गगनजीका लोकप्रिय अभिव्यक्ति र डा. गोविन्द केसीको आन्दोलनसँग जोडिएका उनका सार्वजनिक अडानहरू पनि म सम्झिरहेकी छु । ती अडान र अहिले उनले अघि सारेको वैचारिक दिशाबीचको सम्बन्ध के हो ? नयाँ कांग्रेसको आर्थिक तथा सामाजिक कार्यक्रमले त्यसलाई कसरी समेट्छ ? यसको जवाफ दस्तावेज र नीतिबाट आउनुपर्छ ।

नयाँ नेतृत्व आयो, राम्रो भयो । तर के नयाँ राजनीतिक संस्कार पनि आयो भन्ने प्रश्नको उत्तर 'हो' भन्यो भने त्यसको प्रमाण उमेरमा मात्र होइन, विचारमा देखिनुपर्छ । नारामा होइन, नीतिमा देखिनुपर्छ । व्यक्तिमा होइन, संस्थामा देखिनुपर्छ । किनकि अन्ततः देशलाई चाहिएको नयाँ उमेर मात्र होइन ।

जुन पुस्ताले लोकतन्त्रका लागि संघर्ष गर्‍यो, जेल गयो, निर्वासन भोग्यो, प्रतिबन्ध झेल्यो, आन्दोलन गर्‍यो र एउटा राजनीतिक प्रणाली निर्माण गर्न आफ्नो जीवनको ठूलो हिस्सा खर्च गर्‍यो, त्यो पुस्ता आजका सबै समस्याको एकमात्र कारण हो भन्ने भाष्य निर्माण भएको छ । उमेर र अनुभवलाई घृणाको विषय बनाइएको छ । त्यसो हो भने इतिहासबाट हामीले के सिकेको हुन्छ ?

उमेर बढ्नु अपराध होइन । इतिहास हुनु कमजोरी होइन । अनुभव हुनु अयोग्यता होइन । मलाई पुस्ता वा उमेरलाई मात्र राजनीतिक एजेन्डा बनाउने प्रवृत्तिप्रति यही कारणले डर लाग्थ्यो । नयाँ पुस्ता आउनुपर्छ ? अवश्य आउनुपर्छ । तर नयाँ पुस्ताको आगमनको अर्थ पुरानो पुस्ताको अपमान र घृणा हुनु राम्रो लोकतान्त्रिक संस्कार होइन ।

यहाँ गगन थापाको राजनीतिक क्षमता अस्वीकार गर्नुपर्ने कुनै कारण छैन । समयको आवाज चाँडो सुन्ने, त्यसलाई प्रभावशाली भाषामा अपिल गर्ने र नयाँ पुस्ताको मनोविज्ञान समात्ने उनको खुबी लोभलाग्दो छ । नेपाली कांग्रेस आफ्नो परम्परागत घेराबाट बाहिर निस्कन हिचकिचाइरहेका बेला उनले परिवर्तनको भाषा बोले, गणतन्त्रको पक्षमा उभिए र आफ्नै नेतृत्वलाई चुनौती दिँदै प्रश्न गरे । त्यसैले उनी धेरै कांग्रेसजनभन्दा फरक देखिए ।

उनको एउटा बलियो राजनीतिक गुण छ– समाजको बदलिँदो मनोविज्ञान उनी चाँडै पढ्छन् । समयको भाषा पढ्ने, बुझ्ने र बोल्ने नेता हुन् । र त, आज उनलाई सोध्नुपर्ने मूल प्रश्न यही हो– उनले समयलाई दिशा दिए कि समयले उठाएका एजेन्डा अरूभन्दा चाँडो समाते ?

जब देशमा गणतन्त्रको लहर उठ्यो, उनी त्यहाँ देखिए । संघीयता र समावेशिताको बहस बलियो भयो, त्यहाँ पनि अगाडि रहे । पछि सुशासन, डेलिभरी, शिक्षा, स्वास्थ्य, उद्यमशीलता र परिणाममुखी राज्यको माग बढ्यो, उनको राजनीतिक भाषा पनि त्यतैतिर विस्तार भयो । यही क्षमताले उनलाई लोकप्रिय बनायो ।

तर अब उनको अगाडिको चुनौती फरक छ । समयले उठाएका एजेन्डा चाँडो समात्नु र ती एजेन्डालाई संस्थागत नीति, कार्यक्रम र परिणाममा रूपान्तरण गर्नु एउटै कुरा होइन । लोकप्रिय भाषालाई दीर्घकालीन राजनीतिक दर्शनमा बदल्नु, नारालाई नीतिमा बदल्नु र व्यक्तिको लोकप्रियतालाई संस्थाको शक्तिमा बदल्नु नै अब उनको वास्तविक परीक्षा हो ।

त्यसैले गगन थापाको नेतृत्वलाई म केवल कांग्रेसको नेतृत्व परिवर्तनका रूपमा हेर्न चाहन्नँ । यसलाई नेपाली राजनीतिमा पुस्तान्तरण, राजनीतिक संस्कार र वैचारिक पुनःसंरचनाको एउटा अवसरका रूपमा हेर्न चाहन्छु ।

तर त्यो अवसरको मूल्यांकन अनुहार हेरेर होइन, चिन्तन हेरेर हुनुपर्छ ।

बदलिएको चेहरा पर्याप्त छैन । बदलिएको चिन्तन देखिनुपर्छ । नयाँ नेतृत्व पर्याप्त छैन । नयाँ राजनीतिक संस्कार देखिनुपर्छ । र, नयाँ पुस्ता पर्याप्त छैन । नयाँ राजनीतिक दिशा देखिनुपर्छ ।

# किन जरुरी छ बिमा न्यायाधिकरण ?


कमल गौतम
(गौतम युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड तथा साविक एभरेस्ट इन्स्योरेन्स कम्पनीका पूर्वप्रमुख कार्यकारी अधिकृत हुन्)



तस्बिर : एआई

**बिमा क्षेत्रको नियमन/प्रवर्द्धन गर्ने मूल उद्देश्य बोकेको बिमा प्राधिकरणलाई बिमा दाबी विवादको न्यायिक निरूपण गर्न दिइनु व्यावहारिक नभएकाले छुट्टै निकाय अत्यावश्यक छ**

एउटा परिकल्पनाबाट लेख सुरु गर्छु । आवश्यक शैक्षिक योग्यता हासिल गरेको व्यक्तिलाई कुनै जिल्लामा एकसाथ प्रमुख जिल्ला अधिकारी र जिल्ला न्यायाधीश दुवैको जिम्मेवारी दिइयो भने के होला ? उक्त व्यक्ति जतिसुकै योग्य, अनुभवी र इमानदार भएको अवस्थामा समेत शान्तिसुरक्षा कायम गर्ने कार्यकारी जिम्मेवारी र न्याय निरूपण गर्ने जिम्मेवारी एउटै व्यक्तिमा केन्द्रित हुनु आजको विश्वमा स्वाभाविक मान्न सकिँदैन ।

विद्यमान बिमा ऐन, २०७९ ले नेपाल बिमा प्राधिकरणलाई अन्य नियामकलाई जस्तै नियमनकारी र प्रवर्द्धनकारी निकायका रूपमा स्थापित गरेको छ । यसको पाँच सदस्यीय सञ्चालक समितिमा अध्यक्षसहित नेपाल सरकारका सहसचिव तहका प्रतिनिधिहरू तथा जीवन र निर्जीवन बिमा क्षेत्रका प्रतिनिधिहरू रहने व्यवस्था छ । यस्तै, बिमा प्राधिकरणले नेपाल सरकारसमक्ष वार्षिक प्रतिवेदन पेस गर्ने, बिमा प्राधिकरणलाई नेपाल सरकारले निर्देशन दिन सक्नेजस्ता प्रावधान राखिएका छन् ।

एकातर्फ बिमा प्राधिकरणको सञ्चालक समिति गठनको स्वरूप राष्ट्र बैंक, नागरिक उड्डयन प्राधिकरण, दूरसञ्चार प्राधिकरण र पर्यटन बोर्डजस्ता सबैजसो नियामक तथा प्रवर्द्धनकारी निकायका सञ्चालक समितिको गठनजस्तै छ । अर्कोतर्फ, बिमा क्षेत्रको नियमन र प्रवर्द्धन गर्ने मूल उद्देश्यलाई ओझेलमा पार्ने किसिमले बिमा प्राधिकरणको सञ्चालक समितिलाई न्याय निरूपण गर्ने गरी जिल्ला अदालतसरहको अति संवेदनशील अधिकारसमेत तोकिएको छ । बिमा ऐनको दफा ५ (झ) मा 'बिमा दायित्व निर्धारण सम्बन्धमा बिमकविरुद्ध बिमितले दिएको उजुरीउपर फैसला गर्ने', दफा १४७ (१) मा 'कामहरूका सम्बन्धमा प्राधिकरण आफैंले अनुसन्धान र जाँचबुझ गरी कारबाही र सजाय गर्न सक्ने' र १४७ (२) मा 'उल्लिखित प्रयोजनका लागि प्राधिकरणलाई यस ऐनबमोजिम प्राप्त अधिकारको अतिरिक्त जिल्ला अदालतलाई भएसरहको अधिकार हुनेछ' भन्ने प्रावधान छन् । यसरी बिमा क्षेत्रको नियमन र प्रवर्द्धन गर्ने मूल उद्देश्य बोकेको बिमा प्राधिकरणको सञ्चालक समितिलाई जिल्ला अदालतको न्याय निरूपण इजलासकै रूपमा तोकिनु कति स्वाभाविक हो ?

महत्त्वपूर्ण नियामक निकायहरू राष्ट्र बैंक, धितोपत्र बोर्ड, उड्डयन प्राधिकरण, दूरसञ्चार प्राधिकरणलाई सम्बधित ऐनहरूले सम्बन्धित क्षेत्रमा सिर्जित विवादहरूको न्यायिक निरूपण गर्ने जिल्ला अदालतसरहको न्यायिक अधिकार सुम्पेको छैन । न्याय परिषद्बाट नियुक्त नभएका व्यक्तिहरू रहेको कुनै एक नियामक निकायको सञ्चालक समितिलाई जिल्ला अदालतको इजलाससरह अधिकार सुम्पिएर बिमा दाबी विवादको न्यायिक निरूपण गर्न दिनु कति न्यायपूर्ण होला ?

दाबीसम्बन्धी बिमा करारका सर्त, घटनाको प्रकृति, क्षतिको वास्तविकता र उपलब्ध अन्य प्रमाण परीक्षण गरेर दाबीकर्तालाई क्षतिपूर्ति भुक्तानी गर्नुपर्ने वा नपर्ने तथा गर्नुपर्ने भए कति दिने भन्ने निर्णय बिमा कम्पनीले गर्छ । यस प्रक्रियामा क्षतिपूर्ति माग गर्ने बिमित र क्षतिपूर्ति दिने दायित्व बोकेको बिमा कम्पनीबीच मतभेद र विवाद उत्पन्न हुनु स्वाभाविक हो । त्यसमाथि, विश्वभर बढिरहेको झूटो तथा अतिरञ्जित बिमा दाबीका कारण दाबी व्यवस्थापन थप संवेदनशील बन्दै गएको छ । नेपालमा व्यक्तिगत पहुँच, भनसुन वा दबाबमार्फत बिमा दाबी पाइन्छ भन्ने मानसिकता बढेकाले दाबी व्यवस्थापन अझ जटिल भएको छ ।

बिमा ऐन, २०७९ ले बिमा प्राधिकरणका विभिन्न २० वटा काम, कर्तव्य र अधिकार सूचीकरण गरेको छ । जसमध्ये बिमाका विभिन्न पक्षबीच उत्पन्न विवाद निरूपण गर्ने जिम्मेवारी पनि एक हो । आफ्नो मूल उद्देश्यबमोजिम बिमा क्षेत्रको नियमन, सुपरिवेक्षण, विकास, नीति निर्माण, बिमा पहुँच विस्तार, बिमा कम्पनीहरूको संस्थागत सुशासन र जोखिम व्यवस्थापनलगायत अन्य १९ वटा काम, कर्तव्य र अधिकारतर्फ बिमा प्राधिकरण केन्द्रित हुनु स्वाभाविक छ । मुद्दा दर्तादेखि मिसिल तयार गर्ने, पक्षहरूलाई झिकाउने, कागजात तथा प्रमाण संकलन गर्ने, सुनुवाइ गर्ने, निर्णयको कारण र आधारसहित पूर्ण पाठ तयार गर्ने तथा फैसला कार्यान्वयन गराउनेलगायतका कार्यप्रक्रिया गर्नुपर्ने भएकाले न्याय निरूपण नितान्त फरक र छुट्टै विशेषज्ञता, समय, जनशक्ति र उच्च प्रक्रियागत अनुशासन आवश्यक हुने कार्य हो । पुछारमा २० औं नम्बरमा रहेको यो फरक जिम्मेवारी बिमा प्राधिकरणमा ओझेलमा पर्नु स्वाभाविक हो ।

नेपालको निर्जीवन बिमा क्षेत्रले वार्षिक अर्बौं रकम प्रिमियमका रूपमा संकलन गरी त्यसमध्ये ठूलो रकम दाबी भुक्तानी गर्छ । ठूला पूर्वाधार आयोजनाहरूमा बिमाको भूमिका बढेको छ । बैंकिङ, पुँजी बजार र बिमा एकअर्कासँग गहिरो रूपमा जोडिएका छन् । बिमा दाबीको वित्तीय आकार बढेकाले दाबी विवादहरू पनि जटिल बन्दै गएका छन् । गत वैशाखसम्म नेपाल बिमा प्राधिकरणमा परेका ५४३ उजुरीमध्ये १५७ वटा (करिब २९ प्रतिशत) मात्र फछ्र्योट भएका छन् । विशेष गरी जलविद्युत्, सडक, पुल र अन्य ठूला पूर्वाधार आयोजनासँग सम्बन्धित बिमा दाबी विवादको वित्तीय आकार ठूलो हुने भएकाले यस्ता विवाद लामो समयसम्म समाधान नहुँदा सम्बन्धित आयोजनाको वित्तीय व्यवस्थापन, लगानीकर्ताको प्रतिफल, बैंकको ऋण असुली र समग्र आर्थिक गतिविधिमै असर गर्छ । त्यसैले बिमा दाबी विवादको शीघ्र, विशेषज्ञतापूर्ण र निष्पक्ष निरूपण नहुँदा बृहत् आर्थिक विकासमा अवरोध हुन्छ ।

नेपालमा पनि संस्थागत स्वार्थको द्वन्द्व हुन नदिन तथा प्रभावकारिता बढाउन कतिपय सार्वजनिक संस्थालाई विभाजन गर्ने प्रक्रिया अगाडि बढेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सेवाप्रदायक गरी दुई निकाय बनाउने प्रक्रिया सुरु भइसकेको छ । विद्युत् क्षेत्रमा पनि उत्पादन, प्रसारण र वितरणका फरक जिम्मेवारीलाई संस्थागत रूपमा पृथकीकरण गर्ने बहस र प्रक्रिया अगाडि बढेको छ । यी सबै प्रयासको मूल उद्देश्य जिम्मेवारीको स्पष्ट सीमांकन, संस्थागत जवाफदेही र स्वार्थको द्वन्द्व हुने सम्भावनाको न्यूनीकरण नै हो । बिमा क्षेत्रमा पनि नियमन/प्रवर्द्धन र न्यायिक विवाद निरूपणलाई पृथक् गर्ने विषयलाई यही सुशासन सुधारको एउटा भागका रूपमा हेर्नुपर्छ ।

बिमा नियमन/प्रवर्द्धन र बिमा दाबी विवाद निरूपण कार्यलाई पृथक् रूपमा सम्पादन गर्ने अभ्यास धेरै मुलुकमा देखिन्छ । भारतमा बिमा क्षेत्रको नियमन र विकासको जिम्मेवारी बोकेको भारतीय बिमा नियामक तथा विकास प्राधिकरण (आईआरडीएआई) मा बिमा दाबीको न्याय निरूपण गर्ने अधिकार छैन । त्यसका लागि बेग्लाबेग्लै संयन्त्र छन् । जस्तै, बिमा विवाद समाधान नियोगको व्यवस्था छ भने सवारी दुर्घटनाबाट हुने मृत्यु, शारीरिक चोटपटक वा तेस्रो पक्षको सम्पत्तिमा भएको क्षतिसम्बन्धी क्षतिपूर्तिको दाबीबारे निर्णय र समाधान गर्न विशेष न्यायिक निकाय मोटर एक्सिडेन्ट क्लेम्स ट्रिब्युनल्सको व्यवस्था छ ।

बेलायतमा पनि बिमा क्षेत्रको नियमन र सुपरिवेक्षण गर्ने निकायलाई बिमा दाबीसम्बन्धी विवादको न्यायिक निरूपणको जिम्मेवारी दिइएको छैन । त्यहाँ उपभोक्ता र वित्तीय संस्थाबीचका विवाद समाधानका लागि वित्तीय गुनासो तथा विवाद समाधान सेवाजस्ता छुट्टै संयन्त्र सञ्चालनमा छ । यसले नियमन तथा प्रवर्द्धन गर्ने निकाय र दाबी विवादको स्वतन्त्र निरूपण गर्ने निकाय संस्थागत रूपमा अलग हुनुपर्ने बताउँछ ।

देशको आर्थिक, सामाजिक सुधारको पहिलो आवश्यकता स्पष्ट र उद्देश्यमूलक कानुनी व्यवस्था हो । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले आर्थिक वर्ष २०८३/८४ लाई कानुन सुधार तथा कानुन निर्माण वर्ष घोषणा गरी यस अवधिमा १६६ वटा कानुन निर्माण वा परिमार्जन गर्ने लक्ष्य लिएको छ । त्यस्तै, मन्त्रिपरिषद्को २०८२ चैत १३ को निर्णयबाट पूर्वाधार न्यायाधिकरण गठनको प्रक्रिया अगाडि बढाइएको छ ।

बिमा न्यायाधिकरणको स्थापना गर्नु भनेको नेपाल बिमा प्राधिकरणको मूल अधिकार वा महत्त्व घटाउनु होइन । बिमा न्यायाधिकरणको स्थापनाले त बिमा प्राधिकरणलाई आफ्नो मूल जिम्मेवारीमा अझ केन्द्रित हुन सहयोग पुर्‍याउनेछ । साथै, बिमा न्यायाधिकरणले विवादको स्वतन्त्र न्यायिक निरूपणमा विशेषज्ञता विकास गर्नेछ । यसरी एउटै संस्थाले दुवै काम गर्ने होइन कि दुई संस्थाले आ-आफ्नो मूल काम अझ प्रभावकारी रूपमा गर्नेछन् ।

नेपाल बिमा प्राधिकरणमा जिल्ला अदालतसरहको न्याय निरूपण अधिकार निहित रहेकाले यसको फैसलाउपर स्वाभाविक रूपमा उच्च अदालत पाटनमा पुनरावेदन गर्ने विकल्प छ । पुनरावेदन गर्ने विकल्प रहेकै कारण पहिलो तहको यस न्याय निरूपण कार्यप्रक्रियालाई अहिले जस्तै अलपत्र छाडिरहेमा बिमा क्षेत्रप्रति नागरिकको विश्वास थप खस्किनेछ । त्यसो हुन नदिन नेपाल बिमा न्यायाधिकरण गठन गर्न लाग्ने समयसम्मका लागि बिमा प्राधिकरणमा रहेको इजलास कोठामा अदालती स्वरूपमै अनिवार्य सुनुवाइ गर्ने गरी तत्काल नियमावली तर्जुमा गरी कार्यान्वयन गर्न सकिन्छ । त्यसले नेपाल बिमा न्यायाधिकरण गठनका लागि आधारसमेत दिनेछ ।

# चन्द्रमामा स्थायी आणविक स्टेसन बनाउने दौडमा महाशक्ति

**आणविक ऊर्जासम्बन्धी रुसको अनुभव र पूर्वाधार तथा त्यसमा ठूलो लगानी गर्न सक्ने चीनको क्षमताले अमेरिकालाई आफू पछाडि परिने भय छ, त्यही कारण उसले चीन-रुसभन्दा अघि सन् २०३० भित्रै चन्द्रमामा आणविक भट्टी स्थापना गर्ने महत्त्वाकांक्षी लक्ष्यसाथ काम गरिरहेको छ**

**अन्वेषण अधिकारी** (काठमाडौं)

चन्द्रमाको दक्षिणी ध्रुवनजिकै आणविक भट्टी (न्युक्लियर रियाक्टर) स्थापना गर्ने दौडमा अहिले रुस-चीन र अमेरिका रहेका छन् । अमेरिकी सञ्चारमाध्यम न्युयोर्क टाइम्समा प्रकाशित समाचारअनुसार सन् २०३० भित्रै न्युक्लियर रियाक्टर बनाउने लक्ष्यसाथ अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले तीव्र गतिमा काम गरिरहेको छ ।

वैज्ञानिकहरूका अनुसार चार वर्षभित्रै यस्तो अत्याधुनिक प्रणाली निर्माण गर्नु प्राविधिक रूपमा चुनौतीपूर्ण छ । तर नासाले आफ्नो कामलाई तीव्रता दिएको छ । यसको एउटा प्रमुख कारण पछिल्ला वर्षहरूमा अन्तरिक्ष अभियानमा रुस र चीनबाट अमेरिकाले सामना गरिरहेको रणनीतिक चुनौती हो । रुस-चीनले संयुक्त रूपमा सन् २०३६ सम्म चन्द्रमामा आणविक भट्टी सञ्चालनमा ल्याउने योजना बनाएका छन् । यसका लागि उनीहरूले ठूलो लगानी गरिरहेका छन् ।

तीन वटै महाशक्ति देशको यो दौड अन्तरिक्षमा भविष्यका खोज, अनुसन्धान र रणनीतिक उपस्थितिसँग जोडिएको छ । अमेरिका तथा चीन-रुस समूह दुवै चन्द्रमामा रहेका सम्भावित मूल्यवान् स्रोतहरू (जस्तै- पानीको बरफ, टाइटेनियम, फलाम र अन्य तत्त्व) को उपयोग गर्न तथा त्यहाँबाट सौर्यमण्डलका अन्य भागमा विस्तृत खोजी गर्न चाहन्छन् । यसका लागि चन्द्रमामा स्थायी स्टेसन निर्माण गर्नु महत्त्वपूर्ण हुनेछ । त्यस्ता स्टेसनका लागि भरपर्दो र निरन्तर ऊर्जा स्रोत आवश्यक पर्छ, जसको जोहो आणविक भट्टीले गर्न सक्नेछ ।

स्थायी स्टेसनमा रहेका उपकरणलाई सञ्चालनमा राख्न, अन्तरिक्ष यात्रीहरूको जीवनयापन प्रणाली चलाउन, ताप व्यवस्थापन गर्न र उपकरण चार्ज गर्न पर्याप्त ऊर्जा आवश्यक हुन्छ । घाम लागेका बेला सौर्य प्यानल र रेडियोआइसोटोप पावर प्रणालीबाट ऊर्जा लिन सकिन्छ । तर चन्द्रमामा पृथ्वीको हिसाबले करिब १४ दिनसम्म लगातार रात पर्न सक्छ । चन्द्रमाको दक्षिणी ध्रुवनजिक सधैं छाया पर्ने क्षेत्रमा तापक्रम अत्यन्त न्यून हुन्छ । त्यहाँ ऊर्जा व्यवस्थापन झन् चुनौतीपूर्ण हुन्छ । यस्तो अवस्थामा निरन्तर विद्युत् उत्पादन गर्न सक्ने आणविक भट्टी महत्त्वपूर्ण विकल्प बन्न सक्छ ।

दक्षिणी ध्रुवमा पहिलो पटक आणविक भट्टी स्थापना गर्ने देशले त्यस वरपरका गतिविधिलाई सुरक्षित र व्यवस्थित बनाउन विशेष क्षेत्र निर्धारण गर्न सक्छ । जसकारण भविष्यमा त्यहाँ अन्य देशका यान तथा संरचना पुग्न जटिल हुन सक्छ । यही रणनीतिक सम्भावनाका कारण पनि महाशक्तिहरू चन्द्रमामा स्थायी पूर्वाधार निर्माणको दौडमा हतार गरिरहेका छन् ।

चन्द्रमामा ठूलो आणविक भट्टी बनाउने विषयले अहिले चर्चा पाए पनि यसको प्राविधिक तयारी नयाँ होइन । सन् १९६५ मै पहिलो पटक एउटा आणविक रियाक्टर अन्तरिक्षमा पुर्‍याइएको थियो । ३ अप्रिल १९६५ मा अमेरिकाले स्न्याप १० ए नामक रियाक्टर प्रक्षेपण गरेको थियो । यो निकै सानो र कम क्षमताको थियो, जसलाई पृथ्वीको कक्षमा परिक्रमा गर्ने भूउपग्रहका लागि परीक्षण प्रणालीका रूपमा विकास गरिएको थियो । यसले ४३ दिनसम्म ऊर्जा उत्पादन गरेको थियो । त्यसपछि विद्युत् प्रणालीमा समस्या आउँदा रियाक्टर बन्द भयो ।



नासा

त्यसयता अमेरिकाले अन्तरिक्षमा आणविक ऊर्जासम्बन्धी कार्यक्रमहरूमा ठूलो लगानी गरेको भए पनि अर्को आणविक रियाक्टर अन्तरिक्षमा पठाएको छैन । यसको सट्टा अन्तरिक्ष अभियानमा आणविक ब्याट्री अर्थात् रेडियोआइसोटोप थर्मोइलेक्ट्रिक जेनेरेटर (आरटीजी) को व्यापक प्रयोग हुँदै आएको छ । यस्तो प्रणालीले प्लुटोनियम-२३८ को प्राकृतिक रेडियोधर्मी क्षयबाट उत्पन्न हुने तापलाई ऊर्जामा रूपान्तरण गर्छ ।

अन्तरिक्ष रियाक्टरलाई व्यावहारिक प्रयोगमा ल्याउन अमेरिकाभन्दा बढी सफलता तत्कालीन सोभियत संघले हासिल गरेको थियो । १९६० को दशकदेखि तयारी गरिरहेको मस्कोले १९७० र १९८० को दशकमा साना रियाक्टरद्वारा सञ्चालित ३० वटाभन्दा बढी उपग्रह पृथ्वीको तल्लो कक्षमा स्थापित गरेको थियो । प्राविधिक सुरक्षा र बजेट अभावले त्यसपछि यस्ता प्रक्षेपणहरू रोकिए । तर लामो समयसम्म अन्तरिक्षमा रियाक्टर सञ्चालन गर्दा रुसी वैज्ञानिकहरूले यस क्षेत्रमा महत्त्वपूर्ण व्यावहारिक अनुभव हासिल गरे ।

रुसी सरकारी समाचार संस्था tाससँग कुर्चातोभ इन्स्टिच्युटका अध्यक्ष मिखाइल कोभाल्चुकले अन्तरिक्ष आणविक ऊर्जाको क्षेत्रमा रुससँग प्रतिस्पर्धा गर्न सक्ने अर्को मुलुक नरहेको दाबी गरेका छन् । कुर्चातोभ इन्स्टिच्युटले अहिले चन्द्रमामा स्थापना गरिने आणविक ऊर्जा प्रणालीको डिजाइनमा सहयोग गरिरहेको छ ।

यसबाहेक, अन्तरिक्ष तथा चन्द्र अभियानका लागि उपयुक्त मानिने उच्च-प्रशोधित युरेनियमको आपूर्तिमा पनि रुसको महत्त्वपूर्ण भूमिका छ । अमेरिकामा यस्तो इन्धन उत्पादन क्षमता लामो समयसम्म सीमित रह्यो । कुनै समय अमेरिकाले रुसबाटै आणविक इन्धन आयात गर्थ्यो । तर रुस-युक्रेन युद्धपछि अमेरिकाले रुसी आणविक इन्धन निर्यातमा समेत प्रतिबन्ध लगाउने कदम अघि बढाएको छ ।

आणविक ऊर्जासम्बन्धी रुसको अनुभव र पूर्वाधार तथा त्यसमा ठूलो लगानी गर्न सक्ने चीनको क्षमताले अमेरिकालाई यस अभियानमा आफू पछि परिने भय छ । त्यही कारण चीन-रुसभन्दा अघि सन् २०३० भित्रै चन्द्रमामा आणविक भट्‍टी र त्यससम्बन्धी प्रणाली स्थापना गर्ने महत्त्वाकांक्षी लक्ष्य अमेरिकाले अघि सारेको छ ।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले अन्तरिक्ष अभियानमा 'अमेरिका फर्स्ट' नीतिलाई प्राथमिकता दिँदै आएका छन् । अर्कातर्फ, चीनलाई विश्वको अग्रणी शक्तिका रूपमा स्थापित गर्ने अभियानमा रहेका चिनियाँ राष्ट्रपति सी चिनफिङले विज्ञान, प्रविधि र अन्तरिक्षलगायतका क्षेत्रमा आफ्नो मुलुक अगुवा बन्नुपर्नेमा जोड दिँदै आएका छन् ।

पश्चिमा राष्ट्रसँग तनावपूर्ण सम्बन्धमा रहेको रुस पछिल्ला वर्षहरूमा चीनसँग थप नजिकिएको छ । रुसी अर्थतन्त्रका आफ्नै सीमितता भए पनि चीनको आर्थिक तथा औद्योगिक क्षमता र रुसको आणविक प्रविधिसम्बन्धी अनुभवको संयोजनले अन्तरिक्ष अभियानमा सफलता हासिल गर्न सकिने मस्कोको अपेक्षा देखिन्छ ।

विज्ञहरूले भने हतारमा चन्द्रमामा स्थायी स्टेसन निर्माण गर्न खोज्नु जोखिमयुक्त हुन सक्ने बताएका छन् । यसका लागि लामो अनुसन्धान र परीक्षण आवश्यक पर्ने उनीहरूको धारणा छ । खाल्डाखुल्डीले भरिएको चन्द्रमाको सतहमा ठूलो परिमाणमा संवेदनशील उपकरण र रेडियोधर्मी सामग्री सुरक्षित रूपमा पुर्‍याउन सक्ने प्रमाणित ल्यान्डर अहिलेसम्म बनेको छैन । अर्कातर्फ कम गुरुत्वाकर्षण भएको चन्द्रमाको सतहमा कुनै आणविक रियाक्टर जडान गरेर सञ्चालन गरिएको छैन । चन्द्रमामा बन्ने स्थायी स्टेसनका लागि कति विद्युत् आवश्यक पर्छ भन्ने विषयमा पनि अझै विभिन्न अनुमान र अध्ययन भइरहेका छन् । हङकङ युनिभर्सिटी अफ साइन्स एन्ड टेक्नोलोजीका परमाणु वैज्ञानिक तथा प्राध्यापक जुलियन डे ट्रुलियोउड डे लानभर्सिनले द न्युयोर्क टाइम्ससँग भनेका छन्, 'अहिलेको अवस्थामा केही पनि निश्चित छैन ।'

यस कार्यले पृथ्वीमा पनि जोखिम निम्त्याउन सक्छ । उदाहरणका लागि, सन् १९७८ मा सोभियत संघले प्रक्षेपण गरेको आणविक शक्तियुक्त भूउपग्रह कोस्मोस-९५४ असफल भएर पृथ्वीमै फर्किएको थियो । क्यानडाको उत्तर-पश्चिमी क्षेत्रमा खसेको उक्त भूउपग्रहका टुक्राबाट रेडियोधर्मी पदार्थ केही क्षेत्रमा फैलिएको थियो । झन्डै एक वर्षसम्म सरसफाइ गर्दा पनि भूउपग्रहको ऊर्जा स्रोतको ०.१ प्रतिशत सामग्री मात्रै पुनः प्राप्त गरिएको थियो ।

अमेरिका र रुसले चन्द्रमाका लागि विकास गरिने रियाक्टरहरू चन्द्रमामा नपुग्दासम्म निष्क्रिय अवस्थामा राखिने अवधारणा अघि सारेका छन्, जसले प्रक्षेपणको समयमा जोखिम कम गर्न सक्छ । वैज्ञानिकहरूका अनुसार, निष्क्रिय अवस्थामा रहेको आणविक इन्धन सक्रिय रियाक्टरभन्दा कम जोखिमपूर्ण हुन्छ । रकेट प्रक्षेपणकै क्रममा हुने दुर्घटना वा अनियन्त्रित विस्फोटको सम्भावना भने पूर्ण रूपमा हट्दैन ।

अर्कातर्फ, अन्तरिक्ष अभियानमा प्रयोग हुने प्रशोधित युरेनियमको विषय आणविक प्रसारसँग पनि जोडिन्छ । उच्चस्तरमा प्रशोधित युरेनियम आफैंमा संवेदनशील सामग्री हो । यसको उत्पादन, भण्डारण र प्रयोगमा कडा अन्तर्राष्ट्रिय निगरानी आवश्यक हुन्छ । यही कारण अन्तरिक्षका लागि आणविक इन्धन विकास गर्ने कार्यक्रमले सुरक्षा र आणविक प्रसारसम्बन्धी बहस पनि निम्त्याएको छ । चन्द्रमामा आणविक रियाक्टर स्थापना गर्ने प्रतिस्पर्धा ऊर्जा उत्पादनको विषय मात्र होइन । यो भविष्यमा चन्द्रमामा कसले पहिले स्थायी पूर्वाधार निर्माण गर्छ, कसले त्यहाँ वैज्ञानिक तथा औद्योगिक गतिविधि विस्तार गर्छ र कसले सौर्यमण्डलको विस्तृत अध्ययनका लागि रणनीतिक आधार तयार गर्छ भन्ने प्रश्नसँग पनि जोडिएको छ ।

## कागन र सोईलाई रसायनशास्त्रतर्फको नोबेल पुरस्कार



हेनरी बी कागन



केन्सो सोई

एएफपी (स्टकहोम)- हेनरी बी कागन र केन्सो सोईलाई जैविक पदार्थ निर्माणमा हुने विशेष प्रकारको रासायनिक प्रक्रिया र स्वतः उत्प्रेरणासम्बन्धी खोजका लागि सन् २०२६ को रसायनशास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गरिने भएको छ ।

रोयल स्विडिस एकेडेमी अफ साइन्सेजले बुधबार स्टकहोममा यस वर्षको रसायनशास्त्रतर्फको नोबेल पुरस्कार विजेताको घोषणा गरेको हो । यस वर्ष नोबेल पुरस्कारको रकम १ करोड २० लाख स्विडिस क्रोनर रहेको छ । यो रकम एक जना, केही विजेताको समूह वा कुनै संस्थालाई प्रदान गरिनेछ । गत वर्ष नयाँ आणविक संरचनाको विकासका लागि तीन वैज्ञानिकलाई रसायनशास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गरिएको थियो । ती संरचनाले ठूलो मात्रामा ग्यास थुन्न सक्ने भएकाले वातावरणबाट हरितगृह ग्यास सोस्ने तथा मरुभूमिजस्ता सुक्खा क्षेत्रबाट आर्द्रता प्राप्त गर्ने प्रविधिको आधार तयार भएको थियो ।

यस वर्षको नोबेल पुरस्कारअन्तर्गत चिकित्साशास्त्रतर्फको पुरस्कार सोमबार तीन वैज्ञानिकलाई प्रदान गरिएको थियो । उनीहरूको अनुसन्धानले मस्तिष्कले कसरी काम गर्छ भन्ने अध्ययनका लागि प्रकाशको प्रयोग गर्ने उपकरण विकास गर्न योगदान पुर्‍याएको थियो । मंगलबार भौतिकशास्त्रतर्फको पुरस्कार न्युट्रिनोको दुर्लभ समूह नष्ट गर्ने प्रयाससम्बन्धी अनुसन्धानका लागि प्रदान गरिएको थियो ।

साहित्यतर्फको नोबेल पुरस्कार बिहीबार घोषणा गरिनेछ भने शुक्रबार शान्तितर्फको पुरस्कार प्रदान गरिनेछ । अर्थशास्त्रतर्फको नोबेल स्मृति पुरस्कार आगामी सोमबार घोषणा हुने कार्यक्रम छ ।



**विदेशी मुद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १५४.५८ |
| युरो | १७३.८४ |
| पाउन्ड स्टर्लिङ | २०४.७५ |
| अस्ट्रेलियन डलर | १०७.७४ |
| कतारी रियाल | ४२.४१ |

राष्ट्र बैंकको आधारमा

सुन रू. २,९२,३००

चाँदी रू. ४,४२५

# सडक–पुल नबन्दा आमाछोदिङ्मोमा बेच्न ठिक्क करोडौंको तरकारी अलपत्र

**गत्लाङमा बन्दा, मुला, आलु र सिमी बेच्नलाई ठिक्क छन् तर कत्ति पनि बेच्न नपाइएको किसानको गुनासो, यस गाउँमा करिब चार सय घरधुरीले व्यावसायिक तरकारी खेती गरिरहेका छन्**

**गंगा बीसी** (काठमाडौं)



रसुवाको आमाछोदिङ्मो–३ गत्लाङका किसानले फलाएको तरकारी ।



रसुवाको आमाछोदिङ्मो-३ गत्लाङकी छिरिङ साङमो तामाङले गएको वर्ष १२ लाख रुपैयाँको तरकारी बेचेकी थिइन् । तरकारीले राम्रो आम्दानी गर्ने भएपछि यस पटक उनले तरकारी खेती बढाएकी थिइन् । ३० लाखको तरकारी बेच्ने उनको तयारी थियो ।

तर १० भदौको भोटेकोशी बाढीले ३० लाख कमाउने उनको सपना चकनाचुर पारिदियो । बाढीले उनको गाउँलाई क्षति पुर्‍याएको त होइन, तर उनको गत्लाङ गाउँ जोड्ने सडक भत्किएपछि बेच्न ठिक्क तरकारी अलपत्र परेको छ । दसैंअघि तरकारी बेच्ने अवस्था नभए बारीमै कुहिने अवस्थामा पुगेको स्थानीयले बताएका छन् ।

'बारीमा लाखौंको तरकारी बेच्न तयार भइसकेको छ । तरकारी बेच्न नपाउँदा टेन्सले बिरामी भएर काठमाडौं आएकी छु,' उनले कान्तिपुरसँग भनिन्, 'पोहोरसाल १२ लाखको बेचेकी थिएँ । यस वर्ष खेती बढाएर ३० लाख जतिको तरकारी तयार भएको थियो । तरकारी बेच्ने बाटो नै नभएपछि बारीमा तयार भएको तरकारी कुहिन सक्ने डर भयो ।'

भोटकोशीमा बाढी गएको डेढ महिना पुग्न लागे पनि आमाछोदिङ्मो गाउँपालिकामा सडक सञ्जाल जोडिएको छैन । बाढीले बेत्रावतीमा भएको पक्की पुल बगाइदिएपछि आमाछोदिङ्मो सडक सञ्जालबाट विच्छेद भएको हो ।

गाउँपालिकाले किसानलाई अनुदान दिन थालेपछि आमाछोदिङ्मोका एक नम्बर वडाबाहेक चार वडामा तरकारी खेती विस्तार भएको थियो । छिरिङ दुई वर्षअघि तरकारी खेती गर्न काठमाडौंबाट गत्लाङ गएकी थिइन् । तरकारी खेतीबाट राम्रो आम्दानी हुन थालेपछि छोराछोरी काठमाडौंमा आमाको जिम्मा छाडेर गाउँ फर्केकी थिइन् ।

'खेतीकिसान गरेर खाऔं, केटाकेटी पढाऔं भनेर गाउँ फर्किएकी थिएँ । आमालाई साना नानीहरू हेर्न काठमाडौंबाट बोलाएर तरकारी खेती गरिरहकी थिएँ, छिरिङले भनिन्, 'अब तरकारी बेच्न पाइएन भने बारीमै कुहिएर जान्छ । लगानी, मिहिनेत खेर जाने डर छ ।'

तरकारी खेतीका लागि बैंकबाट चार लाख ऋण लिएको छिरिङले जनाइन् । गाउँ जाने बाटो र पुल बनाउन आफू श्रमदान गर्नसमेत तयार भएको उनको भनाइ छ । 'बाटो बनाउन श्रमदान गर्न तयार छु । हाम्रो आवाज सरकारले सुने हुन्थ्यो,' उनले भनिन्, 'सडक र पुल बन्नुपर्‍यो भनेर समाचार लेखिदिनू है, भाइ ।'

तत्काल सडक र पुल बन्न नसक्ने सम्भावना भएकाले विश्व खाद्य कार्यक्रमले खाद्यान्न लिएर गाउँ गएको हेलिकोप्टरलाई तरकारी पठाउन आग्रह गरिएको वडा नम्बर ३ का अध्यक्ष सुरेन्द्र तामाङको भनाइ छ । 'बारीमा तयार बन्दागोभी बेच्नुपर्ने समयमा बजार नगएर कुहिने भयो,' उनले भने, 'विश्व खाद्य कार्यक्रमको हेलिकोप्टरमा पठाउन सकिन्छ कि भनेर कुराकानी भयो, तर सम्भव भएन ।' गत वर्ष वडा नम्बर ३ बाट मात्रै तीन करोडको तरकारी बेचेको तामाङले सुनाए । 'हाम्रो सडक र पुल तत्काल बन्न नसक्ने सम्भावना भएकाले विश्व खाद्य कार्यक्रमले खाद्यान्न लिएर गाउँ गएको हेलिकोप्टरलाई तरकारी पठाउन आग्रह गरिएको तामाङले जनाए । भोटेकोशी बाढीले किसानलाई ठूलो मारमा पारेको उनले बताए । गाउँभरि बन्दा, मुला, आलु र सिमी बेच्नलाई तयार छन् । **बाँकी पृष्ठ ८**

# कांग्रेसको चुनावी प्रतिस्पर्धामा उद्यमीको लर्को

**कुन पदमा कसको उम्मेदवारी ?**



**विनोद चौधरी**
उपसभापति



**सुनील शर्मा**
महामन्त्री



**बहादुरसिंह लामा**
सहमहामन्त्री



**इन्द्रबहादुर बानियाँ**
केन्द्रीय सदस्य



**मोहन आचार्य**
केन्द्रीय सदस्य



**रवि सिंह**
केन्द्रीय सदस्य



**अनिल रुंगटा**
केन्द्रीय सदस्य



**खुमाप्रसाद अर्याल**
केन्द्रीय सदस्य



**छत्रबहादुर गिरी**
केन्द्रीय सदस्य



**तिलक रानाभाट**
केन्द्रीय सदस्य



**प्रेमकुमार खत्री**
केन्द्रीय सदस्य



**किरण केसी**
केन्द्रीय सदस्य

**विमल खतिवडा** (काठमाडौं)

काठमाडौंमा जारी कांग्रेसको १५औं महाधिवेशनमा फरक-फरक पदमा विभिन्न उद्योगी व्यवसायी उम्मेदवारी दिएर प्रतिस्पर्धामा उत्रिएका छन् । उद्योग, कृषि, पर्यटन, निर्माणलगायत क्षेत्रमा लामो समयदेखि काम गरिरहेकाहरू बिहीबार हुने चुनावी प्रतिस्पर्धामा होमिएका हुन् ।

त्यसैमध्येका एक हुन्, पूर्वसांसद एवं उद्योगी विनोद चौधरी । चौधरीले समावेशीतर्फ केन्द्रीय उपसभापति पदमा उम्मेदवारी दिएका छन् । 'आर्थिक विकासका एजेन्डालाई राजनीतिको केन्द्रमा पुर्‍याउन, युवाहरूका आकांक्षालाई सम्बोधन गर्न र आर्थिक रूपान्तरणमार्फत देशको विकासको नेतृत्व नेपाली कांग्रेसले नै गर्न सक्छ,' उनले भने, 'यो विश्वासलाई व्यवहारमा पुष्टि गर्न तथा कांग्रेसलाई नयाँ पुस्तासँग जोड्दै अझ सशक्त, आधुनिक र जनमुखी बनाउने संकल्पका लागि मेरो उम्मेदवारी हो ।' अब 'राजनीतिका लागि राजनीति' गरेर देशमा रूपान्तरण गर्न नसकिने चौधरीको भनाइ छ । 'यसका लागि आर्थिक समुन्नतिका स्पष्ट योजनामा काम गर्न आवश्यक छ,' उनले भनेका छन्, 'आर्थिक समुन्नतिको जिम्मेवारी सम्हाल्न म तयार छु ।' **बाँकी पृष्ठ ८**

# कालीगण्डकी करिडोरमा अवरोधले सिजनमै सुनसान मुस्ताङ

**दीपक परियार** (पोखरा)



**कालीगण्डकी करिडोरको बेनी–जोमसोम खण्डअन्तर्गत कालीगण्डकीले कटान गरेको सडक र पोखरेबगर पुलको पहुँचमार्ग मर्मत गरिँदै । तस्बिर : दीपक परियार**/कान्तिपुर

तीन दिन लगातारको वर्षाले कालीगण्डकी करिडोर क्षतविक्षत नहुँदो हो त मुस्ताङ यतिबेला पर्यटक आगमनले गुल्जार हुन्थ्यो । सोह्रश्राद्धमा कागबेनी पुग्ने श्रद्धालु, चाडबाडको छेकोमा बिदा मनाउन जाने आन्तरिक पर्यटक, मनाङबाट थोरोङ पास हुँदै मुस्ताङ झर्ने विदेशी पर्यटकको चहलपहलले मुस्ताङको अर्थतन्त्र चलायमान बनाउँथ्यो । तर ८ असोजदेखि तीन दिनसम्म निरन्तर परेको झरीले मुस्ताङ सडक सम्पर्कबाट विच्छेद भएको छ । बाढीपहिरोले पोल ढाल्दा विद्युत् र इन्टरनेट पनि अवरुद्ध छ ।

कालीगण्डकी नदीको कटान र पहिरोले कालीगण्डकी करिडोरको मालढुंगा-बेनी-जोमसोम-कोरला सडक झन्डै दुई सातादेखि अवरुद्ध छ । सडक विभागअन्तर्गत संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला सडक योजना) को तथ्यांकअनुसार तीन दिनको वर्षाले पर्वतको मालढुंगादेखि मुस्ताङको कोरलासम्म २६ स्थानमा सडक माथिबाट लेदोसहितको पहिरो झरेको थियो । पाँच स्थानमा सडकमाथिबाट ठूला ढुंगा झरेर बाटो अवरुद्ध भएको थियो । कालीगण्डकीले ८ स्थानमा कटान र २ स्थानमा डुबान गर्दा पूर्ण रूपमा सडक अवरुद्ध थियो । यसरी करिडोरको मालढुंगा-बेनी-जोमसोम-कोरला खण्डमा मात्रै ४१ ठाउँमा क्षति पुगेको थियो ।

कालीगण्डकीको कटान र पहिरोले म्याग्दीको सदरमुकाम बेनीबाट उत्तरतर्फ मुस्ताङसम्मै ठाउँ-ठाउँमा बिजुलीका पोल ढाल्ने र बगाउने गर्दा हालसम्म पूर्ण रूपमा विद्युत् आपूर्ति हुन सकेको छैन । हाल पर्वततर्फबाट भुरुङ तातोपानीसम्म विद्युत् जोडिएको म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेको भनाइ छ । त्यसभन्दा उत्तरतर्फ बत्ती छैन ।

सडकको मुस्ताङ खण्डमा पहिरो पन्छाएर दुईतर्फी यातायात सञ्चालन गरिए पनि म्याग्दीका तीन स्थानमा अझै अवरोध छ । बैंसेरी कुइँनेटो, पोखरेबगर पुलको पहुँच बाटो र भीरकाटेमा कालीगण्डकीले ठूलो कटान गरेको छ । सबैभन्दा धेरै क्षति पुर्‍याएको बैंसरी कुइँनेटोमा ३ सय मिटर कटान छ । अन्यत्रको पहिरो भने पन्छाइएको छ ।

हाल मुस्ताङ र म्याग्दीका उत्तरी भेगबाट बेनीतर्फ आउने स्थानीय तातोपानीसम्म सवारीसाधनमा आउँछन् । त्यहाँबाट पहिरो र कटानकै बीचबाट जोखिम मोलेर झन्डै ३ घण्टा हिँडेर बैंसेरी आइपुग्छन् । बैंसेरीमा बेनीतर्फबाट गएका सवारीसाधनमा चढेर बेनी र पोखरातर्फ आउँछन् । 'तातोपानीबाट रघुगंगा, बेगगाउँ हुँदै आउने बाटो पनि छ,' प्रमुख जिल्ला अधिकारी गैरेले भने, 'तर लामो पर्छ भनेर जोखिम मोलेरै पैदल हिँडिरहेका छन् ।'

करिडोर दसैंअघि नै पूर्ण रूपमा सञ्चालनमा ल्याउने गरी काम भइरहेको गैरेले बताए । सडक खण्डमा हाल ४० भन्दा बढी मेसिनको प्रयोग गरिएको उनको भनाइ छ । 'मेसिनलाई इन्धन पुर्‍याउन समस्या थियो, त्यो पनि सोमबारदेखि ड्रोनबाट पुर्‍याउन थालिएको छ,' उनले भने, 'पहिरो पन्छाउनेदेखि कटान भएको ठाउँमा ग्याबियन फिलिङ भइरहेको छ ।' बैंसेरी कुइँनेटोमा समय लाग्न सक्ने भएकाले उक्त पहिरोलाई छल्ने गरी बेनीबाट मौवाफाँट हुँदै बेगखोला, पोखरेबगर निस्कने वैकल्पिक बाटो पनि तयार भइरहेको उनले सुनाए ।

> **१० दिनदेखि सडक, विद्युत् र इन्टरनेट अवरुद्ध हुँदा मुस्ताङ र म्याग्दीको जनजीवन प्रभावित, दसैंअघि कालीगण्डकी करिडोर खोल्ने तयारी**

हाल आयोजनाले सडक मर्मतमा १२ एक्स्काभेटर, १० लोडर र १४ टिपर प्रयोग गरिरहेको कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडक योजनाका प्रमुख तेजस्वी शर्माको भनाइ छ । त्यसबाहेक जलविद्युत् आयोजना र स्थानीयका मेसिन पनि प्रयोग भइरहेका छन् । 'दसैंअघि जसरी पनि बाटो खुल्छ,' उनले भने, 'कतै सिंगल लेन हुन सक्छ तर ठूला सवारीसाधन ओहोरदोहोर गर्न मिल्ने गरी सडक खुलाउँछौं ।'

अहिले थोरोङ पास गरेर मुस्ताङ झरेका विदेशी पर्यटक जोमसोमबाट तारा र समिट एयरका जहाजबाट पोखरा फर्किने गरेका छन् । सडक, विद्युत् र इन्टरनेट अवरुद्ध हुँदा मुस्ताङको जनजीवन अस्तव्यस्त बनेको प्रमुख जिल्ला अधिकारी अजिता शर्माले बताइन् । करिडोरको मुस्ताङ खण्डमा कुनै अवरोध नभए पनि म्याग्दी खण्ड अवरुद्ध हुँदा ग्यासदेखि तरकारी र खाद्यान्नसम्मको अभाव देखिन थालेको उनले जनाइन् ।

'अहिले मुस्ताङमा खचाखच पर्यटक भित्रिने बेला हो तर यसपल्ट सुनसानजस्तै छ । पर्यटनमा ठूलो धक्का पुगेको छ,' शर्माले भनिन्, 'किसानले स्याउबाट राम्रो आम्दानी गर्ने बेलामा यातायात नचल्दा जिल्लाबाहिर पठाउन पाएका छैनन् । मुस्ताङको अर्थतन्त्र प्रभावित भएको छ ।' बाटो धेरै दिन अवरुद्ध भए ग्यासका साथै एम्बुलेन्स, सुरक्षाकर्मी, स्वास्थ्यकर्मीलगायतलाई आवश्यक पर्ने डिजेल, पेट्रोलको पनि अभाव सिर्जना हुने उनी बताउँछिन् । विद्युत् र इन्टरनेट नहुँदा सरकारी कार्यालयमा पनि पूर्ण क्षमतामा काम हुन नसकेको उनले सुनाइन् ।

यातायात ठप्प हुँदा मुस्ताङका किसानले स्याउ बिक्री गर्न पाएका छैनन् । पर्याप्त चिस्यान केन्द्रको अभावमा स्याउ टिपेर भण्डारण गर्न पनि सकेका छैनन् । हाल स्याउ बिक्री गर्ने बेला भए पनि स्थानीयले स्याउ टिप्न बन्द गरेको कृषि तथा पशु विकास कार्यालय, मुस्ताङका सूचना अधिकारी शेरबहादुर रावतले बताए ।

'टिपर पनि न राख्ने ठाउँ छ, न बेच्ने,' रावतले भने, 'टिपेर कुहाउनुभन्दा बोटमै राख्न किसानले उपयुक्त ठानेका छन् ।' गत वर्ष ६ हजार ६ सय ८४ टन स्याउ उत्पादन भएको थियो । स्याउ बिक्रीबाट ९९ करोड २१ लाख ३३ हजार रुपैयाँ मुस्ताङ भित्रिएको थियो । गत वर्षको तुलनामा यस वर्ष उत्पादन बढ्ने अनुमान गरिएको छ ।

सडक, विद्युत् र इन्टरनेट अवरुद्ध हुँदा कोरला नाका पनि प्रभावित भएको छ । भोटेकोशी बाढीपछि चीनसँगको एक मात्र व्यापारिक नाका कोरला पनि ठप्प भएको छ । ८ असोजअघि सामान लिन गएका झन्डै १ सय ५० कन्टेनर उतै थन्किएको मुस्ताङ भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत विदुर चुडालले जनाए । तीमध्ये केही कन्टेनर भने मुस्ताङ खण्डको सडक खुलेसँगै म्याग्दीको तातोपानीसम्म आएर बसेका छन् ।



## बढ्दो एआईका...

एआईले चुनौती मात्र नभएर दक्षिण एसियाली श्रम बजारमा नयाँ सीपयुक्त रोजगारी सिर्जना गर्ने र उत्पादकत्व बढाउने महत्त्वपूर्ण अवसर दिएको विश्व बैंककी मुख्य अर्थशास्त्री फ्रान्सिस्का ओन्सर्गेले बताइन्। मंगलबार आयोजित भर्चुअल कार्यक्रममा उनले एआईसम्बन्धी सीप भएका र एआईसँगै काम गर्न सक्ने जनशक्तिको माग बजारमा तीव्र रूपमा बढेको उल्लेख गरिन्।

'एआईका कारण केही परम्परागत वा प्रारम्भिक तहका रोजगारी विज्ञापनमा कमी आए पनि एआईसम्बन्धी सीप भएका कर्मचारीको माग बढेको छ,' उनले भनेकी छन्, 'यस्ता सीपयुक्त श्रमिकहरूले करिब ३० प्रतिशतसम्म बढी ज्याला वा प्रिमियम वेज पाइरहेका छन्।'

एआईका कारण अवसर र सम्भावना झनै ठूलो बने पनि यसका लागि अब फरक प्रकृतिका सीप आवश्यक पर्ने नेपालका सफ्टवेयर तथा सूचना प्रविधि कम्पनीहरूको छाता संगठन 'नास-आईटी' का निवर्तमान अध्यक्ष गौरव पाण्डे बताउँछन्। 'नयाँ पुस्तालाई एआईसँग मिलेर काम गर्न सक्ने एआई-कम्प्लिमेन्टरी क्षेत्रमा प्रशिक्षित गर्न जरुरी छ,' उनले भने, 'एआई टुल प्रयोग गरेर काम गर्न सक्ने, एआईले निकालेका रिजल्ट परीक्षण र प्रमाणीकरण गर्ने, डेटा तथा विषयगत ज्ञान हासिल गर्ने र सोलुसन डिजाइन गर्ने काम अबका युवाले जान्नुपर्ने हुन्छ।'

पाण्डेका अनुसार एआईले सिस्टम निर्माण गर्ने र डेटा संकलन गर्ने लागत निकै सस्तो बनाइदिएकाले धेरै कम्पनीले एआई तथा डिजिटल सेवा अपनाउँदै गएका छन्। यसले गर्दा बजारमा नयाँ-नयाँ कामको माग विस्तार हुने उनको भनाइ छ।

'सन् २०२५ मा विश्वको कुल अर्थतन्त्र करिब १ सय १८ ट्रिलियन डलर थियो। आउँदो १५ वर्षमा यो लगभग दोब्बर बढेर २ सय ट्रिलियन डलर नाघ्ने अनुमान छ,' पाण्डेले भने, 'सन् २०२६ मा विश्वभरि आईटी क्षेत्रमा कुल ६.३ ट्रिलियन डलर खर्च भइरहेको छ, यसमा सफ्टवेयर र आईटी सेवामा मात्रै ३.३ ट्रिलियन डलर खर्च हुन्छ। सन् २०४० सम्म पुग्दा प्रविधिमा हुने यो खर्च बढेर १२ देखि १५ ट्रिलियन डलर पुग्ने प्रक्षेपण छ। एआई र डिजिटल रूपान्तरणका कारण विश्वभरका कम्पनीले प्रविधिमा गर्ने लगानी र खर्च सोचेभन्दा धेरै गुणा बढाउने भएकाले आईटी सेवा निर्यात गर्ने नेपालजस्ता देशले ठूलो मात्रामा सेवा निर्यात गरी विदेशी मुद्रा भित्र्याउने अवसर छ।'

एआईले विश्वभर ठूलो संख्यामा रोजगारी खोस्ने त्रास फैलिए पनि दक्षिण एसियाली श्रम बजारमा एआईको असर अन्य विकासशील देशको तुलनामा कम रहने प्रतिवेदनले देखाएको छ। यो क्षेत्रमा एआईले पूर्ण रूपमा विस्थापित गर्न सक्ने, उच्च जोखिमका रोजगारी ७ प्रतिशत मात्रै रहेको तर विकसित देशहरूमा भने यस्तो जोखिम १५ प्रतिशतसम्म देखिने प्रतिवेदनमा उल्लेख छ।

नेपाल, भारत, बंगलादेश, भुटान, पाकिस्तान, श्रीलंका, माल्दिभ्सलगायत देशहरूमा कुल श्रम शक्तिको ४० प्रतिशतभन्दा बढी हिस्सा कृषि क्षेत्रमा रहेको हुँदा खेतबारी र शारीरिक श्रममा आधारित काममा एआईले सोझै मानिसलाई प्रतिस्थापन गर्न सक्ने जोखिम कम हुने प्रतिवेदनले औंल्याएको हो। विकसित देश र उदीयमान अर्थतन्त्रहरूमा भने डेटा इन्ट्री, बीपीओ, कार्यालयका प्रशासनिक कामहरूलाई एआईले अटोमेट (स्वचालित) गर्न सक्ने भएकाले ती देशमा एआईले रोजगारी खोस्ने जोखिम बढी देखिएको हो।

# नेपाल विज्ञापन संघको 'कृति इग्नाइट'

### विज्ञापन उद्योगमा संस्थाको नेतृत्वदायी भूमिकालाई थप सुदृढ बनाउँदै जानुपर्नेमा सरोकारवालाको जोड





नेपाल विज्ञापन संघ (आन) ले काठमाडौंमा बुधबार आयोजना गरेको 'कृति इग्नाइट' कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री विक्रम तिमिल्सिना (बायाँ)।

**कान्तिपुर संवाददाता** (काठमाडौं)

नेपाल विज्ञापन संघ (आन) ले काठमाडौंमा बुधबार 'कृति इग्नाइट' गर्‍यो। रेड बुल १३औं कृति अवार्डस् २०८३ को उद्घाटन सत्रअन्तर्गत उक्त कार्यक्रम गरिएको आनले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

नेपालको विज्ञापन तथा आमसञ्चार क्षेत्रमा सिर्जनशीलता र उत्कृष्टताको सम्मान गर्ने कृति अवार्ड्सको यस शृंखलाको यसै कार्यक्रममार्फत औपचारिक शुभारम्भ भएको विज्ञप्तिमा जनाइएको छ।

यस वर्षको कृति अवार्डस्ले देशका प्रमुख आर्थिक तथा नियमनकारी संस्थाको व्यापक सहकार्य र समर्थन प्राप्त गरेको आनले बताएको छ। यस कार्यक्रमलाई नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स र नेपाल सरकारको विज्ञापन बोर्डले समर्थन गरेको विज्ञप्तिमा उल्लेख छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री विक्रम तिमिल्सिनाले कृति अवार्डस्को सफलताको कामना गरे। राष्ट्रिय आर्थिक क्षेत्रमा आनको भूमिकालाई अझ व्यापक र समावेशी बनाउनुका साथै देशको बृहत्तर मिडिया तथा विज्ञापन उद्योगमा संस्थाको नेतृत्वदायी भूमिकालाई थप सुदृढ बनाउँदै जानुपर्नेमा कार्यक्रमका वक्ताहरूको जोड छ।

समारोहमा नेपालका विज्ञापन उद्योग तथा आमसञ्चार क्षेत्रको विकासक्रम झल्काउने अडियो-भिजुअल प्रस्तुत गरिएको थियो। आनका पूर्वअध्यक्ष तथा कृति अवार्डस्का प्रवर्द्धक तथा मिडिया अलायन्स नेपालका संस्थापक अध्यक्ष भास्करराज राजकर्णिकरले स्वागत मन्तव्य राखेका थिए।

कृति अवार्डस्को यस १३औं संस्करणको शीर्ष प्रायोजक सारस बेभरेज प्रालिका प्रबन्ध निर्देशक सुरेन्द्र सिलवाल तथा विज्ञापन बोर्डका अध्यक्ष सन्तोष श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरे। आनका अध्यक्ष सुदीप थापाले धन्यवाद ज्ञापन गर्दै सम्पूर्ण सहयात्री तथा सरोकारवालाहरूमा कृतज्ञता व्यक्त गरेको विज्ञप्तिमा जनाइएको छ।

ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल, सामुदायिक रेडियो प्रसारकहरूको संस्था, रेडियो ब्रोडकास्टर्स फोरम, नेपाल मिडिया सोसाइटी र मिडिया अलायन्स नेपाल यसै वर्षदेखि कृति अवार्डस्को सहआयोजकका रूपमा सहभागी रहेको विज्ञप्तिमा उल्लेख छ।

## वरिष्ठता र 'पिक एन्ड चुज'को चेपुवामा...

तर तीमध्ये कसलाई कुन आधारमा छान्ने, वरिष्ठताको भूमिका कति हुने वा कुन अवस्थामा न्यायाधीश परिवर्तन गर्न मिल्ने भन्ने विस्तृत मापदण्ड संविधानले तोकेको छैन। यही कारण संवैधानिक इजलास गठनमा समयक्रममा विभिन्न अभ्यास देखिएका छन्। वरिष्ठता, योग्य न्यायाधीशको 'रोस्टर' र प्रधानन्यायाधीशको छनोटका आधारमा इजलास गठन हुँदै आएको छ। सर्वोच्चका नियमित इजलासमा गोला प्रक्रिया लागू भएपछि पनि संवैधानिक इजलासमा भने प्रधानन्यायाधीशले न्यायाधीश तोक्ने व्यवस्था कायमै छ।

यसअघि पनि सर्वोच्च अदालतमा संवैधानिक इजलासको विषयलाई लिएर विवाद हुने गरेको थियो। २०७८ मा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको कार्यकालमा प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दाको सुनुवाइका क्रममा संवैधानिक इजलास गठनमा विवाद भएको थियो। जबराले आफ्नो नेतृत्वमा हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा र तेजबहादुर केसी रहेको इजलास गठन गरेका थिए। इजलासमा न्यायाधीश कार्कीको सहभागितामाथि प्रश्न उठेपछि उनी अलग भए। पछि सपना प्रधान मल्ललाई समावेश गरेर इजलास पुनर्गठन गरियो। दोस्रो पटक प्रतिनिधिसभा विघटन भएपछि पनि संवैधानिक इजलास गठन गर्दा न्यायाधीश तेजबहादुर केसी र बमकुमार श्रेष्ठको सहभागितामाथि प्रश्न उठ्यो।

न्यायाधीशहरूबीच मतभेद बढ्दै गएपछि सर्वोच्चका न्यायाधीशहरूले इजलास बहिष्कार गर्ने अवस्था सिर्जना भयो। त्यस क्रममा पेसी तोक्न गोला प्रक्रिया लागू गर्ने निर्णय भयो। जबराको कार्यशैलीलाई लिएर उत्पन्न विवादकै बीच १ फागुन २०७८ मा उनीविरुद्ध संसद्मा महाभियोग प्रस्तावसमेत दर्ता भएको थियो। इजलास गठनको विवाद मात्र महाभियोगको कारण भने थिएन।

त्यसपछि पनि संवैधानिक इजलास गठनको विधिबारे बहस रोकिएन। प्रकाशमानसिंह राउत प्रधानन्यायाधीश भएका बेला संवैधानिक निकायमा गरिएको ५२ पदाधिकारी नियुक्तिको मुद्दामा १८ असार २०८२ मा फैसला हुँदा पाँच सदस्यीय इजलासमा दुई न्यायाधीशको फरक मत थियो।

फैसलापछि राउतले संवैधानिक इजलासमा पनि गोला प्रक्रिया लागू गर्ने प्रस्ताव अघि सारे। १२ साउनको वार्षिक समीक्षा बैठकपछि 'फुलकोर्ट' मा यस विषयमा छलफल भयो। तर नौ न्यायाधीश प्रस्तावको पक्षमा र १० विपक्षमा रहे। सहमति हुन नसकेपछि योग्य न्यायाधीशहरूको 'रोस्टर' बाट वरिष्ठतालाई ध्यान दिएर प्रधानन्यायाधीशले संवैधानिक इजलास गठन गर्ने अभ्यासतर्फ फर्किएको थियो। तर त्यसले पनि स्थायी विधिको रूप लिन सकेन।

पूर्वन्यायाधीश ईश्वरप्रसाद खतिवडाका अनुसार संवैधानिक इजलास गठन गर्दा परिणामलाई ध्यानमा राखेर न्यायाधीश छान्ने अभ्यास भयो भन्ने आशंका उत्पन्न हुनु नै समस्याको सुरुवात हो। 'नतिजा हेरेर इजलास गठन गरेपछि समस्या हुन्छ,' उनले भने, 'जसले इजलास गठन गर्ने हो, उसले खेलफड्को वा गडबड गर्न खोजेपछि विवाद नआए के आउँछ ?' उनका अनुसार संवैधानिक इजलास गठनको प्रक्रिया पारदर्शी र निष्पक्ष देखिनुपर्छ।

मनोजकुमार शर्मा प्रधानन्यायाधीश बनेपछि संवैधानिक इजलास गठनमा वरिष्ठताको अभ्यासबारे प्रश्न उठ्दै आएको छ। शर्मा गत वैशाखमा प्रधानन्यायाधीशका लागि सिफारिस हुँदा सपना प्रधान मल्ल, कुमार रेग्मी र हरि फुयाल उनीभन्दा वरिष्ठ न्यायाधीश थिए। त्यसअघि वरिष्ठताका आधारमा संवैधानिक परिषद्ले प्रधानन्यायाधीश सिफारिस गर्ने अभ्यास थियो। शर्माको नियुक्ति असंवैधानिक भने थिएन। अहिले भने संवैधानिक इजलास गठनको आधारबारे बहस फेरि चलेको हो।

शर्माको नेतृत्वमा १३ जेठमा गठन भएको पहिलो संवैधानिक इजलासमा वरिष्ठ न्यायाधीश कुमार रेग्मी थिएनन् भने सपना प्रधान मल्ल बिदामा थिइन्। त्यसपछि गठन भएका संवैधानिक इजलासमा पनि वरिष्ठताक्रम नमिलाइएको भन्दै प्रश्न उठ्दै आएको थियो।

पछिल्लो फुलकोर्ट बैठकमा न्यायाधीशहरूले संवैधानिक इजलास गठनको विषय उठाएका थिए। वरिष्ठ न्यायाधीशहरूलाई इजलासमा नराखिएकामा उनीहरूको प्रश्न थियो। बुधबार त्यो प्रश्न बैठकको कोठाबाट इजलासमै पुग्यो। 'न्यायाधीश फुयालले आफूलाई यसअघि संवैधानिक इजलासमा नराखिएको र अहिले एकाएक राखिएको विषयमा प्रश्न गर्नुको अर्थ सर्वोच्चमा तीव्र उतारचढाव भइरहेको भनेर बुझेका छौं,' सर्वोच्चका एक अधिकारीले भने।

नेपाल बार एसोसिएसनले पनि संवैधानिक इजलास गठनमा स्पष्ट विधि आवश्यक रहेको बताउँदै आएको छ। बार अध्यक्ष विजयकुमार मिश्र वरिष्ठताका आधारमा स्वतः न्यायाधीश तोकिने वा गोला प्रक्रिया अपनाउनेमध्ये एउटा विधि तय गर्नुपर्ने बताउँछन्। 'बारले पटक-पटक भन्दै आएको छ- अब संवैधानिक इजलासमा पनि गोला प्रक्रिया हुनुपर्छ,' उनले भने, 'कि वरिष्ठताका आधारमा स्वतः तोकिने व्यवस्था हुनुपर्‍यो। प्रधानन्यायाधीशको तजबिज मान्य हुँदैन।' संवैधानिक इजलासमा को न्यायाधीश रहने भन्ने विषयमा स्पष्ट र पूर्वानुमानयोग्य व्यवस्था नहुँदा कानुन व्यवसायीसमेत अन्योलमा पर्ने उनको भनाइ छ।

संवैधानिक इजलासमा सरकारी कर्मचारीका ट्रेड युनियन खारेजीलगायतका विषय पुगेका छन्। यसअघि सम्पत्ति छानबिन आयोगसम्बन्धी एउटा मुद्दालाई फुल बेन्चमा पठाउने आदेश भइसकेको अवस्थामा संवैधानिक इजलासमा ल्याइएको विषयमा समेत नेपाल बारले प्रश्न उठाएको थियो। 'पटक-पटक संवैधानिक इजलास किन विवादमा परिरह्यो, अब सोच्नुपर्छ र निकास निकाल्नुपर्छ,' पूर्वन्यायाधीश भट्टराईले भने, 'प्रधानन्यायाधीशले पूर्ण बैठक बोलाई सबै मिलेर समाधान र यसको विकल्प खोज्नुपर्छ।'

## कांग्रेसको चुनावी प्रतिस्पर्धामा...

मेडिकल व्यवसायी सुनील शर्माले महामन्त्री पदमा खुलातर्फबाट उम्मेदवारी दिएका छन्। उनी विशेष महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित हुन्। 'मेरो उम्मेदवारी कुनै पद प्राप्तिको आकांक्षा होइन, कांग्रेसलाई जनमुखी, सेवामुखी, आधुनिक र परिणामुखी बनाउने संकल्प हो,' उनले फेसबुकमा भनेका छन्, 'बीपी कोइरालाको विचार, लोकतान्त्रिक मूल्य र जनसेवाको भावनालाई केन्द्रमा राखेर पार्टी र जनताबीचको सम्बन्ध अझ बलियो बनाउने मेरो प्रतिबद्धता छ।'

बागमतीका पूर्वमुख्यमन्त्री बहादुरसिंह लामा (तामाङ) ले सहमहामन्त्रीमै दोहोरिने गरी उम्मेदवारी दिएका छन्। नुवाकोटका उनी विशेष महाधिवेशनबाट सहमहामन्त्री बनेका थिए। आदिवासी जनजातिका तर्फबाट उनले उम्मेदवारी दिएका हुन्। 'अप्ठ्यारो अवस्था हुँदा विशेष महाधिवेशनबाट हामी आएका हौं, जेन-जी आन्दोलनपछि पार्टीमा पुस्तान्तरण गर्नुपर्छ भनेर अघि बढेका हौं,' उनले भने, 'यसअघि म दुई पटक केन्द्रीय सदस्य भएँ। तर अहिले छोटो समयका लागि सहमहामन्त्री भए पनि उक्त पदमा रहेर धेरै काम गर्न सकिएन।'

मुलुकको आयस्रोत बढाउने गरी गुरुयोजना बनाएर अघि बढ्नुपर्ने उनको भनाइ छ। २०५४ मा गाविस अध्यक्ष हुँदै पार्टीका विभिन्न जिम्मेवारीमा रहेर काम गर्दै आएको लामाले सुनाए। उनी हिमदुङ एन्ड थोकर कन्स्ट्रक्सन कम्पनीका संस्थापक हुन्।

बागमतीका पूर्वमुख्यमन्त्री इन्द्रबहादुर बानियाँले खुलातर्फ केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छन्। कांग्रेस बागमती प्रदेश कार्यसमिति सभापति बानियाँले पार्टीलाई एकताबद्ध र बलियो बनाउने उद्देश्य राखेर उम्मेदवारी दिएको जनाए। उनले संघ सरकारको गृह राज्यमन्त्री तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री भएर काम गरिसकेका छन्।

'मैले खुलातर्फ ४५ जना केन्द्रीय सदस्यमा उम्मेदवारी दिएको हुँ, कांग्रेसभित्र आन्तरिक एकतालाई मजबुत बनाउन बाँकी छ,' बानियाँले भने, 'त्यो आन्तरिक एकतालाई मजबुत बनाउन सबैलाई समेट्दै अघि बढाउन सकिन्छ कि, संवाद गर्न सकिन्छ कि, अझै पनि दुःखेको मनलाई मिलाउन सकिन्छ कि भनेर सदस्यमा उम्मेदवारी दिएको हुँ।' उनी बानियाँ निर्माण सेवाका संस्थापक हुन्।

व्यवसायी अनिल रुंगटाले मधेशी खुला केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छन्। उनी २०७० सालमा समानुपातिकतर्फ सांसद बनेका थिए। उनी संसदीय चुनावमा प्रतिस्पर्धा गर्दै आएका छन्। उनी स्टिल, पूर्वाधार, जलविद्युत् र खाद्यान्न जस्ता विभिन्न व्यावसायिक क्षेत्रमा आबद्ध छन्।

यसअघि पनि केन्द्रीय सदस्य भइसकेका रुंगटा आफू गरिखाने समुदायबाट आएको बताउँछन्। 'मुलुकमा आर्थिक रूपान्तरण कसरी गर्ने भनेर देशमा समृद्धि ल्याउन सबै तहतप्काका मानिस चाहिन्छ,' उनले भने, 'पार्टीमा राजनीति गर्ने मात्र होइन, गरिखाने, बुद्धिजीवीलगायत हरेक वर्गको सहभागिता हुनुपर्छ।' अब मुलुकलाई आर्थिक रूपान्तरण र समृद्धिको बाटोमा लैजाने योजनासहित आफूले केन्द्रीय सदस्यमा उम्मेदवारी दिएको रुंगटाले सुनाए।

रसुवाबाट प्रतिनिधिसभा सदस्य रहेका मोहन आचार्यले खुला केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छन्। 'पार्टीलाई समयसापेक्ष र एकताबद्ध बनाउँदै अगाडि लग्ने उद्देश्य राखेर उम्मेदवारी दिएको हो,' उनले भने। उनी इन्जिनियर पृष्ठभूमिका व्यक्ति हुन्। यस्तै रसुवा कन्स्ट्रक्सन कम्पनीका उनी संस्थापक हुन्।

युवा पर्यटन व्यवसायी प्रेमकुमार खत्रीले खसआर्यतर्फ केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छन्। उनी गोरखाबाट महाधिवेशन प्रतिनिधि निर्वाचित भएका हुन्। 'आज जनताले कांग्रेससँग केवल सत्ता होइन, भरोसा खोजिरहेका छन्, युवाले केवल आश्वासन होइन अवसर खोजिरहेका छन्,' उनले भने, 'कार्यकर्ताले भाषण होइन, सम्मान र न्याय खोजिरहेका छन्, यसका लागि पनि मेरो उम्मेदवारी हो।'

चियाको उत्पादन र निर्यात गर्दै आएका झापाका व्यवसायी छत्रबहादुर गिरीले पनि खसआर्यबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छन्। उनको मुख्य एजेन्डा निर्यातमुखी अर्थतन्त्र, रोजगारी सिर्जना तथा कृषिमा आधुनिकीकरण छ। 'खुलातर्फबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिएको छु,' उनले भने, 'एजेन्डा अर्थतन्त्र बलियो नबनाई मुलुकको विकास हुँदैन। बलियो बनाउन निर्यातमुखी औद्योगिकीकरण र कृषिमा आधुनिकीकरणको आवश्यक छ।'

स्याङ्जाका मेडिकल व्यवसायी खुमाप्रसाद अर्यालले भूगोलतर्फबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छन्। 'लामो समयदेखि पार्टीमा आबद्ध थिएँ, अहिलेसम्म केन्द्रीय सदस्यमा उम्मेदवारी दिएको थिइनँ,' उनले भने, 'पहिलो पटक उम्मेदवारी दिएको हुँ, म जुन पेसामा आबद्ध छु, पार्टीको जिम्मेवार पदमा पुगेर आर्थिक पक्षलाई नयाँ परिवेशमा डोऱ्याउने प्रयत्न गर्नेछु।'

निर्माण व्यवसायी महासंघका पूर्वअध्यक्ष रवि सिंहले पनि आदिवासी जनजातितर्फबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छन्। विचारबाट विकाससम्मको मार्गदर्शन, गुणस्तरीय पूर्वाधार निर्माण, सक्षम जनशक्ति उत्पादनलगायत विषयमा आफूले पार्टीमा योगदान दिने उनको भनाइ छ।

विशेष महाधिवेशनबाट केन्द्रीय सदस्य बनेका कास्कीका व्यवसायी तिलक रानाभाटले पनि केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छन्। महाधिवेशनमा उनले भोजन व्यवस्थापन समितिको संयोजक भएर काम गरिरहेका छन्। 'पार्टीले अघि सारेको सोच, योजनालाई केन्द्रीय सदस्यका रूपमा मूर्त रूप दिने गरी उम्मेदवारी दिएको हुँ,' उनले भने, 'नेपालका जुनसुकै पार्टीले पनि अब आर्थिक एजेन्डालाई अघि सार्नुपर्छ, देशमा भएका स्रोत साधनलाई सदुपयोग गरेर देश र जनताका लागि आर्थिक उन्नति गर्नुपर्छ भन्ने मेरो एजेन्डा हो।'

युवा नेता तथा उद्यमी किरण केसीले पनि केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छन्। कास्की-२ बाट महाधिवेशन प्रतिनिधि निर्वाचित केसीले युवालाई रोजगारी, उद्यम तथा व्यवसायसँग जोड्ने एजेन्डासहित उम्मेदवारी दिएको बताएका छन्। 'युवालाई राजनीति र उद्यममा जोड्न सकिन्छ भनेर कांग्रेस केन्द्रीय सदस्य बन्न खोजेको छु,' उनले भने। बैंकिङ, बिमा, जलविद्युत् र निर्माण क्षेत्रमा सक्रिय उनी केसी ग्रुप अफ कम्पनिजका निर्देशक हुन्।


**ज्योतिको घर नेपाल**
**गोकर्णेश्वर नगरपालिका वडा नं. ६ नारायणटार, काठमाडौं**

**बोलपत्र आव्हान सूचना**

**सूचना प्रकाशत मिति २०८३/०६/०९**

यस ज्योतिको घर नेपालद्वारा सञ्चालित बालगृहको कम्पाउण्ड भित्र आवश्यक पर्ने तपसिलमा उल्लेखित जस्ता र ट्रसको छाना बनाउन सम्बन्धित सबैमा जानकारीको लागि सूचना जारी गरिएको छ । जानकारी र सम्पर्कको लागि केन्द्रिय कार्यालय सम्पर्क नम्बर ०१४५१२१०३, ०१४५१६८२४

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १. | जस्ता UPVC डबल जालिवाला 3mm को | ३४५३ |
| २. | 2 Inch को ट्रस 1.8mm | SQ |
| ३. | 4 Inch को पोल 2mm | |
| ४. | 1.5 Inch को राफ्टर 1,8mm | |
| ५. | रङ इनामेल | |
| ६. | भेन्टीलेशन फ्यान | ४ |



डाक्नेश्वरी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
पातो, सप्तरी

**औषधी आपूर्ति सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३।०६।२२

यस नगरपालिकाको लागि आवश्यक औषधी तथा सर्जिकल सरसामानहरू शिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इजाजत पत्र प्राप्त ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट निम्न शर्तहरूको अधिनमा रही चालु आ.व. २०८३/०८४ को लागि रित पूर्वक ७ (सात) दिने शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरूले डाक्नेश्वरी नगरपालिकाको कार्यालय, पातो, सप्तरीको स्वास्थ्य शाखामा शिलबन्दी दरभाउपत्र प्रस्ताव दर्ता गर्न हुन सुचित गरिन्छ। अन्य थप जानकारीका लागि यस डाक्नेश्वरी नगरपालिकाको सूचना पाटी, वेबसाईट https://dakneshworimun.gov.np तथा कार्यालय समय भित्र यस कार्यालयको स्वास्थ्य शाखामा सम्पर्क राख्न सकिनेछ।

**तपसिल**

| सि.नं. | ठेक्का आई.डि. | विवरण | लागत अनुमान (मु.अ.कर समेत) रु. | शिलबन्दी दरभाउपत्र दस्तुर रु. | शिलबन्दी दरभाउपत्र जमानत रकम रु. |
|---|---|---|---|---|---|
| १. | DKMUN-SQ-GOODS-01-2083-84 | Supply & Delivery of various type of Medicines & Surgical Goods | ३४,६४,९९२।८५ | १,०००।०० | १,००,०००।०० |

प्रमुख प्रशासकीय अधिकृत


## सडक-पुल नबन्दा आमाछोदिङ्मोमा...

तर कत्ति पनि बेच्न नपाइएको तामाङको भनाइ छ। गत्लाङमा करिब चार सय घरधुरीले व्यावसायिक तरकारी खेती गरिरहेका छन्। हाल गत्लाङबाट स्याफ्रुसम्म पैदल यात्रा गर्नुपर्छ। स्याफ्रुमा बल्ल तुइन बनेको छ। बेलिब्रिजका लागि जग हाल्ने काम भइरहेको विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ। गत आर्थिक वर्षमा करिब १० लाख रुपैयाँको तरकारीको बिउ किनेर वितरण गरिएको आमाछोदिङ्मो गाउँपालिका उपाध्यक्ष चण्डिका तामाङले बताइन्। 'सडक नबन्दासम्म पालिकाले केही गर्न सक्ने अवस्था छैन। तरकारी बेच्ने सिजनमै सडक नभएपछि किसानहरू अप्ठ्यारोमा परेका छन्,' उनले भनिन्।

यहाँका किसानको मुख्य पेसा नै तरकारी भएकाले करिब पाँच हजार जनसंख्या प्रभावित हुने पालिकाले जनाएको छ। यस वर्ष सात-आठ करोडको तरकारी निकासी गर्ने पालिकाको तयारी थियो। किसानको तरकारी खेर गयो भने सरकारले अनुदानको व्यवस्था गर्नुपर्ने पालिकामै सबैभन्दा धेरै तरकारी उत्पादन हुने वडा नम्बर ३ का अध्यक्ष तामाङको माग छ। बेत्रावतीसम्म अवरुद्ध सडक खोल्ने काम भइरहेको सरकारले जनाएको छ। सडक सञ्जाल र पुल निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने गृह मन्त्रालयअन्तर्गत विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सुझाएको छ। 'आमाछोदिङ्मो, गोसाइँकुण्ड र उत्तरगया गाउँपालिकाका क्षेत्रका साथै धुन्चे बजार, धुन्चे अस्पताल र धादिङ सदरमुकामलाई जोड्ने सडक तथा पुल सञ्जालको पुनःस्थापना अत्यावश्यक छ,' प्राधिकरणको सुझाव छ, 'धुन्चेदेखि बेत्रावतीसम्मको सडकमार्ग सञ्चालन कार्य अन्तिम चरणमा पुगेको छ। बेत्रावतीमा बेलिब्रिज निर्माणको कार्यसमेत प्रारम्भ गरिएको छ।'


**UAE स्थित SPARK SECURITY कम्पनीमा SECURITY GUARD हरूलाई रोजगार**

पुर्व स्वीकृती मिति: २०८३/६/२१ | चलानी नं.: ६०२६२२५९ | LT No.: 349141

**Spark Security Services - Sole Proprietorship L.L.C.**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | SECURITY GUARD PSBD | 100 | 100 | काममा दक्ष | 2000 | ८४,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

**Basic Salary AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 (रू. १,१६,४२५/-) भन्दा माथी कमाउन सकिनेछ।**

▸ SLC पास हुनु पर्नेछ साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्ने छ। ▸ उमेरको हकमा २२ वर्ष भन्दा माथी ४० वर्ष ननाघेको हुनु पर्नेछ। ▸ उचाई कम्तीमा ५ फिट ७ ईन्च भन्दा माथी हुनु पर्नेछ। ▸ X-Army, Police, Gulf तथा Civil Security मा कम्तीमा ३ बर्ष कामको अनुभव हुनुपर्नेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८३ असोज २९ गते (15 Oct., 2026) यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ।**

**MAITRI OVERSEAS PVT. LTD.**
Omnagar, Sinamangal - 09, Kathmandu. Tel.: 01 - 5929486, 9851380047
9700338244, 9700053531 E-mail : documentationmaitri@gmail.com
Govt. Lic. No.: 1809/082/83

## पूर्वप्रधानन्यायाधीश...

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयका उच्च अधिकृतहरूको दाबीअनुसार, भट्टलाई थुनामुक्त गराउन पूर्वप्रधानन्यायाधीश जबरासमेतको संलग्नतामा योजना बनेको थियो । त्यस क्रममा भट्ट परिवारका एक सदस्यले बिचौलिया सापकोटासँग कुराकानी गरेका थिए ।

त्यहीबीचमा भट्टका तर्फबाट सर्वोच्च अदालतमा विशेष अदालत र उच्च अदालत पाटनले पुर्पक्षका लागि थुनामा राख्न दिएको आदेशविरुद्ध निवेदन पुगेको थियो । बैंकिङ कसुरमा ४२ करोड १८ लाख ८८ हजार ८ सय ७ रुपैयाँ र सम्पत्ति शुद्धीकरणको कसुरमा २६ अर्ब ६३ करोड २७ लाख रुपैयाँ बिगो दाबी भएको मुद्दामा उनलाई थुनामा पठाउने आदेश भएको थियो । तर, सर्वोच्चमा परेको निवेदनमार्फत छुटाउने गरी चलखेल भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अधिकारीहरूको दाबी छ । त्यो निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्चले ११ साउनमा भट्टलाई थुनामा पठाउनुको कारण र आधारसहितको कैफियत प्रतिवेदन मगाउने आदेश दिएको थियो ।

'पूर्वप्रधानन्यायाधीश जबरा र भट्टबीच प्रत्यक्ष कुराकानी भएको होइन तर बीचमा आएका इनम सापकोटाले दुवै पक्षसँग मध्यस्थकर्ताका रूपमा भूमिका खेलेको देखिन्छ,' अनुसन्धानमा संलग्न एक अधिकृतले भने, 'परिवारको सदस्यले सापकोटालाई फोन गर्ने अनि उनले पूर्वप्रधानन्यायाधीशलाई सबै रिपोर्ट गर्ने गरेको देखिन्छ ।' पूर्वपत्रकारसमेत रहेका तिमिल्सिना र थपलिया पनि त्यहीबीचमा जोडिने गरेको ती अधिकृतको दाबी छ । बस्नेतलाई चाहिँ अदालत र अन्य मामिलामा चलखेल गर्ने पात्रका रूपमा अनुसन्धान अधिकृतहरूले उल्लेख गरेका छन् ।

जिल्ला प्रहरी परिसर, काठमाडौं स्रोतका अनुसार, इनमले केही रोचक बयान दिएका छन् । 'बयानका आधारमा थप केही व्यक्तिहरू पनि छानबिनमा तानिने सम्भावना छ,' ती अधिकृतले भने । सापकोटाको मोबाइल फोन विश्लेषणबाट समेत केही शंकास्पद विवरण फेला परेका छन् । त्यही आधारमा सशस्त्र प्रहरी बलका प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) वंशीराज दाहालसमेत निलम्बनमा परेका हुन् ।

११ असोजको बिहान २ बजे उपत्यका अपराध अनुसन्धान कार्यालयमा पूर्वप्रधानन्यायाधीश जबरालाई पुऱ्याउनेबित्तिकै एआईजी दाहाल उनलाई भेट्न पुगेका थिए । राति ३ बजे पुगेका उनी बिहान ५ बजे मात्र फर्किएका थिए । त्यसलाई नोटिसमा लिएका गृहमन्त्री सुधन गुरुङसमक्ष उनले इनम सापकोटासँग समेत कुराकानी गर्ने गरेको ब्रिफिङ पुगेको थियो । त्यस क्रममा म्यासेज कुराकानीका केही स्क्रिनसटसमेत पुगेको अधिकृतहरूको दाबी छ । 'त्यसपछि सुरक्षासँग सम्बन्धित संवेदनशील सूचना चुहावट गरी आचरणविपरीतका कार्य गरेको' भन्दै उनलाई निलम्बन गरिएको थियो ।

निलम्बित एआईजी दाहालमाथि छानबिन गर्न अर्का एआईजी अञ्जनीकुमार पोखरेलको नेतृत्वमा समिति बनेको छ । निलम्बनअघि सोधिएको स्पष्टीकरणको जवाफमा दाहालले आफू 'नातेदार' भएका हिसाबले मात्र भेट्न गएको बताएका थिए । तर, सशस्त्र प्रहरी बलका प्रमुख आईजीपी नारायणदत्त पौडेलले भेटअघि दाहालले आफूलाई जानकारी नदिएको ब्रिफिङ मन्त्रालयमा गरेको स्रोतको दाबी छ । 'आईजी साबले भेटपछि मात्र एआईजी दाहालले जानकारी गराएको भन्नुभयो, त्यसपछि इनमसँग सम्बन्ध, सम्पर्क रहेको विषय उहाँको जानकारीमै रहेनछ,' मन्त्रालय स्रोतले भन्यो ।

अनुसन्धानमा संलग्न अधिकृतहरूका अनुसार, सापकोटाको सम्बन्ध एआईजी दाहालसम्म मात्र सीमित छैन । नेपाल प्रहरीका केही उच्च अधिकृतहरूले समेत उनीसँग कुराकानी गर्ने गरेको फेला परेको छ । 'कतिपयले भेटौं भन्दै उनीसँग समय मागेको देखिन्छ भने कतिपयले नियमित फोन गर्ने गरेको देखिएको छ,' अनुसन्धानमा संलग्न एक अधिकृतले भने, 'सम्पर्क हुनु मात्रै त ठूलो कुरा भएन तर त्यसबाट उच्च अधिकारीले प्राप्त गर्ने सूचना दुरुपयोग भयो कि भएन भन्ने मुख्य कुरा हो ।'

## नेपालका लागि...

प्रधानमन्त्री कार्यालयमा रहँदा उनले दक्षिण एसियाली छिमेकी मुलुक, पूर्वी एसिया, हिन्द-प्रशान्त क्षेत्र, खाडी, मध्यपूर्व र अफ्रिकी मुलुकसँगको भारतको सम्बन्धबारे हेरेका थिए । व्यापार तथा आर्थिक कूटनीतिमा समेत अनुभव भएका दलेलासँग भारतीय वाणिज्य मन्त्रालयमा व्यापार नीतिसम्बन्धी निर्देशकका रूपमा काम गरेको अनुभव पनि छ । विश्व व्यापार संगठनस्थित भारतीय स्थायी नियोगमा पनि उनले दुई पटक जिम्मेवारी सम्हालेका थिए । सन् २०१४ देखि २०१६ सम्म उनी त्यहाँ भारतका उपस्थायी प्रतिनिधि थिए ।

अमेरिकामा उनले सिकागोस्थित भारतीय महावाणिज्यदूत तथा वासिङ्टनस्थित भारतीय दूतावासमा राजनीतिक मामिलाका मन्त्री र उपप्रमुखका रूपमा समेत काम गरेका थिए । हाल दलेला भारतीय विदेश मन्त्रालयका आर्थिक सम्बन्ध सचिव छन् । उनले १ सेप्टेम्बर २०२५ देखि उक्त जिम्मेवारी सम्हाल्दै आएका छन् । आर्थिक कूटनीति, विकास साझेदारी, अफ्रिकासँगको सम्बन्ध र बहुपक्षीय आर्थिक सम्बन्ध उनका प्रमुख कार्यक्षेत्र हुन् । नेपालसँगको सम्बन्ध र दक्षिण एसियाली मामिलामा प्रत्यक्ष अनुभव भएका दलेलाको प्रस्तावित नियुक्तिलाई नेपाल-भारत सम्बन्धका दृष्टिले महत्त्वपूर्ण मानिएको छ ।

# कांग्रेसको खुला प्रतिस्पर्धामा महिला न्यून

### सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री पदमा खुलातर्फ महिला प्रतिस्पर्धी छैनन्, ४५ खुला केन्द्रीय सदस्यका ९२ उम्मेदवारमध्ये बागलुङकी कविता तिवारी गैरे मात्रै महिला, ३५ वर्षमुनिका खुला युवामा उषा सापकोटाबाहेक सबै पुरुष

**सुदीप कैनी** (काठमाडौं)

कांग्रेसको नेतृत्व तहमा आरक्षणबाट महिला आउने सुनिश्चित भए पनि खुला प्रतिस्पर्धामा अघि सर्ने महिलाको संख्या अत्यन्तै न्यून छ । पदाधिकारीमा आरक्षित (महिला र समावेशी) बाहेकका पदमा महिलाको उम्मेदवारी परेको छैन । केन्द्रीय कार्यसमिति सदस्यमा भने महिलाका लागि आरक्षितबाहेकका पदमा १२ जनाले मात्र उम्मेदवारी दिएका छन् ।

१५ औं महाधिवेशनले सभापतिदेखि केन्द्रीय सदस्यसम्मका विभिन्न पदमा २ सय ३१ जनालाई निर्वाचित गर्दै छ । महिलाका लागि उपसभापति, महामन्त्री, सहमहामन्त्री र सदस्यमा गरी ६९ सिट सुरक्षित गरिएको छ । आरक्षणले सुरक्षित गरेका पदबाहेक खुला र अन्य समावेशी 'क्लस्टर' मा महिला उम्मेदवारको संख्या करिब ७ प्रतिशत मात्र छ । महिलाकै लागि आरक्षित पदमा भने तोकिएभन्दा दोब्बर/तेब्बर संख्यामा महिलाको उम्मेदवारी परेको छ ।

महाधिवेशन उद्घाटनमा सभापति गगन थापाले विभिन्न तहका कार्यसमितिमा महिलाको कोटा वृद्धि गरेको जनाउँदै आगामी स्थानीय तह निर्वाचनमा कम्तीमा १ सय महिलालाई नगरपालिका र गाउँपालिकाको मेयर/अध्यक्षको उम्मेदवार बनाउन चाहेको बताएका थिए । विधानले केन्द्रदेखि वडा तहसम्ममा कार्यसमितिमा एकतिहाइ महिला रहने सुनिश्चित गरेको छ । निर्वाचनबाट आउन नसके सभापतिले मनोनयन गरेर एकतिहाइ संख्या पुऱ्याउनुपर्ने व्यवस्था गरिएको छ । केन्द्रमा मात्रै सभापतिले ६६ सदस्य मनोनयन गर्ने अधिकार छ ।

कांग्रेस केन्द्रीय कार्यसमितिमा पदाधिकारीतर्फ २० जनालाई महाधिवेशनले चुन्छ । सभापति एक, वरिष्ठ उपसभापति एक, उपसभापति चार, महामन्त्री तीन र सहमहामन्त्रीका ११ जना महाधिवेशनबाट चयन हुने व्यवस्था विधानमा छ । त्यसमध्ये उपसभापतिमा दुई खुला, एक महिला र एक समावेशी पद छन् । महामन्त्रीमा दुई खुला र एक महिला पद तथा सहमहामन्त्रीमा दुई खुला, एक महिला र आठ विभिन्न समावेशी क्लस्टरका पद छन् । एक महिलासहित चार सहमहामन्त्री र एक कोषाध्यक्ष सभापतिले मनोनयन गर्ने व्यवस्था छ ।

महिलाका लागि छुट्याइएको उपसभापति पदमा पुष्पा भुसाल एकल उम्मेदवार छिन् । महिला महामन्त्रीतर्फ डिला संग्रौला (पन्त), महालक्ष्मी उपाध्याय 'डिना' र रीता खनाल प्रतिस्पर्धामा छन् ।



'एक तहको नेतृत्वमा पुगेर क्षमता बनाइसकेका महिलाले आरक्षण कोटाबाट मात्र चयन हुने आकांक्षा राख्नु हुँदैन, महिला खुला प्रतिस्पर्धामा आउन डराउनु दुर्भाग्यपूर्ण हो

● **कविता गैरे**
खुला केन्द्रीय सदस्य उम्मेदवार



'मेरो उम्मेदवारीको सन्देश महिला प्रतिनिधित्व बढाउनुपर्छ भन्ने पनि हो, महिलालाई एकतिहाइ वा ३३ प्रतिशतमा सीमित गरेर मात्र पुग्दैन, महिलाको प्रतिस्पर्धा बढाउनुपर्छ

● **उषा सापकोटा**
३५ वर्षमुनिका खुला युवाकी उम्मेदवार

महिला सहमहामन्त्रीतर्फ नानुमैया बाँस्तोला र प्रतिमा गौतम मैदानमा छन् । तर आरक्षित महिला पदाधिकारीको सीमाभन्दा बाहिर पनि केही महिला नेतृत्वको दाबीमा छन् । समावेशी उपसभापतिमा सीता गुरुङ, दलित सहमहामन्त्रीमा लक्ष्मी परियार तथा मधेशी सहमहामन्त्रीमा नगिना यादव, किरण यादव र मुक्ताकुमारी यादव उम्मेदवार छन् ।

राजनीतिशास्त्री तथा विश्लेषक सुचेता प्याकुरेल महिलालाई आरक्षण कोटामा मात्रै सीमित गर्न खोजिनु दुःखद पक्ष रहेको टिप्पणी गर्छिन् । 'कांग्रेसमा पुनःसंरचना भन्दै गर्दा उसको संस्कृति, संस्कार, परम्परा, दृष्टिकोणमा परिवर्तन आउनुपर्छ । महिलाको उम्मेदवारीले त्यसमा परिवर्तन आउन सकेको देखाएन,' उनले भनिन् ।

प्याकुरेल महिलालाई कोटामा मात्र सीमित गर्नु नहुने बताउँछिन् । 'महिलाको जनसंख्या ५१ प्रतिशत छ । उनीहरूको साक्षरता बढेको छ । कांग्रेसभित्र पनि महिला नेता छन् । उनीहरूलाई खुला प्रतिस्पर्धाका लागि प्रोत्साहन गर्नुपर्थ्यो,' उनले भनिन्, 'थापाको नेतृत्वमा कांग्रेसमा पुस्तान्तरण भएको भनिए पनि महिलाका विषयमा दृष्टिकोण बदलिन नसकेको हुन सक्छ । अझै पुरानै सोच छ । पुरुषवादी, पितृसत्तावादी सोच छ । नयाँ नेतृत्वले महिला नेतृत्वलाई ल्याउन सकेन । समाजवादी प्लाटफर्म बन्न सकेको छैन ।'

कांग्रेसको संस्कृति, संस्कार, परम्परा र दृष्टिकोणका कारण महिलामा खुला प्रतिस्पर्धा गर्ने आत्मविश्वास आउन नसकेको हुन सक्ने प्याकुरेलले औंल्याइन् । 'पार्टीभित्रका दाइभाइले दबाब दिएको पनि हुन सक्छ । महिलाले आँट गर्दा पछाडि धकल्ने प्रवृत्ति विगतदेखि नै देखिन्छ । त्यसलाई कांग्रेसले तोड्न सकेको छैन,' उनले भनिन् ।

खुला केन्द्रीय सदस्यमा ४५ सिट छ जसमा एक महिला प्रतिस्पर्धी कविता तिवारी (गैरे) छिन् । त्यस पदका लागि ९१ पुरुष चुनावी मैदानमा छन् । वालिङ नगरपालिकाकी उपप्रमुखसमेत रहेकी गैरे पार्टी नेतृत्वमा महिला सहभागिता बढाउन खुलातर्फबाट उम्मेदवारी दिएको बताउँछिन् । 'एक तहको नेतृत्वमा पुगेर क्षमता बनाइसकेका महिलाले आरक्षण कोटाबाट मात्र चयन हुने आकांक्षा राख्नु हुँदैन । म नगरपालिका र गण्डकी प्रदेशको पार्टी नेतृत्वमा पनि छु,' उनले भनिन्, 'अरू महिलाले अवसर पाउँछन् भनेर खुलामा लडेकी हुँ । अरू महिला पनि प्रतिस्पर्धामा आउने आशा थियो । तर त्यस्तो भएन ।'

गैरेले महिला खुला प्रतिस्पर्धामा आउन डराउनु दुर्भाग्यपूर्ण रहेको टिप्पणी गरिन् । 'महिला खुलाबाट पनि अवसर लिन अघि बढ्नुपर्थ्यो तर पुरुष नेताहरूसँग चुनावमा पराजय हुने डरले होला जस्तो लाग्छ,' उनले भनिन् । युवा केन्द्रीय सदस्यतर्फ पनि महिलाको प्रतिस्पर्धा कमजोर छ । ३५ वर्षमुनिका युवा प्रतिनिधित्वका लागि प्रदेशगत खुला पद ७ वटा छन् । यसमा उषा सापकोटा मात्र महिला उम्मेदवार छिन् । बागलुङकी सापकोटाले महिलालाई संख्यामा सीमित गर्नु हुँदैन भनेर आफूले खुलामा उम्मेदवारी दिइएको बताइन् । 'मेरो उम्मेदवारीको सन्देश महिला प्रतिनिधित्व बढाउनुपर्छ भन्ने पनि हो,' उनले भनिन्, 'महिलालाई एकतिहाइ वा ३३ प्रतिशतमा सीमित गरेर मात्र पुग्दैन । महिलाको प्रतिस्पर्धा बढाउनुपर्छ ।'

प्रदेशगत महिला र युवा महिला कोटा छुट्टै छन् । सातै प्रदेशबाट एक-एक गरी सात महिला तथा ३५ वर्षमुनिका युवा महिलाका लागि थप सात पद सुरक्षित छन् । उमा बादी, कुमारी हायू र सन्जाकुमारी दनुवार अल्पसंख्यक तथा इन्दिरा खनाल र मैना कार्की रावल सहिद परिवारतर्फ उम्मेदवार छन्, जहाँ उनीहरू पुरुष उम्मेदवारसँग चुनावी प्रतिस्पर्धा गर्दै छन् । पेसागत, विषयगत ५ केन्द्रीय सदस्यको खुलातर्फ ५ पदका लागि ४० जनाले उम्मेदवारी दिँदा एक जना पनि महिला छैनन् ।

खुला प्रतिस्पर्धामा महिला कम देखिए पनि महिला क्लस्टरमा चर्को प्रतिस्पर्धा हुने देखिन्छ । केन्द्रीय सदस्यतर्फ महिला खुला १५ पदमा ४२ उम्मेदवार छन् । आदिवासी जनजाति महिला ८ पदमा ३६, खसआर्य महिला ८ पदमा ३०, दलित महिला ५ पदमा १७, मधेशी महिला ५ पदमा १४, थारू महिला २ पदमा ७, मुस्लिम महिला २ पदमा ७ र पिछडिएको क्षेत्रको महिला एक पदमा तीन जना प्रतिस्पर्धामा छन् ।

उपसभापति (महिला) मा निर्विरोध भएकी पुष्पा भुसालले समावेशिताको व्यवस्था भएपछि सबैको आम मनोविज्ञान नै आरक्षणमा जाने रहेको बताउँछिन् । 'समावेशिताको अनुभवले आरक्षणबाहिर जान नखोज्ने मनोविज्ञान बनेको छ,' उनले भनिन्, 'नेतृत्व तहमा ल्याउनका लागि समावेशी नतोकी नहुने अवस्था बन्यो । त्यसैले यस पटक कांग्रेसले उपसभापति र महामन्त्रीजस्तो पदमा पनि आरक्षणको व्यवस्था गरेको हो ।'




# अमर कप्तानको अन्तिम नृत्य

## मैदानबाट टाढिनु अगाडि अर्जेन्टिनी कप्तान लियोनल मेसीले अन्तिम पटक समर्थकतिर फर्केर हात उठाए अनि ओझेल परे

ब्युनस आयर्स (एपी)- अर्जेन्टिनाले कहिल्यै नचिताएको वास्तविकता अब सत्य साबित भएको छ, लियोनल मेसीले आफ्नो देशका लागि खेल्ने छैनन् । मंगलबार ३९ वर्षीय मेसीले अन्तर्राष्ट्रिय फुटबलबाट भावपूर्ण बिदाइ लिए । २१ वर्ष र १ सय २६ गोलपछि उनको राष्ट्रिय टोलीको यात्राले विश्राम पाएको छ । त्यसमा दुई कोपा अमेरिका र एक विश्वकप उपाधि पनि छ ।

बेनिनविरुद्ध आफ्नो अन्तिम खेलमा प्राप्त ३-० जितमा मेसीले एक गोल मात्र गरेनन्, अर्को दुई गोलमा सहयोगी भूमिका निभाए । अरू बेला भएको

### मेसीका मुख्य उपाधि

- सन् २०२२ फिफा विश्वकप विजेता
- सन् २०२१ र २०२४ मा कोपा अमेरिका विजेता
- सन् २०२२ मा फाइनलिसिमा विजेता (दक्षिण अमेरिका र युरोपका च्याम्पियनबीच खेलिने प्रतियोगिता)
- सन् २००५ मा विश्व युथ च्याम्पियनसिप उपाधि
- सन् २००८ मा यू-२३ ओलम्पिक स्वर्ण
- सन् २०१४ को विश्वकप उपविजेता
- सन् २०२६ को विश्वकप उपविजेता
- सन् २०१६ को कोपा अमेरिका उपविजेता
- बालोन डी'अर अवार्ड (आठ पटक विजेता)

भए, यो एक सामान्य मैत्रीपूर्ण खेल मात्रै हुन्थ्यो । तर मेसीको अन्तिम खेल भनेपछि फुटबलका लागि पागल हुने देश त्यसमै सम्मोहित रह्यो ।

खेलपछि आफ्नो घरतिर लागिरहेका १७ वर्षीय प्रशंसक भ्यालेन्टिनो रुसाले भने, 'मलाई लाग्छ, एउटा युगको साँच्चै अन्त्य भएको छ । विश्वास नै लाग्दैन, अब मेसीले अर्जेन्टिनाका लागि दोहोर्‍याएर खेल्नेछन् । त्यसैले म दुःखी छु । मलाई लाग्छ, सबै जना आज दुःखी नै छन् । हामी सबैलाई उनको अनुपस्थिति खट्किने छ ।'

अर्जेन्टिनाको यी मेसीसँग प्रायः गहिरो र निष्ठुरी माया छ भन्दा हुन्छ । मेसी भर्खर १३ वर्षका मात्र थिए । लज्जालु एक केटोका रूपमा आफ्नो सहर रोसारियो छाडे र बार्सिलोनाको युथ एकेडेमीमा भर्ना हुन स्पेन लागे । पछि विश्व फुटबलकै सबैभन्दा ठूला स्टार बने । उनको छवि किंवदन्तीका जादुयी पात्रको जस्तो भयो । कुनै समय अर्जेन्टिनाले उनलाई घृणा पनि गर्थ्यो, पछि माया गर्‍यो । आफ्नो देशका लागि खेल्दामा उनको मन कतै त छैन भनेर शंका पनि गरिएको थियो । तर जतिबेला मेसीले आफ्नो अभूतपूर्व अन्तर्राष्ट्रिय खेल जीवन टुंग्याएका छन्, उनको नियतमा अब कसैको दुविधा रहेन ।

वर्षौंको राजनीतिक र आर्थिक उतारचढावबाट गुज्रिरहेको अर्जेन्टिनालाई मेसीले आफ्नो महानता सम्झाउने काम पनि गरेका थिए । अर्जेन्टिनी संस्कृतिमा फुटबलको भूमिकाबारे अनुसन्धान गरिरहेका युनिभर्सिटी अफ सिकागोका विद्वान आन्द्रेस राबिनोभिच भन्छन्, 'अचेल अर्जेन्टिनीहरू भन्ने गर्छन्, भगवान्लाई धन्यवाद छ, म यस्तो समयमा जन्में, जतिबेला मैले मेसीको चामत्कारिक फुटबल हेर्ने मौका पाएँ । अर्जेन्टिनामा जिउनु पनि गाह्रो छ तर फुटबल त्यस्तो माध्यम भएको छ, जसले जो-कोहीलाई केही खुसी र राहत दिन्छ ।'




केही समय त भइसकेको थियो, अर्जेन्टिनीबीच बहस हुन थालेको मेसीले कहिले र कसरी पो विश्व फुटबलबाट संन्यास लिनेछन् ? विश्वकप २०२६ को फाइनलमा स्पेनविरुद्धको खेल गुमाएपछि ३१ अगस्टमा मेसीले भनिहाले, अब राष्ट्रिय टिमबाट बिदा लिने समय आएको छ । यसपछि त अर्जेन्टिनामा कसैले शोक व्यक्त गरे भने कसैले कृतज्ञता । कम्तीमा अहिलेका लागि मेसीले इन्टर मियामीका लागि आफ्नो व्यावसायिक खेल भने जारी राख्नेछन्, अमेरिकामा मेजर लिग सकर खेलिरहने छन् ।

यसबीच उनका साथी रोड्रिगो डे पोलले सामाजिक सन्जालमा लेखे, 'मलाई के थाहा छैन भने मेसीले जस्तो कोही खेलाडीले देशसँगको प्रेम सम्बन्धलाई यसरी महान् बनाएको होस् ।'

बेनिनविरुद्धको खेल मेसीको २०८ औं खेल रह्यो । यसलाई अर्जेन्टिनी फुटबल संघले नाम दिएको थियो, 'द लास्ट ट्याङ्गो' अर्थात् अन्तिम नृत्य । आखिरमा यो राष्ट्रिय बिदाइमै परिणत भयो । ब्युनस आयर्सको सबैभन्दा ठूलो रंगशालामा ८५ हजारभन्दा बढी दर्शक थिए ।

यति धेरै टिकट ९० मिनेटमै बिकेको थियो । यी ६० देखि ३ सय डलरसम्म पुग्ने टिकटको मूल्य २ हजार ५ सय डलरसम्म पनि पुगेको थियो । यही खेल हेर्न आउनेमा सन् १९७८, १९८६ र २०२२ को विश्वकप विजयी अर्जेन्टिनी टिमका सदस्य पनि थिए । खेलको अन्तिम ह्विसल बजेपछि मेसीलाई घेरेर अन्य खेलाडील ताली बनाएर सम्मान प्रकट गरे र उनको आँखा रसाएको पनि देखियो ।

दर्शकदीर्घाबाट लगातार नारा लागिरहेको थियो, 'ओले ओले, ओले ओले, मेसी मेसी ।'

यी समर्थकहरू उफ्रँदै, गाउँदै आफ्ना मेसीप्रति भक्तिभाव पनि देखाइरहेका थिए । मैदानको बीच भागमा एउटा ब्यानर पनि थियो । त्यसमा लेखिएको थियो, 'अमर कप्तान' । मेसीले पछि भने, 'साँचो के हो भने म पहिलेभन्दा बढी बोल्ने भएको छु । म यहाँबाट जान चाहन्न, म यो मैदान छाड्न चाहन्न । यति मात्र भन्न चाहन्छु, म तपाईहरूलाई माया गर्छु, मैले तपाईंहरूलाई सधैं सम्झिरहने छु । म आफू अर्जेन्टिनी हुन पाएकामा भगवानप्रति कृतज्ञ पनि छु ।' यति भन्दा उनी असाध्यै धेरै भावुक देखिए ।

सन् २००० र २०१० को दशकमा मेसीले आफ्नो क्लबका लागि के मात्र जितेनन् र ? यसबीच बार्सिलोनादेखि बंगलादेशसम्म हजारौं लाखौं कट्टर समर्थक पनि कमाए । तर, आफ्नै देशका लागि केही पनि जित्न सकिरहेका थिएनन् । यस्तोमा बाँकी विश्वले उनलाई ठूलै खेलाडीको रूपमा त देख्यो, तर अर्जेन्टिनीले भने उनलाई घरबाहिरको पराइ माने । तिनीहरूको आरोप थियो, मेसीले आफ्नो देशका लागि कहिल्यै त्यति मन लगाएर खेलेनन्, जति बार्सिलोनाका लागि खेले ।

जतिबेला मेसीले खेल्थे, पृष्ठभूमिमा 'डिएगो डिएगो' भनेर नारा लाग्थ्यो । ती दर्शक सन् १९८६ को विश्वकप विजयी अर्जेन्टिनी कप्तान डिएगो म्याराडोनाको नाम जप्थे र मेसीलाई गिज्याउन चाहन्थे । म्याराडोना स्वभाव नै विद्रोही पाराको थियो । त्यसको ठीक विपरीत मेसी शान्त हुने स्वभावका देखिन्थे । त्यसैले पनि उनको देशभक्तिमै शंका उत्पन्न गराएको थियो । सन् २०१६ मा अर्जेन्टिना लगातार तेस्रो ठूलो फाइनलमा हारेपछि मेसीले संन्यास नै लिएका थिए । भलै, त्यो लामो समय टिकेन ।

किशोर अवस्थामा आफैं बसाइँ सरेका तिनै राबिनोभिच भन्छन्, 'आम अर्जेन्टिनीबीच विदेश गएकाप्रति असन्तोषको भावना हुने गर्छ । उनीहरूलाई डर हुने गर्छ, कतै विदेश गएका जति राम्रा त भएनन् ?' सन् २००१ तिर अर्जेन्टिना चर्को आर्थिक संकटमा परेको बेला राबिनोभिचले देश छाडेका थिए, क्यानडा गन्तव्य बनाएर । लगभग त्यही बेला मेसी पनि बार्सिलोनातिर लागेका थिए । त्यही बेला तिनै आम समर्थक भन्ने गर्थे, 'म्याराडोना पो पक्कापक्की अर्जेन्टिनी हुन्, मेसी त लजाजु स्पेनी केटो हो ।'

परिवर्तन त्यतिबेला आयो, जतिबेला सन् २०२१ मा अर्जेन्टिनाले ब्राजिललाई हराएर कोपा अमेरिकाको उपाधि जित्यो । दक्षिण अमेरिकी फुटबलको सबैभन्दा ठूलो प्रतियोगिता अर्जेन्टिनाले २८ वर्षपछि जितेको थियो । त्यो सफलतायता साथीले अँगालो मार्न खोज्दा मेसी मैदानमै ढलेका थिए । त्यसै पनि मेसीमाथि आरोप थियो, यी खेलाडी कम बोल्छन् र आफ्ना भावना बाहिर देखाउने काम गर्दैनन् । तर तिनै मेसी त्यतिबेला रोइरहेका थिए । त्यहींबाट आम अर्जेन्टिनीको मन फेरियो ।

अर्जेन्टिनाको राष्ट्रिय वैज्ञानिक अनुसन्धान परिषद्का खेल समाजशास्त्री डिएगे मुर्जी भन्छन्, 'यो जितले उनका आलोचनालाई निरुत्तर बनाइदियो । अर्जेन्टिनी फुटबलमा हुने यस्तै हो, मैदानबाहिरको माया र घृणा मैदानभित्रको नतिजाले तय गर्ने गर्छ ।'

त्यसपछि अर्जेन्टिनाले कतारमा भएको विश्वकप के जित्यो, मेसी ठूलै नायक भए । लाखौं अर्जेन्टिनीले त्यो खुसीमा सडकमा ओर्लिएर आफ्नो प्रशन्नता देखाए । उनीहरू सबैले मेसीको नाम जपिरहेका थिए र जर्सीमा १० नम्बर अंकित थियो ।

अर्जेन्टिनाका एक पुस्ता म्याराडोनाका खेल हेरेर हुर्केबढे । अहिले तिनका छोराछोरी मेसीको खेलमा दंग छन् । अर्जेन्टिनी संस्कृति र फुटबलबारे लेख्ने युनिभर्सिटी अफ साउथ फ्लोरिडाको प्रोफेसर पाब्लो ब्रेसिया भन्छन्, 'म्याराडोना जस्तै अब मेसी पनि अर्जेन्टिनामा उत्तिकै बराबरका अद्वितीय पात्र भएका छन् । म्याराडोना जसरी दोहोर्‍याएर आएनन्, त्यसरी नै अर्को मेसी पनि देखा पर्ने छैनन् ।' बेनिनविरुद्धको खेलपछि मेसीले मैदानबाट टाढिनु अगाडि अन्तिम पटक समर्थकतिर फर्केर हात उठाए अनि ओझेलमा परे ।



ब्युनस आयर्सस्थित मोनुमेन्टल स्टेडियममा बेनिनविरुद्ध खेलेर बिदाइ लिएपछि अर्जेन्टिनी कप्तान लियोनल मेसी । तस्बिर : एपी




● LALITPUR Stupa Furniture 9851349388 ● KATHMANDU Vijay Furnishing 9851056139 Halesi Decor 9851216808 Shree PB Furnishing 9860294511 Decor Palace 9802338774 Shivyen Furniture 9851062476 Urban Perch 9802001777 ● BANEPA Maa Chandi furniture 9841102206 ● ITAHARI Rudrakhsya Furniture 9852054856 ● GAIGHAT Pokhrel & Sons 9842878820 ● DHANKUTA Shree Krishna 9852050850 ● NARAYANGHAT Joshi Steel 9855016042 ● BARDIBAS Humagai General 9854041435 ● JANAKPUR Shah Mart 9854022441 ● BIRTAMODE United Traders 9802773755 ● NEPALGUNJ Ambey Furnishing 9858021249 Kalpataru Intl' 9868064964 ● BUTWAL Home Studio 9857031113 ● MAHENDRANAGAR Ugratara Trade 9851112002 ● POKHARA Citizen Furniture 9856021572 ● DANG Prakriti 9857832033 Laxmi Home 9857824976 Benzer 9857821258 Swastik Furnitures 9857831452 ● LAHAN Subham Steel 9852830275 ● MANTHALI Shrestha Decor 9854040207 ● CHAPUR Terai Traders 9851115951 ● DHANGADHI Bibek 9858422256 ● ATTARIYA Decoration Hub 9848427862 ● BIRATNAGAR Niraula 9852083639 Janaki Furniture 9852024324 ● HETAUDA Kamana Suppliers 9855067195 ● DHADING Dhading Furnishing 9841546823 ● HARIWON Kalika Traders 9800858126 ● RUKUM Sahaj Home Decor 9857849479 ● ILAM Gaurav Furnishing 9842673868 ● KHURSANE Laxmi Furnishing 9842542780 ● SURKHET New Prabha 9866896325 ● TRISHULI Bhairabi Furnishing 9843514385 ● CHANADRAUTA Siddhartha Furniture 9857055418 ● SINDHULI Sabal Enterprises 9855026472 ● KHANDBARI New Lotus Trade 9852051945 ● DAMAK Mahalaxmi Furnishing 9842788395 ● DHARAN New Baba Furnishing 9824370184

UQSR Certified ISO 9001:2015 ISO 14001:2015 ISO 14001:2018 MADE IN INDIA Kedia Organisation

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, सम्पादक : कृष्ण आचार्य, प्रधानसम्पादक : गोकर्ण अवस्थी